Agnichakra National Monthly

# अग्निचक्र

www.agnichakranews.com राष्ट्रिय मासिक

ISSN 2362-1109

८६ औं यात्रा

## प्रबुद्ध-वर्गले बुझ्नु पर्ने कुरा यही हो



# शासकहरुको ध्यान जाओस्


HARMONY
HOMECARE
Senior Care Solutions
रोशा श्रेष्ठ, अध्यक्ष
Enriching and dignifying home friendly living for elderly and seniors for Kathmandu valley & beyond
मैत्रीपूर्ण घर
शारीरिक, मानसिक र आत्मियताले अभिप्रेरित
प्रेरणा, करूणा र सम्मानित जीवनशैली
जेष्ठ नागरिकको समग्र सेवाको लागि
नेपालकै उच्चस्तरीय ममतामयी घर
- सफा र स्वच्छ वातावरणमा पारिवारिक माया पाइने ।
- खाना, बस्न तथा २४ सै घण्टा नर्सिङ सेवा ।
- फिजियोथेरापी, डाक्टर, योगा-मेडिटेसन तथा काउन्सिलिङ सेवा ।
- जुनसुकै उमेर समूहका आमा-बुवाको सम्पूर्ण सेवामा हार्मोनी होम केयर ।
- घर- घरमा डाक्टर, नर्स, केयर टेकर, फिजियोथेरापी सेवा ।
- ब्लड, स्टुल-युरिनको कलेक्सन तथा सम्पूर्ण काउन्सिलिङ ।
- नेपालकै एकमात्र र पहिलो ममतामयी घर ।
हार्मोनी होम केयर
बाँसबारी, काठमाडौं ।
(गंगालाल हस्पिटल नजिकै)
फोन : ०१-४३७६८३९/९८४१२६७०३०

वर्ष ९ अङ्क ६ पूर्णाङ्क ८६

By the Grace of God
Edited & Published by L.N. Bhattarai

संरक्षक : प्रभा राज्यलक्ष्मी राणा

Agnichakra National Monthly
अग्निचक्र
राष्ट्रिय मासिक

का.जि.प्र.द.नं. ३२/०६६/६७
स्थायी लेखा नं. (PAN) : ३०३८२५१२२

॥ का.म.न.पा. ३, काठमाडौँ, नेपाल ॥

सम्पर्क कार्यालय :- का.म.न.पा. - ३२, डिल्लीबजार, काठमाडौँ
फोन: ०१-४३७७७१०
९८५१०-४०३३०
agnichakramasik@gmail.com
www.agnichakranews.com

ISSN: 2362-1109

**सम्पादक / प्रकाशक**
लक्ष्मीनारायण भट्टराई

**चिफ एडभाइजर**
दुर्गाप्रसाद आचार्य

**डाइरेक्टर**
गोपाल घिमिरे

**सल्लाहकार**
प्रा.डा. करबीर नाथ योगी
डा. पदमराज पन्त
डा. कमल शर्मा लम्साल
डा. घनश्याम खतिवडा
विनयकुमार शर्मा नेपाल
आर. एच. दाहाल
रोशन श्रेष्ठ
पुण्य आचार्य

**कानुनी सल्लाहकार**
अधिवक्ता लक्ष्मण आचार्य

**व्यवस्थापक**
कमला मिश्र

**संवाददाता / सहयोगी**
के. एम. भट्टराई / वशिष्ठ भलना

**फोटोग्राफर**
अग्निप्रसाद निरौला

**प्रमुख वितरक**
यज्ञ न्यौपाने (उपत्यका)
एन.ए.डिस्ट्रिब्युटर्स (उपत्यकाबाहिर)

**कम्प्युटर लेआउट**
एक्स्ट्रा प्रिन्ट आउट
पुतलीसडक, ९८४१३९६९९८

**मुद्रण**
एस.पी. प्रेस, कामनपा-३१

# समृद्धि सम्भव छ : सबल अर्थतन्त्र निर्माण गर

*राजनीतिमा चासो राख्ने झण्डै ९० प्रतिशत नेपाली जनतालाई राम्रो संग थाहा छ कि, देउवा सरकार अहिले 'काम चलाउ' सरकार हो भन्ने कुरा । अन्य मुलुकमा जस्तै नेपालले पनि शिक्षा र स्वास्थ्य सेवाको सम्पूर्ण जिम्मा लिएदेखि आम नेपाली सुखी हुने थिए नै । तर कम्युनिष्ठ गठबन्धनले निर्वाचनको अभियानमा वृद्धभत्ता मासिक रूपमै ५ हजार रूपैया बनाउने वचन दिएको कुरा सम्झदै 'काम चलाउ' अहिलेको देउवा सरकारले त्यो जस आफैं खानको लागि हतार हतार दीर्घकालीन प्रभाव पर्ने र मुलुकलाई टाट पल्टाउने गरी निर्णयहरू गरेर मन्त्रीपरिषद्बाट घोषणा गर्नुलाई के भन्ने ?*

*देउवा सरकारले कानुन र संविधानको धज्जी उडाएर राजनीतिक इमानदारितालाई पनि तिलाञ्जलि दिन खोजेका त होइनन् ? यस्ता प्रश्न उठ्न थाल्नुले संघीयता नै धरापमा त पर्दैन ? भन्ने अड्कल आजकल हुन थालेको छ - देउवाको कार्यशैलीले । संघीयता भनेको समुदायको शासन हो, यो कुरा देउवाजीहरूले बुझ पचाउँदै गएका छन् र दैनिक प्रशासन संचालन गर्ने एवं संक्रमणकाल भएकाले संविधान कार्यान्वियन गर्न अत्यावश्यक निर्णय गर्ने बाहेक अरू निर्णय गर्ने नैतिक अधिकार यो कामचलाउ सरकारलाई छैन भन्ने कुरा देउवाले लत्याउदै गएका छन् ।*

*हुर्कदै गएको गणतन्त्रलाई देउवाको कार्यशैलीले झन्झन् खराबबाटो तर्फ हिडाउँदै गरेको छ । देशका कर्णधार युवाजगत दिनप्रतिदिन विदेशिन बाध्य भइरहदा र मुलुक उत्पादनबिनाको देश हुने दिशामा अघि बढ्दै जाँदा देउवाको ध्यान दैनिक उपभोग्य वस्तुहरूमा यो राज्यलाई कसरी आत्म निर्भर बनाउन सकिन्छ भन्ने तर्फ ध्यान जानु पर्थ्यो तर उनी मुलुकको अर्थतन्त्रलाई बर्बाद पार्ने मार्गमा लम्किरहेका छन्, देउवाका कारण नेपालीले आफूहरू अभागी हुनु परेको गुनासो गर्नेदिन अब टाढा छैन । सबै जसो आर्थिक परिसूचक श्रृणात्मक भएको देखिएका बेला देउवा सरकार चाहि जथाभावि निर्णय गरेर बसिरहेको छ । बढ्दो आयात नियन्त्रण गर्ने दिशामा लाग्नु पर्नेमा मुलुक नै टाट पल्टाउने मार्गमा अघि बढेर देउवा सरकारले ठूलो गल्ती गर्दैछ ।*

*त्यसैले, समग्र राष्ट्रको उत्थानमा अब सबैजना लाग्नु पर्दछ । अब बन्ने नयाँ सरकारले परिवर्तनकारी निर्णय गर्दै जानु पर्दछ । देउवाले निर्णय गरेका मुलुक टाट पल्टाउने कदमलाई अब बन्ने नयाँ सरकारले त्यस्ता निर्णयहरू उल्टाएर मुलुकलाई समृद्ध बनाउने बाटो तर्फका निर्णयहरू गर्नु पर्दछ । राजनीतिक शक्तिका आधारमा राज्यको दोहन गर्ने संस्कार सधैका लागि बन्द गर्नुपर्छ । देशका आम नागरिकको हितका लागि सरकार केन्द्रित हुनुपर्छ । "पार्टीका कार्यकर्ता पाल्न राज्यको ढुकुटी निरन्तर दोहन" गर्ने प्रवृत्ति सधैका लागि बन्द गर्नुपर्छ । समृद्धि सम्भव छ, सबल अर्थतन्त्र निर्माणमा सबैको चासो जाओस्, अग्निचक्रको अनुरोध यही हो ।*

॥ जय गोरख ॥




## ॐ सत्‌गुरू वन्दना

गोरक्ष् बालम् गुरुशिष्य पालम् ।
शेषः हिमालम् शशीखण्ड भालम् ॥
कालष्य कालम् जिताजन्म जालम् ।
वन्दे जटालम् जगदाव जालम् ॥

ॐ भूर्भुवः स्वः
तत्सवितुर्वरेण्यं
भर्गो देवस्य धीमहि ।
धियो यो नः प्रचोदयात् ।।

**भावार्थः**

प्राण-स्वरूप, दुःख नाशक, सुख स्वरूप श्रेष्ठ, तेजस्वी, पाप नाशक, देवस्वरूप




परमात्मालाई हामी धारण गर्न सकौं र धारण गरिएका परमात्माले हाम्रो बुद्धिलाई सत्मार्गमा अभिप्रेरित गरिदिऊन् ।

## डा. न्यौपानेको महत्व

अग्निचक्र मासिक ०७४ पुष अंकमा सम्पूर्ण मानवका निम्ति कल्याण चाहने डा. प्रेमराज न्यौपानेको बारेमा कभर पेजमै महान् वाणी समेत सजाइएको मनमोहक कलर डिजाइन देख्न पाएर म गद्‌गद् भएको छु । कभर पेजमा कलर अक्षरमा "विश्व कल्याणको महान् अभियानमा समर्पित डा. प्रेमराज न्यौपाने र उहाँको अबिरल प्रयास" लेखिएको कलर डिजाइन र त्यसमा देखाइएको सांकेतिक दृश्यहरू साह्रै नै राम्रो र सन्देशवाहक लाग्यो । अन्तिम भित्री कलर पेजमा पुनः "विम्ब विधाका स्रष्टा तथा महान् वैज्ञानिकको व्यक्तिगत विवरण" भनेर डा. प्रेमराज न्यौपानेज्यूको सम्पूर्ण व्यक्तिगत विवरण प्रस्तुत गरेको यस पटकको अग्निचक्र मासिक अध्ययन गर्दा डा. न्यौपानेलाई यो राष्ट्रले चिन्न नसकेको रहेछ भन्ने लाग्यो । राजनीतिक भागवण्डामा कार्यकर्तालाई भर्ती गर्ने नालायक सरकारले एकजना मात्रै भएपनि यी डा. न्यौपानेलाई शान्ति दूतका रूपमा विश्वकल्याणका लागि प्रमुख अभियन्ता बनाएर बुद्धको देशबाट दूत बनाएर सारा विश्व जगतमा शान्तिको सन्देश फैलाउन नियुक्त गरी तुरून्तै पठाउँनु पर्छ भन्ने मलाई लागेको छ । अग्निचक्र पढिसकेपछि डा. न्यौपानेबारे इन्टरनेट सर्च गर्दा मैले डा. प्रेमराज न्यौपाने ज्यूको कल्याण महोत्सव पनि पढ्ने र बुझ्ने अवसर पाएँ । यी सबै कुरा बुझ्दा नेपाल सरकारले अबिलम्ब डा. न्यौपानेलाई शान्तिदूत घोषणा गरोस्, यही छ मेरो अनुरोध देउवा ज्यूलाई !!

**– प्रविण खत्री,** दुवाकोट भक्तपुर




## चलचित्र स्तम्भ पनि चाहियो

म अग्निचक्र राष्ट्रिय मासिकको विगत ९ वर्ष देखिको नियमित पाठक हुँ । नौ वर्ष देखि अहिलेसम्म विचार गर्दा अग्निचक्रले सकभर सबै क्षेत्रलाई समेट्ने कोशिश गरेकाले गर्दा नै नौ वर्ष पार गरेर सफलताको साथ अघि बढिरहेको थाहा पाउन सकिन्छ । लामो गनथन जति लेखे पनि अग्निचक्रको बारेमा तारिफ नै गर्न मन लाग्दो रहेछ । त्यसैले धेरै तारिफ नगरीकन पुष ०७४ को अंकबाट नै एउटा सुझाव पस्कन चाहन्छु । वर्ष ९, अंक ५, पूर्णाङ्क ८५ सरसर्ती हेर्दै जादा कभर पेज पनि राम्रो लाग्यो । सम्पादकीय झनै राम्रो । पेज नं. ६ मा प्रकाशित स्वास्थ्य स्तम्भ "गर्भावस्थामा रक्तचाप" पनि सन्देशमूलक नै लाग्यो । पेज ७ मा प्रकाशित दुर्गा प्रसाद आचार्य ज्यूको राजनीतिक दृष्टिकोण पनि उत्कृष्ठ नै लाग्यो । पेज ८ र ९ मा प्रकाशित स्रष्टा संवाद पनि ठीकै नै छ । पेज १० र ११ को संस्था गतिविधिले पनि पूर्वी नेपाललाई समेटेको पाइयो । त्यस्तै शोधग्रन्थ तयार गर्ने डा. लामिछानेको पनि पेज १२ देखि १४ सम्म मन पर्‍यो । पेज १५ मा प्रकाशित समाचार र कविता पनि राम्रै छ । पेज १६ र १७ मा प्रकाशित केवलकार बारेको विश्लेषण पनि राम्रै नै जानकारीमूलक छ । पेज २० र २१ को "सूर्यमहिमाको महिना पौष" त झनै आध्यात्मिक छ । अंग्रेजीका पाठकलाई राखिएको पेज २२ र २३ पनि उत्कृष्टै छ । त्यस्तै २४ देखि २६ सम्मको पुस्तक चर्चा तथा आध्यात्मिक ज्ञान झनै राम्रो छ । पेज २७ त अति नै राम्रो किसिमले समाचार प्रस्तुत गरिएको रहेछ । पेज २८ देखि ३३ सम्मको समालोचना पनि ज्ञानवर्द्धक नै छ । पेज ३४ र ३५ को समसामयिक जानकारी पनि राम्रो छ भने पेज ३६ को उपनिषत् त झनै राम्रो छ । तर चलचित्र स्तम्भ कतै देखिएन । त्यसैले चलचित्र स्तम्भ पनि चाहियो भन्न चाहन्छु ।

**– रामदीप थापा,** काभ्रेस्थली



दृष्टिकोण – **दुर्गाप्रसाद आचार्य**

# सस्तो लोकप्रियतामा हौसिएका देउवा वाम गठबन्धनलाई सास्ती

राजीनामा दिएर इमान्दारिताको राजनीति गर्नु पर्नेमा शेरबहादुर देउवाले एकपछि अर्को निर्णय गर्दै सरकारको नेतृत्वमा बसिराखेका छन् साथै नैतिकताको आधारमा कांग्रेस सभापति पदबाट पनि हात झिक्नु पर्नेमा पद लोलुपताको रसमा डुबेर अनैतिक काम गरिरहेको देखेर कांग्रेसी कार्यकर्तामा खुल्दुली मच्चिदै गइरहेको छ । देउवाले आफूले नेतृत्व गरेको कांग्रेस र आफ्नो मातृभूमि नेपाल दुवैलाई यस किसिमको हर्कत गरेर दिशाहीन बनाउन खोजिरहेका छन् । गैर जिम्मेवार कार्यमा देउवालाई उक्साउने केही तत्वहरू अझै सल्बलाइ रहेका छन् । असन्तुलित एवं बुद्धिहीन ढंगले अराजनीतिक र अनैतिक काम गर्दा मुलुक बरवादीको मार्गमा जान सक्छ भन्ने हेक्का देउवालाई छैन कि क्या हो ! कांग्रेस बचाउने र मुलुकको हित गर्ने बाटोमा लाग्न देउवालाई सल्लाह दिने कांग्रेसमा कोही छैनन् र ?

दूरगामी असर पार्ने निर्णय गरेर देउवा सरकारले अलिअलि लोकप्रियता हासिल गर्ने कोसिस गर्दैछ तर अन्ततः यस्ता निर्णयले आगामी ओली–प्रचण्ड सरकारलाई काम गर्ने जटिल बनाउने संकेत छर्लङ्ग देखिँदैछ । देउवा सरकारका निर्णयहरू जस्ताको तस्तै लागु गर्ने हो भने वाम गठबन्धनलाई वित्तीय र अन्य अराजकता तर्फ मुलुकलाई धकेलेका हुन् कि क्या हो भन्ने आरोप लाग्छ नै । संविधानको सर्वोच्चता, मानव अधिकार, कानुनको शासन, आवधिक निर्वाचन, मौलिक अधिकार, बहुमतको सरकार एवं नियन्त्रण तथा सन्तुलनमा एमाले र माओवादी साझा भएर यीनै कुराहरूबाट पार्टीपंक्ति निर्देशित हुने कुरामा दुवै पार्टीका नेता–कार्यकर्ता एक ठाउँमा उभिएको बेला मै देउवा सरकारले एमाले– माओवादीलाई दुरगामी असर पार्ने निर्णय गरेर रूनु न हाँस्नु बनाएको छ ।

देउवालाई गएर सोध्यो भने उनको जवाफ समाजवाद भनेको यही त हो नि ! त्यसैले हामीले समाज कल्याणका लागि नै निर्णय गरेका हौं भन्छन् होला । समाजका सदस्यहरूको सर्वाधिक कल्याण गर्नु नै समाजवाद हो । जनताको जीविकोपार्जन र वृत्ति विकासका लागि राज्यले व्यवस्था गर्नुपर्छ तर जथाभावि निर्णय चाहि गर्नु हुँदैन, यो कुरा देउवाले बुझ्नेनन् । नेपाल बहुजातीय, बहुभाषिक मुलुक भएको हुँदा समाजमा बस्ने सबै प्रकारका जनताहरूको बीचमा देखिएका भिन्नता–विभेदलाई हटाउँदै सबै आम नागरिकहरूको वृत्ति विकासका लागि सरकारी निर्णयबाट प्लान बनाई आम जनतालाई समान अवसर दिने तर्फ अब बन्ने नयाँ सरकारको ध्यान जानु पर्दछ । आफ्नो विचार, सिद्धान्तप्रति निष्ठावान नेता नेपालभरमै कमै छन्, अझ कम्युनिष्टहरूमा त झनै बोलिमा मात्र मार्क्सवाद–लेनिनवाद छ, व्यवहारमा कुरो अर्कै छ ।

तराई भुभागमा शीतलहरबाट नेपाली जनताले ज्यान गुमाइरहदा नेपाल सरकार कानमा तेल हालेर बस्ने गरेको पाइयो । जाडोबाट जनताले दुःख पाइरहेका बेला देउवा सरकार आफू पनि केही गर्दैन र केही गर्न सक्ने बामपन्थीको सरकारलाई गठन हुने अवसर पनि दिदैन, यसर्थ देउवा सरकारले जनतालाई अत्याचार गरेको छ भन्न सजिलै सकिन्छ । नेपालको राजनीतिक इतिहासमा देउवाको हिसाबकिताब इतिहासले नै लेला । देउवा सरकारको कार्यशैली देखेका जनताहरूले वामपन्थी सरकार कहिले बन्ला भनेर कुरिरहेका छन् । हुन त अब वामपन्थीको सरकार बन्नबाट कसैले रोक्न सक्दैन ।

एकपटक प्रधानमन्त्री चलाइ सकेका एमाले अध्यक्ष केपी शर्मा ओलीले पार्टी एकता पछि पनि जनताको बहुदलीय जनवादलाई ध्यानमा राख्दै प्रचण्डको माओवादी केन्द्रले अघि सारेका एक्काइसौं शताब्दीको जनवादको ग्राउण्डलाई समेत ध्यान दिदैं एमाले–माओवादी केन्द्रले विकास गरेका अवधारणा समेतको नीतिगत निष्कर्षमा पार्टी एकता गरी सरकार हाक्लान् भन्ने विश्वास सबैलाई छ ।

ओली र प्रचण्ड साच्चै मिल्ने हो भने र चीनको साथमा भारतलाई ब्यालेन्समा राखेर नेपालको हितमा काम गर्ने हो भने यी दुवै नेता ऐतिहासिक राजनेता बन्छन् । पार्टी एकता टुङ्ग्याउँदै सरकार हाक्दै आपसी सहमतिमा मुलुकको हितलाई केन्द्रमा राखि कार्य गर्ने हो भने ओली–प्रचण्डले एकीकृत पार्टीलाई वैचारिक, राजनीतिक, सांगठानिक हिसाबले सुदृढीकरण गर्ने, पार्टीलाई अझै विकास र विस्तार गर्ने काममा दुवै नेतालाई सर्वत्र सफलता मिल्नेछ । जनताको विश्वासद्वारा ठूलो दल बनेको बाम गठबन्धनले अब नेपाललाई पुनर्निर्माण, विकास, निर्माण र रूपान्तरणको प्रक्रियामा अघि बढाउँदै मुलुकको विकासमा केन्द्रीत हुनेछ, यसो भो भने प्रचण्डले पनि उत्साहित भएर नयाँ पार्टीलाई नेतृत्व, मार्गदर्शन, सुदृढ र अझ व्यवस्थित बलशाली बनाई नयाँ उचाईमा पुर्‍याउँछन्, मलाई यस्तै लागिरहेको छ । प्रचण्ड र ओली मिलेर यो देशको मुहार फेरून्, इतिहासले दिएको यो अवसरलाई दुवै नेताले लोककल्याणकारी काममा प्रयोग गरून्, आम जनताको इच्छा पनि यही छ, दुवै नेतालाई पशुपतिनाथले सद्‌बुद्धि दिइरहुन् र नेपालको जय भइरहोस् । जय दुर्गे !! यो दुर्गाको भन्नु यति नै हो अहिलेलाई ! जय देश !! ◆◆


## डिभिजन सडक कार्यालय काठमाडौंको अनुरोध

सडक हामी सबैको साझा सम्पत्ति हो । यसको संरक्षण एवं संवर्द्धन गर्नु हामी सबैको साझा दायित्व हो । विभिन्न सडक खण्डको अनधिकृत रूपबाट सडक सीमा अतिक्रमण गरी घर, टहरा निर्माण गर्ने, होडिङ बोर्ड राख्ने, निर्माण सामग्रीहरू सडकमै थुपार्ने, सवारी साधन धुने, सडक नाली पुरी बाटो बनाउने तथा ढल मिसाउने एवं फोहोर फाल्ने इत्यादि कार्यका कारण सडक आवागमन तथा वातावरणमा समेत प्रतिकूल असर पर्ने हुनाले उपरोक्त क्रियाकलापहरू नगर्न नगराउनु हुन सम्बन्धित सबैलाई यस डिभिजन सडक कार्यालय हार्दिक अनुरोध गर्दछ ।

**डिभिजन सडक कार्यालय**

**काठमाडौं ।**

सिर्जना – **उषा गुरुङ**



# देवतुल्य नारी तिमी बहुमूल्य रत्न तिमी

प्रकृतिको सुन्दर मनमोहक यस धर्तीमा
जन्म भयो एक बालिकाको एक बखतमा
तिनै बालिक भद्र घले नामले आज चिनिए
कर्मयोगी भएकाले तिनै नारी लोकमा पुजिए ।

सुकर्मका पुजारी उनी कर्म उनका कति कति
बहुमूखी प्रतिभाका धनी भई योगदान छ भने जति
सफल भयो उनको जीवन सुकर्म नै गरेर
आशिक दिन्छन् घाम जून धर्तीमा नै ओर्लेर ।

साहित्य, कला, समाजसेवा विविध अनेक क्षेत्र
काल बित्यो यिनको आज कर्म गर्दै विचित्र
वृद्ध काल पनि आज देख्छु कलमले लेखेर
शाश्वत ईश्वरको प्रतिच्छाया मान्छु कम यो देखेर ।

साँच्चै तिमी देवतुल्य नारी नै हौ धर्तीमा आज
पुज्नुपर्छ लोकले तिमीलाई सबै नारीका माझ
तिमीले गरेका कर्मका उपहार धर्तीमा छ ताजा
सम्मान तिमीले पाउनैपर्छ पक्कै राष्ट्रबाट आज ।



**सुश्री भद्रकुमारी घले**

**पूर्वमन्त्री समेत रहेकी परोपकारकी अग्रणी सुश्री भद्रकुमारी घले नेपाली साहित्याकाशमा सशक्त नारी हस्ताक्षर हुन् ।**

हीरालाई बहुमूल्य रत्न के मान्छौ आज
भद्र घले जस्ता अनमोल रत्न छन् हामी माझ
जसका सुकर्मले आज यो धर्ती आलोकित छन्
उनै रत्न आज धर्तीमा पनि पुज्य मानिन्छन् ।

साहित्य, कला, समाज सेवा र राष्ट्र सेवामा
समर्पित रह्यो जीवन उनको कर्म गर्दैमा
थाकेका छैनन् अझै उनी कैयौं पुस्तक लेखेर
वृद्ध कालमा पनि अझै रमाउँछन् कलम बोकेर ।

शरीर उनको बुढो भयो मन मस्तिस्क भएन
उर्जावान मस्तिष्कले लेख्न कहिल्यै छोडेन
दर्जनौं दर्जन पुस्तक लेखेर गरे साहित्य सेवा
सुकर्मको वृक्षमा आज फलेको छ मिठो मेवा ।

राष्ट्रका अनमोल रत्न हुन् भद्र घले एक
बहुमूखी प्रतिभाका धनी योगदान दिए अनेक
मानव जीवन सफल बन्यो सार्थक कर्म गरेर
ईश्वर सदा प्रशन्न छन् उनको योगदान देखेर ।

आजका युगमा भद्र घलेबाट सिक्नुपर्छ ज्ञान अनेक
प्रेरणाका श्रोत हुन् यिनी उघारौं हाम्रो ज्ञान र विवेक
उनले दिएको योगदानलाई युगले आज पुज्नै पर्छ
बहुमूल्य नारी रत्न हुन् उनी राष्ट्रले सम्मान गर्नै पर्छ ।

# आउँदैछु म आमा !



– **संगीता आचार्य** (**सन्ध्या**)

आमा !
आउँदैछु म,
तिम्रो फाटेको चोली सिलाउन र
दुखेको मुटुमा मलहम लगाउन
जतनले जोगाएको अलिकति मन
मुस्कीलले बाँकीरहेको थोरै ढुकढुकी
र बग्दाबग्दै रोकिएका केही आँशु
अनि हाँस्न बिर्सिएको एकझल्को मुस्कानमा
छर्न बाँकी अलिकति खुशी सँगालेर
बिहानी किरणसँगै म आउँदैछु ।

सुन्छु
स्थीर छन् रे ती टाकुराहरु
न अग्लिन सकेका, न पग्लिन सकेका
सुसेल्न बिर्सिदै छन् रे
पाखा र पखेराहरु
शून्यशून्य लाग्ने भएको छ रे आँगन
ढल्यो रे भञ्ज्याङको पिपलको रुख
गुराँस फूल्न छोडेपछी
उजाड देखिन्छे रे पहाडकी सानी
र सुन्छु गोधुलीमा न्याउलीसँगै
विरक्तिन्छिन् रे मिथीला ।
त्यसैले अब,
पगालेर सेतो हिमाल
रसाउन पाखा, पर्वत र मैदान
अनि
रोप्न फेरि अर्को पिपल
आखाँभरी जगाएर सपनाहरु
मनमा सजाएर रहरहरु
खुसी भर्न पोल्टोमा
र निदाउन एकझप्को
तिम्रो काखमा
म आउँदै छु
हो !
क्यान्भासमा कोरेको सुन्दर
दृश्यजस्तै
तिमीलाई सजाउन
फर्केर आउँदैछु म आमा ॥

# शौचाचार एवं सदाचार



*भट्टराई डी. पी. त्रिप्रवर*

बाह्य शुद्धि हुँदा मात्र, शौचाचार भनिन्छ जो
आन्तरिक शुद्धिलाई नै, सदाचार कहिन्छ पो ।
दुवै आचारले मात्र, सदाचारी त बन्दछ
"आचारः परमो धर्मः" हुन्न व्यर्थ निरर्थकः ॥१॥

सूर्योदय हुनु पूर्व, उठे उत्तम हुन्छ नै
नउठे त्यसमा केही, करकाप त छैन है ।
आशिर्वाद प्रदान् गर्छन्, जस्ले जे कर्म गर्दछ
सोही कर्म गरोस् भन्दै, उदाउँछन् निरन्तर ॥२॥

भेदभाव कहिं छैन, समान दृष्टी पर्दछ
हिरण्यगर्भको ज्योती, धर्तीमा जब झर्दछ ।
सत्-असत् कर्मका लागि, वरदान त मिल्छ नै
मनुष्य जीवको चोला, उत्कृष्ट पनि बन्छ है ॥३॥

अन्न शुद्धि हुनुपर्छ, मन शुद्ध हुनै पनि
मन शुद्ध भए मात्र, कर्म शुद्ध हुने छ है ।
अर्थ शुद्धि पनि हुन्छ, परिश्रम र सत्यमा
देह शुद्ध गरे हुन्छ, नित्यकर्म सधैं गरी ॥४॥

स्नान गर्नु सके सम्म, शरीर शुद्धि दायकः
हात पाऊ मुखै धोए, हुन्छ त्यो पञ्चस्नान नै ॥
अज्ञान गरेको दोष, क्षमा पाइन्छ नित्य नै
ज्ञानले गरेको दोष, दण्डभागी भइन्छ है ॥५॥





New Road Gate, Kathmandu, Tel: 01-2296915, 4232965, Fax: 01-4233511, Email: info@barahajewellery.com

Contact Offices:

**Pipal Bot:** New Road, Kathmandu, Tel: 01-2190004, 4266799 **Dharan:** Bhanuchowk, Mahendrapath, Tel: 025-526777, 520056, Fax: 025-522412 **Pokhara:** Sabha Griha Chowk, Pokhara, Tel: 061-206570 **U.K.:** Aldershot, London, Tel: 0044-7824332127 1252409272 **Hong Kong:** 12/F Gofuku Tower 62-64, Woosung Street, Jordan KLN, HONG KONG, Tel: 00852-27838955, Fax: 00852-25538966

# प्रबुद्ध वर्गले बुझ्नुपर्ने कुरा यही हो



**डा. प्रेमराज न्यौपाने**

***कल्याण महोत्सवका प्रणेता***

**दीर्घकालीन रूपमा लोडसेडिङ्ग कसरी हट्छ डा. सा'ब ?**

– विश्वको दोस्रो एसियाको पहिलो जलसम्पदाको धनी देश लोडसेडिङ्गमा बस्नु लज्जास्पद कुरा हो । आपार जलशक्तिको सम्पदा छदा छदै राज्यले भोग्नु परेको समस्यालाई समाधान गर्ने सजिलो उपाय पनि छ । अनियमितता र विद्युत चुहावट रोकेर खेर गएको उर्जा सदुपयोगमा ल्यायो भने विद्युत आपूर्ति झण्डै झण्डै पूरा हुन खोज्छ । विद्युतमा देशलाई आत्मनिर्भर बनाउन पूरा हुन लागेका विद्युत योजनाहरूमा यसै आ.व.मा सरकारले ठूलो रकम विनियोजन गरी सम्पन्न गर्नुपर्छ । पूरा हुन लागेका योजनाहरूलाई सरकारले विशेष प्राथमिकता दिनुपर्छ ।

योजना तर्जुमा र वजेट विनियोजन गर्दा छिटो उत्पादन दिन सक्ने र निर्माण कार्य पूरा हुन लागेको योजनाहरूमा नै गर्नुपर्छ । तामाकोशी, चिलिमे आदि योजनाहरूमा यसै आवमा कार्य सम्पन्न गर्न लाग्ने रकम विनियोजन गर्नु आवश्यक हुन्छ भने सो कार्य सम्पादन गर्न चाहिने जनशक्ति पनि यसै आ.व. को सुरुमानै व्यवस्थापन हुनु जरूरी छ । यसो गऱ्यो भने यसै वर्षदेखि पूर्ण रूपमा लोडसेडिङ्ग हट्नेछ ।

**जल ऊर्जा बाहेकका उर्जाका अन्य श्रोतहरू के के हुन् ?**

– सौर्य ऊर्जा अर्को महत्वपूर्ण उर्जाको स्रोत हो । जति प्रयोग गरे पनि नसकिने जहाँकहीं पनि प्राप्त भइरहने अर्को महत्वपूर्ण स्रोत हो यो । हुस्सु कुहिरो नलाग्ने हुनाले प्रखर सूर्य किरणबाट अनन्त उर्जा प्राप्त हुन सक्दछ । राज्यले सौर्य उर्जालाई प्राथमिकता दिन जरूरी छ । व्यक्तिगत रूपमा पनि सबैले सौर्यउर्जा अपनाउन जरूरी हुन्छ । वायु उर्जा पनि अर्को महत्वपूर्ण उर्जाको स्रोत हो । पहाडका टाकुरामा, भञ्ज्याङ्गहरूमा हरपल वायु सुसाएर बहने स्थानहरू छन् । यस्ता स्थानहरूमा वाइन्ड मिलहरू राखेर त्यस क्षेत्रलाई पुग्ने उर्जा उत्पादन गर्न सकिन्छ । राज्यले यस्ता स्थानहरूको पहिचान गरी वायु उर्जालाई प्राथमिकता दिँदै जान जरूरी छ ।

**उपत्यकाको सवारी चापलाई कसरी घटाउन सकिन्छ ?**

– उपत्यकाको सवारी चापलाई सहज बनाउनको लागि तपसिलका उपायहरू अपनाउन अनिवार्य हुन्छ ।

(क) लोडसेडिङ्ग हटेर चौबिसै घण्टा विद्युत आपुर्ति हुन थालेपछि अन्डरग्राउन्ड इलेक्ट्रिक ट्रेन सञ्चालन गर्नुपर्छ । मेट्रो ट्रेनको यात्रा सञ्चालन भएपछि सहरभित्र आवागमन गर्ने अधिकांश यात्रीहरू ट्रेनको यात्रा गर्न थाल्दछन् । विद्यालयका सवारी साधन बाहेक बस, माइक्रो, टेम्पो आदि सबै सवारीहरू विस्थापित हुन्छन् । कारमा यात्रा गर्नेलाई यात्रा सहज बन्दछ ।

(ख) साँघुरा सडकहरूलाई फराकिला पार्न जरूरी छ । शहर बाहिरका राजमार्गहरू पनि निर्माण गर्दा ४ लेन ६ लेनका ठूला सडकहरू निर्माण गर्नुपर्छ । साना सडक बनाउने र पछि वाइडनिङ्ग गर्ने कार्य निरूत्साहित गर्नु पर्छ । राजधानी आउने त्रिशूली नदी किनारको बाटो फराकिलो बनाउन जरूरी छ भने अर्को किनारमा पनि यस्तै राजमार्ग निर्माण हुन अत्यन्त जरूरी छ । दुवै किनारामा फराकिलो राजमार्ग भएपछि एउटा राजमार्गबाट लगातार आउने अर्कोबाट लगातार जाने गर्न सकिन्छ । राजमार्गमा हुने गरेको जाम समाधान हुन्छ । वाड भञ्ज्याङ्गबाट नौबिसे निस्किए जस्तै सीतापाइलाबाट नौबिसे सम्मको नयाँ रूट खोल्न जरूरी छ । यी सहरभित्र प्रवेश गर्ने दुवै मार्गहरू पनि एकतर्फि नै बनाउनुपर्छ । पूर्व पश्चिम राजमार्गको सँगै अर्को राजमार्ग खोली दुवै राजमार्गमा एकातर्फ गाडि सञ्चालन गर्नुपर्छ । यी प्राथमिकता पूर्ण कार्य गरेपछि बल्ल अन्य विकास निर्माणका कार्य थाल्नुपर्छ । पश्चिमतर्फको पश्चिम नाकाबाटै, पूर्व तर्फको पूर्व नाकाबाटै, उत्तर तिरको उत्तर बाटै र दक्षिणको दक्षिणबाटै, उपत्यका बाहिरबाटै गाडीहरू फर्कनुपर्दछ । त्यहाँबाट सहरभित्र पस्ने मालबाहक ट्रेन र यात्रु बाहक ट्रेनको व्यवस्था मिलाउनुपर्छ । बाहिरबाट आउने सम्पूर्ण मालबाहक र यात्रुबाहक सवारीलाई सहरभित्र प्रवेश गराई सहरलाई अस्तव्यस्त पार्नु हुदैन । बाहिरै बाट फर्कने व्यवस्था मिलाउनुपर्छ ।

(ग) चौवाटोहरू व्यवस्थित बनाउन Flyover निर्माण अनिवार्य छ किनभने एकातर्फ गाडीलाई रोकेर अर्कोतर्फको गाडीलाई जान दिने गर्दा तिन तिरको सवारीको लामो लाईन बन्दछ । सबैको पास हुने बिन्दु एउटै हुनाले चोकहरूमा पालैपालो जानु पर्ने वाध्यता छ । कार्यालय समयमा सवारी साधनको चाप अत्यधिक हुने हुँदा घण्टौ सम्म लाईनमा वस्नुपर्ने बाध्यता छ । ट्राफिक प्रहरीको इशाराले मात्र यो समस्या समाधान हुदैन । चोकहरूका Flyover निर्माण गर्न अनिवार्य छ । Flyover निर्माण भएपछि चारैतर्फका गाडीहरू आफ्नो गन्तव्यमा सरासर जान सक्दछन् । सवारी साधनहरू लाईनमा पालो पर्खेर बस्नु पर्दैन । उपत्यका र उच्च सवारी चाप भएका सहरहरूमा Flyover निर्माण अनिवार्य छ । यो आधुनिक सहरको आवश्यकता हो । फ्लाई ओभर निर्माण गरी अण्डर ग्राउण्ड मेट्रो ट्रेन सञ्चालन गरेपछि उपत्यकाको सवारी चाप स्वतः सहज बन्दछ । यो राज्यले गर्नुपर्ने प्राथमिकतापूर्ण कार्य हो । यसै आ.व. बाट राज्यले यो कार्यको थालनी गर्नुपर्छ ।

**फ्लाई ओभर निर्माण गर्न, सव वे निर्माण गर्न, विद्युत ट्रेन सञ्चालन गर्न ठूलो धनराशि चाहिन्छ, यो कहाँबाट प्राप्त हुन्छ ?**

– राज्यले अरू शीर्षकहरूको लगानी घटाएर सहर व्यवस्थित बनाउने कार्यलाई प्राथमिकता दिनुपर्छ । अरू ठाउँको लगानी कटौती गरेपछि सहर व्यवस्थित गर्न चाहिने रकम राज्यकै कोषबाट प्राप्त हुन्छ । सहर व्यवस्थित गर्न राज्यले प्राथमिकता दिन अनिवार्य छ । शरीरको सुन्दरता अनुहारबाट झल्के जस्तै प्रमुख सहरहरूको सभ्यताबाटै राज्यको पहिचान प्राप्त हुन्छ ।

**पटक पटकका राजनैतिक परिवर्तनहरूबाट राज्य समुन्नत बन्नुपर्ने हो तर किन झन्झन् खस्कदै गएको छ ?**

– ७, १७, ३६, ४६, ६३ सालका सबै

आन्दोलनहरूले फाल्ने संस्कारको विकास भयो । फाल्ने क्रममा संविधान राजसंस्था सबै फालिए । अब फाल्ने कुरा केही बाँकी छैन । राज्यको सम्पदाहरू नास्ने मास्ने फाल्ने भन्दा सुधार गर्ने सिर्जना गर्ने, माया गर्ने, संरक्षण गर्ने, संस्कारको विकास हुन सकेन । सिर्जनाको संस्कार विकास हुन जरूरी छ । विकसित मुलुकहरूको उन्नति त्यसै भएको होइन । श्रृजनको, खोज अनुसन्धानको, अनुशासन र राष्ट्रप्रेमको जहाँ लहर चल्दछ त्यहाँ विकास हुन्छ, उन्नति हुन्छ । जहाँ नास्ने मास्ने भत्काउने संस्कारको विकास हुन्छ त्यस्ता राज्यहरूले विपत्तिको सामना गर्नुपर्छ । झगडा कलह द्वन्द्व आतंक विपत्ति निम्त्याउने साधन हुन् । सोमालिया, इथियोपिया, सुडान, इराक, इरान, इजरायल, उत्तर कोरिया आदि मुलुकहरूको विपत्तिको कारण नै नास्ने मास्ने विद्रोही संस्कार हो । यहाँ पनि यही विद्रोही संस्कार मौलाएको देखिन्छ । विद्रोही संस्कार सिर्जनशील अनुशासित संस्कारमा रूपान्तरण हुन जरूरी छ । विद्रोही संस्कार हटाउन कल्याणकारी अनुभूतिको पाठ सिक्न सिकाउन अनिवार्य हुन्छ ।

**राजनीति भनेको के हो ? यसको रूप कस्तो हुन्छ ?**

– राज्य सञ्चालनका निम्ति राज्यहरूले नीतिनियमहरू निर्धारण गर्दछन् । सबै नीतिहरूलाई मार्ग निर्देश गर्ने राज्यको मुलनीति राजनीति हो । देश काल परिस्थिति अनुकूल भिन्नाभिन्नै राज्यहरूले भिन्नाभिन्नै नीतिहरू अवलम्बन गरेका हुन्छन् । अमेरिका, जापान, चीन जस्ता विकसित मुलुकहरूमा मानिसहरू अत्यन्त व्यस्त हुन्छन् । अरूको कुराकाट्ने फाल्तु गफ गर्ने कसैलाई फुर्सद हुँदैन । राजनीतिमा चासो राख्ने मानिस ज्यादै कम हुन्छन् । निर्वाचनको समयमा भोट खसाल्नलाई मात्र सानो जानकारी लिने गर्दछन् । अमेरिका, चीन महादिपको आधा भाग ओगटेका ठूला देशहरू हुन् । नेपाल सानो प्रान्त जत्रो भएपनि राजनीतिमा निकै विशाल छ । राजनैतिक विशालता राज्यको उत्थानको भन्दा पतनको कारण बनेको छ । ठूला मुलुकहरूमा दुई पार्टीहरू हुन्छन् भने सानो मुलुक यहाँ ४०-५० पार्टीहरू हुनु अति राजनीतिको परिणाम हो । सबै जनता राजनीतिमा सामेल हुनु विकास व्यवसायमा ध्यान नदिनु राज्यको दुर्भाग्य हो । राजनैतिक झगडामा देश अलमलिएकोले रोजगारीका अवसर नहुँदा युवाहरू विदेश पलायन भएका छन् । खोज अनुसन्धानमा, श्रृजनामा, सेवापरोपकारमा मानिसहरू लाग्न सकेकै छैनन् । सबै राजनैतिक झगडा, कलह द्वन्दमा नै अल्मलिएका छन् । राज्यको अवनतीको कारण नै यही 'अति राजनीति' हो ।

**राज्यको विकास गर्न अब के गर्न जरूरी छ ?**

– राज्य उत्थानको लागि दुई पार्टीहरू मात्र हुनुपर्छ । ५० औं पार्टीहरू हुनु हुँदैन । समाजवादी र प्रजातन्त्रवादी दुई पार्टी भए पुग्दछ । यीनै दुई पार्टीमा अन्य पार्टीहरू समाहित भई राष्ट्र उत्थानका कार्यमा क्रियाशील हुनु जरूरी छ । आगामी दिनमा पार्टीहरू एकीकृत हुँदै जानेछन् ।

**विदेशमा बस्ने युवाहरूमा मातृभूमिप्रति कस्तो भावना छ ?**

– अन्य मुलुकमा काममा खटिएका युवाहरूमा अगाध देश प्रेम रहेको देखिन्छ । राष्ट्रको उत्थान होस्, देश समृद्ध बनोस् भन्ने चाहना छ । विदेशमा कार्य गरेता पनि युवाहरूमा देशप्रति अत्यन्तै प्रगाढ माया छ । झैं-झगडा, विवाद, विनाश देखेर युवाहरू चिन्तित बन्दछन् भने राम्रा कार्य हुँदा खुशी हुन्छन् । युवाहरूले नै देशको अर्थतन्त्रलाई सबल बनाएका छन् । देश विकासको बाटोमा लागोस भन्ने युवाको चाहना छ । प्रबुद्ध वर्गले बुझ्नु पर्ने कुरा यही हो । देशमा शान्ति स्थापना भयो, रोजगारीका अवसरहरू सिर्जना भए भने युवाहरू स्वदेशमा नै कार्यरत रहने छन् ।

**स्वदेशको तथा विदेशको रोजगारी गर्नेले कस्तो आचरण गर्नुपर्दछ ?**

– स्वदेश होस् या विदेश होस मातृभूतिप्रतिको कर्तव्य भुल्नु हुँदैन । जसरी आफ्ना मातापिता मान्यजनप्रति आदर भाव राखिन्छ, त्यसैगरी कर्तव्य पालना गर्ने क्रममा मातृभूमिप्रति सदा आदर भाव राख्नुपर्छ, सम्मान गर्नुपर्दछ । उत्तौलो भएर मातृभूमिलाई पीडा हुने र उपहास गर्ने कार्य कसैले पनि गर्नु हुँदैन ।

**आदरार्थी शब्दको प्रयोग गर्दा के हुन्छ ?**

– संस्कृत, नेपाली, रसियन भाषा समृद्ध भाषाहरू मानिन्छन् । संस्कृत जस्तो समृद्ध भाषा संसारको कुनै पनि भाषा छैन । यहाँ सबैलाई सत्कार गर्ने उच्च आदर्श शब्दहरू छन् । नेपाली भाषा संस्कृतबाटै आएको भाषा हो । नेपाली भाषाको भण्डार त्यतिकै समृद्ध छ । यति ठूलो भाषाको वैभव छँदाछँदै लेखाइ पढाइमा र बोलीचालीमा आदरार्थी शब्दहरूको ठाउँमा तँ, तिमी जस्ता हेपाहा शब्दहरूको प्रयोग हुन थालेको छ । अंग्रेजी भाषामा कसैलाई आदर सत्कार गर्नु छ भने छुट्टै शब्दहरूको प्रयोग हुन्छ । कसैलाई गाली गर्नु छ, हेप्नु छ भने भिन्नै शब्दहरूको प्रयोग हुन्छ । अंग्रेजी शैली शिष्ट शब्द नराखी प्रयोग हुन थालेको छ यहाँ ।

राष्ट्रप्रमुख, राज्य प्रमुख, जनप्रतिनिधि, उच्च पदस्थ व्यक्ति तथा अरू सबै सम्मान गर्न लायकका व्यक्तित्वहरू हुन् । राष्ट्रप्रमुख, मन्त्री, उच्च पदस्थ व्यक्तित्वलाई समेत तँ, तिमी जस्ता हेपाहा शब्दहरू प्रयोग गरी राष्ट्रको गौरव गरिमालाई घटाउने कार्य हुन थालेको छ । आफ्नो वैभव, आफ्नो सम्पदालाई उचित संरक्षण गर्नु प्रबुद्ध वर्गको जिम्मेवारी हो । अङ्ग्रेजी भाषामा तिमी, तँ, हजुर सबै ठाउँमा You भने पुग्छ । नम्रताको निम्तिमा पछाडि अन्य शब्द जोडिन्छन् । आदेशको निम्ति पछाडि भिन्नै शब्दहरू जोडिन्छन् । नेपाली भाषामा सुरु भएको तँ, तिमीको प्रयोग उपहासपूर्ण छ । जनावर प्राणीलाई तँ, तिमी भन्न सकिन्छ । तर मानवलाई तपाई भन्नुपर्छ । गरे भने भन्ने ठाउँमा गर्नु भयो, भन्नुभयो भन्ने आदरार्थी शब्दको प्रयोग हुँदा कुनै नोक्सानी हुँदैन । आदरार्थी शब्दको प्रयोग भएमा एकआपसमा मैत्री सद्भाव र मेलमिलाप र आत्मिकताको विकास हुन थाल्ने छ ।

**प्रान्तीय अवधारणालाई कसरी राज्यको हितमा प्रयोग गर्न सकिन्छ ?**

– प्रान्तीय संरचनाहरू, प्रान्तीय संगठनहरू, प्रान्तीय कार्यालयहरू, स्थापना गर्दा मितव्ययिताको सिद्धान्त अपनाउन जरूरी हुन्छ । प्रान्तको आन्तरिक स्रोत साधनले भ्याउने गरी प्रान्तीय संरचनाहरूको तर्जुमा गर्नुपर्दछ । प्रान्तले आफ्नो कार्यहरू सम्पादन आफैं गर्न जान्नुपर्छ । आफ्ना कार्य सम्पादन गरेर राज्य सरकारलाई सहयोग गर्न सक्नुपर्छ । सबै प्रान्तले राज्य सरकारलाई सहयोग गर्न थाले भने बल्ल राज्यको उत्थान हुन्छ । आफ्ना-आफ्ना स्रोत साधनहरूको पहिचान गरी तिनको उच्चतम प्रयोगमा प्रान्तहरू लाग्न जरूरी छ ।

**बन्द हडतालबाट के प्राप्त हुन्छ ?**

– बन्द हडतालबाट नास्ने, मास्ने, बिगार्ने प्रवृत्तिको अभिवृद्धि हुन्छ । बालबालिकाले यही आचार सिक्छन् । बन्द हडतालले राज्यको अहित मात्रै गर्दछ । हजारौं, लाखौं मानिस काममा जान सक्दैनन् । काम नगरी उत्पादन हुँदैन । काम नगरेपछि व्यक्तिको, राज्यको, सबैको नोक्सानी हुन्छ । राज्यसँग केही लिनको लागि बन्द हडताल गर्नु ठूलै अपराधिक कार्य हो । बन्द हडतालको आयोजना गर्नेसँग बन्दबाट हुन जाने नोक्सानी बराबरको रकम राज्यको कोषमा जम्मा गर्न लगाउनुपर्छ । रकम जम्मा गरेपछि

मात्र बन्द हडताल गर्न स्वीकृति दिनुपर्छ । विना स्वीकृति राज्यको कोषमा पैसा नबुझाई हडताल गर्नेलाई राज्यले दण्डित गर्नुपर्छ । यो परिपाटी अपनाउँदा राज्यको कोष बढ्छ भने बन्द हडताल स्वतः निस्कृय हुन थाल्दछ । मानिसहरूमा सदाचार र अनुशासनको पालना गर्ने शैली विकास हुन्छ । नास्ने, मास्ने, भत्काउने, बिगार्ने संस्कार निरूत्साहित हुन थाल्दछ ।

**जनप्रतिनिधिहरूको संख्या कसरी निर्धारण गर्न सकिन्छ ?**

– जनप्रतिनिधिहरू जनताप्रति उत्तरदायी हुन्छन् । जनताले नै छान्ने प्रचलन छ । जनताका काम गर्न जनताबाटै पारिश्रमिक पाएका हुन्छन् । प्रतिनिधिहरूको संख्या चाहिने भन्दा बढी हुनु हुँदैन । थोरै भए पनि काम गर्न कठिन हुन्छ । वैज्ञानिकहरूले उद्योग व्यवसायमा धेरै कामदार राखेर हेरे । फेरि थोरै कामदार राखेर पनि हेरे । धेरै कामदार राख्दा पनि उत्पादन घट्यो र थोरै कामदार राख्दा पनि उत्पादन घट्यो । ठिक्कको संख्या राख्दा धेरै उत्पादन भएको देखियो । राज्यले पनि चाहिने भन्दा बढी जनप्रतिनिधिहरू राख्नु हुँदैन । राजनीतिमा प्रयोग हुने अनावश्यक खर्च राज्यले विकास निर्माणमा लगाउनुपर्छ । जनप्रतिनिधिहरूको संख्या घट्नु जरूरी छ ।

**राज्यको समग्र विकास गर्नको लागि योजना तर्जुमा गर्दा के कुरामा ध्यान दिनुपर्छ ?**

– योजना तर्जुमा गर्दा राज्यको आवश्यकताको पहिचान गर्नुपर्छ । आवश्यकता एकातिर छ, अर्कोतिरको योजनाहरू तर्जुमा हुनु हुँदैन । यसो गर्‍यो भने राज्यको विकास अल्मलिन्छ । राज्य निर्माणको सवालमा ग्रामीण अवधारणाले मात्र पुग्दैन । केन्द्रिय स्तरका राज्य उत्थानका महत्वपूर्ण कार्यहरू प्रबुद्ध वर्गाहरूबाटै सम्पादन हुन जरूरी हुन्छ । राज्यले निर्धारण गरेको मूल प्रवाहमा राज्य निरन्तर लागिराख्नुपर्छ । यसो गरेमा राज्यले लक्षित उद्देश्य प्राप्त गर्न सक्दछ । दलगत स्वार्थमा, साना कुरामा राज्य अलमलिएपछि विकासले गति लिन सक्दैन । राज्य उत्थानका लागि दलगत भावनालाई निरूत्साहित गरि राष्ट्रिय हितका विषयमा काम गर्न जरूरी हुन्छ ।

**मानिसहरू ठगी, चोरी, बेइमानी दुराचार गर्नमा लालायित देखिन्छन् । यस्ता कुकृत्यमा लागेका मानवलाई कसरी सेवा परोपकार, सत्यता, सदाचारको पाठ सिकाउन सकिन्छ ?**

– मानवलाई जे सिकायो त्यही गर्दछ । राम्रो सिकाए राम्रो, नराम्रो सिकाए नराम्रो गर्दछ । यसर्थ, ठूलो पद प्रतिष्ठा पाएका व्यक्तिहरूले नराम्रो आचार गर्नु हुँदैन, समाजले त्यही सिक्छ । राजनैतिक पार्टीका उच्च पदका, सदनका सबैले मर्यादा र राष्ट्रिय अनुशासनको पालना गर्नुपर्छ ।

भावी पिढीलाई सुसंस्कृत बनाउन शिक्षा क्षेत्रमा, फिल्मि जगत्मा, पत्रपत्रिकामा, टि.भि.मा., रेडियो सञ्चारमा कल्याणकारी अनुभूति आर्जन हुने र अकल्याणकारी अनुभूतिहरू विसर्जन हुने पाठ अनिवार्य रूपमा सिकाउनुपर्छ ।

यसको साथसाथै सतकार्यलाई पुरस्कृत गर्ने दुराचारलाई दण्डित गर्ने गर्नुपर्दछ । यसरी समाजमा मौलाएको ठगी, चोरी, बेइमानीलाई सेवा परोपकार सत्कार्यमा रूपान्तरण गर्न सकिन्छ । धन्यवाद । ◆◆



# शासकहरूको ध्यान जाओस्

**नेपालमा डुबान किन हुन्छ ?**

**परिचय**

पानी होचो भूभागतिर बग्दछ । गुरूत्वको कारणले पानीमा गति पैदा हुन्छ । गुरूत्वको कारण पानी बग्न थाल्दछ र खोला खहरे नदी हुँदै सागरमा पुग्दछ । बहाव रोकिएपछि पानी तालको रूपमा परिणत हुन्छ । सागरहरू पनि ठूला तालहरू हुन् । प्राकृत रूपले पानी बगिराख्न पायो भने डुबान हुँदैन । वर्षाको पानीको बहाव रोकिएपछि डुबान हुन थाल्दछ ।

**कारण**

क) शहर बस्ती बढेपछि वर्षादको पानी प्राकृत रूपमा बग्न पाउँदैन । वहाव अवरूद्ध भएपछि एकातिर गएर जम्मा हुन थाल्दछ । पानी जम्मा भएको स्थानमा डुबान हुन थाल्छ ।

ख) शहर बस्ती बसेपछि बाटोघाटोहरू ढलहरू बन्दछन् । ढलको पाइप सानो भयो भने वर्षादको पुरै पानी ढलबाट बग्न सक्दैन । शहर बस्तीहरूमा डुबान पैदा हुन थाल्दछ ।

ग) ठूला नदीहरूबाट विद्युत उर्जाको लागि र सिंचाइको लागि ठूला बाँधहरू बाधिन्छ । बाँधबाँधेको ठाउँबाट नियमित भन्दा बढी पानी आएपछि पानी बाहिर निस्कन सक्दैन । क्यानलहरूमा निर्धारित पानी मात्र प्रवेश हुने गर्दछ । बाँधका ढोकाहरू बन्द हुने हुनाले बढी पानी बाहिर निस्कन पाउँदैन । त्यहिं पोखरीमा जम्मा हुन थाल्दछ । पानीको सतहमाथि उठ्दै आउँछ र शहर वस्तीफाँटहरूमा पानी पस्न थाल्दछ, यसरी डुबान हुन थाल्दछ । नदीमा ठूलो बाढी आएको बेलामा बाँधका ढोकाहरू खुला राख्नु पर्दछ । बाँधका ढोका खुल्ला भए भने बाढिको पानीले कुनै नोक्सान पुर्‍याउँदैन । ढोकाहरू खुला गरिएन भने बाढिको पानीले समतल भूभागमा डुबान पैदा गर्दछ ।

**नेपालको भूबनोट र सिंचाइ**

नेपालको अधिकांश भू-भाग पहाडै पहाडले ढाकिएको छ । ६८% पहाडी, १५ प्रतिशत हिमाली र १७ प्रतिशत जति तराइ भूभाग पर्दछ । तराइको भूभागमा सिंचाइ गर्न चुरे भावर श्रृंखलाहरूबाटै नदीलाई बाँध वाँधी सिंचाइ कार्य गर्न सकिन्छ । यसो गर्‍यो भने तराइका फाँटहरूमा पूर्ण रूपमा सिंचाई सुविधा प्राप्त हुन्छ भने डुबानको पनि सम्भावना रहँदैन । चुरे भावरमा बाँधहरू निर्माण गर्दा तराइमा हुने गरेको डुबान पूर्ण रूपमा बन्द हुन्छ । डुबान हुने संभावना नै रहँदैन । नेपालका लागि मात्र हैन छिमेकी मुलुक भारत, पाकिस्तान र भुटानको लागि पनि अग्लो ठाउँमा बाँधिएको बाँध उपयोगी हुनेछ । उचा ठाउँमा बाँध बनाएपछि भारतका धेरै भूभागहरूमा सिंचाई सुविधा पुर्‍याउन सकिन्छ भने नेपालको तराई प्रदेश पूर्ण रूपमा सिंचाई गर्न सकिन्छ । उचा ठाउँमा बाँध हुनाले तराइमा डुबानको कुनै संभावना रहँदैन । मुहान अग्लो ठाउँमा भएपछि तराईका भूभागहरूमा र भारतका विहार यूपी लगायतका अन्य धेरै स्थानहरूमा सजिलोसँग सिंचाई सुविधा पुर्‍याउन सकिन्छ । कभर्ड क्यानलहरू बनाई पानीलाई माथि उठाएर उचा फाँटहरूमा पनि सिंचाई गर्न सकिनेछ । यो दुवै देश र अफ छिमेकी देशहरूलाई पनि फाइदा हुने कुरा हो । अविरल बगेर गंगा हुँदै समुद्रमा पुग्ने खेर गैरहेको पानी भारत पाकिस्तान, भुटान, नेपालका भूभागहरू हराभरा पार्न प्रयोगमा ल्याउन सकिन्छ । यसरी सिंचाइ गर्दा कसैको नोक्सानी हुँदैन । सबैलाई फाइदै फाइदा हुन्छ । सबैको जय हुन्छ । तराइको डुबान रोक्नको लागि अपनाउन पर्ने मूल मन्त्र यहि हो ।




**सन्धि सम्झौताहरू**

सन्धि सम्झौताहरू अक्सर दुवै पक्षको हितमा गरिन्छन् । पूर्वकालमा गरिएका सन्धि सम्झौताहरू पनि दुवै देशको हित सोचेर गरिएका थिए तापनि तिनका प्राविधिक ज्ञान र दुरदर्शिताको कमी थियो । समतल भूभागमा नदी थुन्दा के हुन्छ भन्ने कुरा सोच्दै सोचिएको थिएन त्यति बेला । ती सन्धि सम्झौताहरूमा प्राविधिक दृष्टिकोणको अभाव रह्यो । पुराना दिनमा खुशी हर्सोल्लाससँग गरिएका ती संभौताहरू अहिले राष्ट्रको लागि अभिशाप बन्न पुगे ।

नेताहरूलाई गाली गर्नु अर्थहीन कुरा हो । वास्तवमा नेताहरूको भन्दा त्यतिबेलाका प्रशासकहरू कुटनीतिज्ञहरूकै भूल हो यो । नेताहरू प्राविधिक विषयमा जानकार हुँदैनन् । प्रशासकहरूको कुटनीतिज्ञहरूको काम हो यो ।

लट्टा भट्टा, दारीकपाल पालेका साधुको कथा जस्तै हो यो कुरा । साधुको बगैचामा कटहर पाकेर मगमग वासना चलेको बेला अतिथिहरू घरमा आएछन् । साधुले अतिथिसँग कटहर खाने तरिका सोधे । अतिथिले भित्रपट्टीको गिलो कोयाहरू निकालेर हामीलाई दिनुहोस बोक्रा कोपरेर तपाइँ खानुहोस् भनेर सिकाई दिएछन् । साधुले त्यसै गरे । कोया अतिथिलाई दिएर बोक्रा लिएर आफू लुछ्न थाले । उनको दारी भरी चोपै चोप लाग्यो । अब के गर्ने भनेर फेरि अतिथिसँग सोधे । अतिथिले धानको ढूटो दलेपछि चोप हराउने कुरा बताए । तर ढुटो दलेपछि साधुका दारी झन् कक्रक्क परे । तराईका फाँटमा बाँध बाध्ने कुरा यही बोक्रा कोपर्ने कुरा हो । राज्यले पुनः यस्तो भूल कदापी गर्नु हुँदैन ।

**प्रशासकहरूको बोलवाला**

आयोगहरूको लागि, कुटनैतिक नियोगहरूको लागि र अन्य

राजनैतिक नियुक्तिहरूको लागि सचिव भएको मानिस मात्र योग्य हुने प्रावधान बनाइएको छ । विशिष्टता हासिल गरेका विद्वान्हरूभन्दा सहिसम्म गर्न जान्ने सचिवहरू नै बढी योग्य ठहरिन्छन् । नीति निर्माण गर्ने उनीहरूले नै हो । रिचार्ज पछि कार्डको औचित्य समाप्त हुन्छ । त्यसै गरी राज्यको उच्च ओहदामा पुगेका सचिवहरूको पनि पुनः उच्चता प्राप्त गर्ने आधार समाप्त हुन्छ, अरू नयाँ योग्य व्यक्तिहरूलाई प्रवेश दिनु पर्दछ । तर यहाँ के राजनेता, के प्रशासक कोहि पनि नयाँ पिँढिलाई उच्चता दिनै चाहँदैनन् ।

परराष्ट्र मन्त्रालय पनि धूर्त्याईमा निकै खप्पिस छ । स्याउलो देखाएर खसी डोऱ्याए जसरी पार्टीका मै हुँ भन्नेहरूलाई अर्कोतिर दगुर्न लगाएर भित्रभित्रै आफ्ना लठेत पठेतलाई कुटनैतिक प्रमुख बनाउँदै पठाउँदै गरेको तथ्य सबैको सामु प्रत्यक्ष छ । राष्ट्रिय स्तरका विज्ञहरू विशिष्ठता हासिल गरेका विद्वान्हरूलाई परराष्ट्रले सधैं यसैगरी लोप्पा खुवाउने गरेको छ । डुबान एउटा देखिने कुरा हो अरू पनि धेरै कुरामा देश ठगिएको छ ।

मेकानिकले गाडीको काम जान्दछ, वकिलले मुद्दा मामिलाका कुरा जान्दछ, टेलरले कपडा बनाउन जान्दछ, सुनारले गहना बनाउन जान्दछ, ईन्जिनियरले बाटो कुलो विद्युत उर्जा, घर शहरको कुरा जान्दछ । विज्ञता हासिल गरेको, प्राविधिक ज्ञान भएको मानिसले देशलाई ठिक दिशामा हाँक्न सक्दछ । देशलाई ठगिनबाट जोगाउँछ । विज्ञता नभएका लठेतपठेत प्रशासकहरूले देशलाई यसरी नै खाल्टोमा हाल्ने काम गर्दछन् । प्रशासक कुटनीतिज्ञले गरेको भूलमा राजनेताहरू दोषी ठहरिने गरेका छन् ।

अर्कोतर्फ योग्य विशेषज्ञहरू राष्ट्रप्रेमीहरूको सेवाबाट राष्ट्र वञ्चित रहन्छ । पार्टीसँग सम्बन्ध नभएको विद्वान्हरू विशेषज्ञहरू त डस्टविनमा राख्ने थोत्रा कागज जस्तै ठानिन्छन् यहाँ । लठेतपठेत र धुर्तहरूकै बोलवाला भएपछि देश नठगिए को ठगिन्छ ?

मेकानिकलाई कानुनी कुराको जिम्मा दियो भने, वकिललाई गाडि बनाउन लगायो भने, सुचिकारलाई गहना बनाउन लगायो भने, गहना बनाउनेलाई लुगा सिउन दियो भने के हुन्छ ? परराष्ट्रले ठीक यस्तै कार्य गरिरहेको छ । विज्ञता नभएको काम गर्दा भूल हुन्छ । राज्यले परराष्ट्र सेवामा, योजना अयोगमा र अन्य आयोगहरूमा प्राविधिकहरूलाई प्राथमिकता दिन नितान्त जरूरी छ । प्रशासकहरू लठेतपठेतहरूकै बोलवाला चलिरहेको छ देशमा । संघीयतामा पनि राज्यले प्रविधिलाई उच्च मान्यता दिन जरूरी हुन्छ । यसो गर्दा देश ठगिने छैन ।

**डुबान हुनबाट जोगाउने उपाय**

१) तराईका फाँट हुँदै दक्षिण तर्फ बग्ने कुनै पनि नदीहरूका होचो भूभागमा गएर कुनै पनि हालतमा बाँधहरू बनाउनु हुँदैन । समतल ठाऊमा बाँध बनाएर बाँधका ढोकाहरू बन्दगरेपछि पानी माथि उठ्छ अनि तराइको होचा भूभागहरूमा डुबान हुन थाल्दछ । आउँदा दिनहरूमा तराईका होचा भूमिमा बाँध बनाउने काम कुनै हालतमा गर्नु हुँदैन ।

२) निर्माण कार्य पूरा भइसकेका पूराना बाँधहरू गेट बन्द गरी पण्डिङ् गर्दा पानी बाहिर नजाने तटबन्ध भित्रै रहने बाँधहरूलाई यथावत रूपमा सञ्चालनमा राख्न सकिन्छ । वर्षकालमा प्राविधिक टोलीले निरिक्षण गरी आयोजनाहरू र बाँधहरूको वास्तविक अवस्था पत्ता लगाउन जरूरी हुन्छ । यस्ता डुबान नहुने स्थानका बाँधहरू यथावत रूपमा सञ्चालनमा राख्न सकिन्छ । यस्ता बाँधहरूबाट धनजनको हानी नोक्सानी हुनेछैन ।

३) ठूलो भूभागमा डुबान नहुने, वस्तीहरूमा डुबानको प्रभाव नपर्ने बाँधहरूलाई पनि यथावत रूपमा सञ्चालनमा राख्न उपयोगी हुनेछ । डुबानमा पर्ने सानातिना वस्तीहरूलाई अन्यत्र स्थानान्तरण पनि गर्न सकिन्छ ।

४) ठूलो डुबान पैदा गर्ने, ठूलो भूभाग डुबाउने ठूला बस्तीहरू डुबानमा पर्ने ठाउँका बाँधहरूलाई केही होचो गराउन सकिन्छ । गेटहरू होचो गरेपछि पानीको लेभल स्वतः तल झर्छ । बस्तीहरूमा र फाँटहरूमा डुबान हुनबाट बचाउन सकिन्छ । प्राविधिक निरिक्षण प्रतिवेदनको आधारमा आयोजनाहरूमा सुधारकार्यहरू गर्न उपयोगी हुनेछ ।

५) बाँधको हाइट घटाउन नमिल्ने, फाँटहरूमा र वस्तीहरूमा डुबान पैदा नगर्ने जुन बाँधहरू छन्, तिनलाई डिस्मेन्टल गरी Upstream तिर सार्न अनिवार्य हुन्छ । Upstream तिर सारेपछि डुबान हुने सम्भावना रहँदैन । दुवै देशका संयुक्त प्राविधिक टोलीबाट निरीक्षणको कार्य गरी प्राविधिकको राय अनुरूप कार्य गरेर बाँधहरूको कारणबाट हुने गरेको डुबानलाई रोक्न सकिन्छ ।

**राज्यले प्रविधिलाई अपनाउनु पर्ने**

१) योजना आयोग राज्य उत्थानका आयोजनाहरू तर्जुमा गर्ने स्थान हो । यो प्राविधिक थलो हो । विज्ञता हासिल गरेका प्राविधिकहरूको बाहुल्यता हुन जरूरी छ यहाँ । राजनैतिक प्रभावबाट प्रविधिलाई जति टाडा राख्न सकिन्छ त्यति नै छिटो राज्यको उत्थान हुन सक्दछ ।

२) परराष्ट्र सेवा बाहिरी मुलकसँग सम्बन्धित सेवा हो । फट्याइ धुर्त्याइँले मात्र यहाँ काम चल्दैन । इन्जिनियरिङ्को टोक्नोलोजीको ज्ञान भएन भने देश ठगिन्छ, प्राविधिकको उपस्थिति नहुनाले नै देश पटक पटक ठगिएको हो । इन्जिनियरिङ्को टेक्नोलोजीको ज्ञान भएन भने देश ठगिन्छ । समग्र देशको विकास गर्न प्रविधिको खाँचो पर्दछ । यहाँ प्राविधिक ज्ञान नभएका प्रशासक तथा कुटनीतिज्ञहरूको कारण देश पटक पटक ठगिएको छ । आउँदा दिनमा परराष्ट्र सेवाले टेक्नोलोजी जानेका विज्ञहरूलाई भित्र्याई मित्रराष्ट्रहरूमा खटाउनु पर्दछ । प्रविधि जानेको मानिसले देशलाई ठगिनबाट जोगाउने छ ।

३) निर्वाचन आयोग राजनैतिक कुराहरूसँग सम्बन्धित छ । निर्वाचन आयोग बाहेकका अन्य आयोगहरूमा प्राविधिक ज्ञान भएका विशिष्टता हाँसिल गरेका विद्वान्हरूको खाँचो छ । विज्ञहरू नै चयन हुन जरूरी हुन्छ । प्रविधिको चयन भयो भने राज्यले बल्ल कोल्टो फेर्न सक्ने छ । संघीयतालाई सफल बनाउन प्रविधिलाई प्राथमिकता दिनु अपरिहार्य छ ।

**सारसंक्षेप**

आउँदा दिनमा राज्यले हरक्षेत्रमा टेक्नोलोजीलाई अपनाउनु पर्दछ । टेक्नोलोजीको विकासबाटै राज्यको उत्थान हुन्छ । राजनैतिक पूर्वाग्रह दुराग्रहबाट माथि उठेर प्रविधिलाई अनुशरण गर्न सक्यो भने राज्यको उत्थान हुनेछ । डुबान र अन्य संकटबाट देशलाई जोगाउन सकिने छ । छिमेकी मुलुकसँगका वार्ताहरूमा पनि प्रशासकहरूको अलवा प्राविधिक टोली पनि साथमा हुनु अनिवार्य छ । ◆◆

# साहित्य युगद्रष्टा हुन सक्नु पर्दछ



**सीताराम नेपाल**

***नेपाली साहित्यमा कहिले देखि लाग्नु भयो ?***

- त्यस्तै १६, १७ वर्षको उमेरदेखि कविता कोर्न थालेको हुँ । प्रकाशित पहिलो रचना पनि कविता नै हो मेरो । त्रिचन्द्र कलेजको स्व.वि.यु.को मुखपत्र- घन्टाघर- मा २०३७-०३८ सालतिर -शहीद- नामक गद्य कविता प्रकाशित भयो । त्यसपछि मातृभूमि साप्ताहिक, बुधवार साप्ताहिक आदिमा केही कविताहरू प्रकाशित भए । मैले केही संस्मरणहरू पनि लेखेँ । ती संस्मरणहरू सम्बन्धित व्यक्तित्वहरूको स्मृतिग्रन्थहरूमा तथा छलफल साप्ताहिक आदि पत्रपत्रिकामा प्रकाशित भएका छन् ।

झण्डै आधा उमेर ढल्कन लागेपछि आख्यान लेखनतिर लागेँ । मेरो पहिलो प्रकाशित कथा – 'सतित्व बाडिदैन' हो, जुन २०५८ सालको फागुनको मधुपर्क मासिकमा प्रकाशित भएको थियो । मेरो पहिलो प्रकाशित कृति कथासङ्ग्रह 'यो उही कथा' हो । कथासङ्ग्रहहरू-'आदर्शको अवसान' र 'रगतको साइनो' लेखि प्रकाशनको तयार गर्दै गर्दा मेरो कौतुहलता लघुकथामा केन्द्रीत भयो ।

***लघुकथा नै किन छान्नु भयो ?***

- कथा लेख्दै र अध्ययन गर्दै जादा लघुकथामा आकर्षित भएँ म । छोटो तर पूर्ण, रोचक वा घोचक, ब्यङ्ग्य आदि लघुकथाको विशेषता मलाई मन पऱ्यो । लामो कथा, निवन्ध, उपन्यासको सार तीन चार लाइनको वा एक अनुच्छेद जत्रो लघुकथामा अझ प्रष्टिएको पाएर म यता लागेँ । मधुपर्कको प्रत्येक अङ्कमा २,३ वटा लघुकथाहरू प्रकाशित हुन्थ्यो । कहिलेकाही गो.प.को शनिबारीय अङ्कमा पनि त्यो आउथ्यो । ती लघुकथाहरू नविराइ हेर्दथेँ र मधुपर्कको लघुकथा विशेषाङ्क-२०५६, श्री ओम रोदनको लघुकथासंग्रह- आँखीझ्याल, विनय कसजुबाट सम्पादित-प्रतिनिधि नेपाली लघुकथाहरू, लघुकथा लेखन सम्बन्धमा प्रकाशित विभिन्न कार्यपत्रहरू, रविन्द्र समीरका लघुकथासंग्रहहरू, सुमन सौरभ, गोपाल अश्कका लघुकथासंग्रहको अध्ययन र लघुकथा समाजको सम्पर्कबाट लघुकथा लेख्ने विधिहरू अध्ययन गरी लघुकथा लेख्न थालेँ । मेरो पहिलो प्रकाशित लघुकथा चाहिँ 'कुन्नी के थाहा' गोरखापत्रमा प्रकाशित भएको थियो । त्यसपछि मधुपर्क, गोरखापत्र, शब्दसंयोजन, शब्दाङ्कुर आदिमा समय समयमा मेरा लघुकथाहरू प्रकाशित भएका थिए । मेरा अधिकांश लघुकथाहरू पाठकबाट मनपराइएका हुन्थे । मेरो पहिलो लघुकथासङ्ग्रह 'रातो डायरी' शब्दार्थ प्रकाशनबाट २०७४ भदौमा प्रकाशित भयो । यो सङ्ग्रहको लोकार्पण लघुकथा दिवसको उपलक्षमा भदौ ५ गते मुर्धन्य आख्यानकार एवं प्राध्यापक श्री मोहनराज शर्माज्यूले गर्नु भएको थियो । यसमा ५२ वटा लघुकथाहरू छन् ।

***आजको लघुकथा कस्तो होस् जस्तो लाग्छ तपाईँको विचारमा ?***

- नेपाली लघुकथा लेखनको उमेर १०० वर्ष ननाघेको अथवा थोरै भए पनि यो विधा पूर्वीय वा पाश्चात्य साहित्यको पौराणिक विधामा पर्दो रहेछ । यो दशकमा नेपाली भाषाका लघुकथाका सर्जकहरू र सृजनाहरू दिन प्रतिदिन फैलिरहेको तथा क्रमश समुद्रको गहिराइमा पुगेर पाठकमाझ मोती पस्किने प्रयास भइरहेको पाइन्छ । यति छोटो आयुमा साहित्यका अन्य विधामा यति परिस्कार, स्पष्टता, विकास भएको सायदै पाइएला । केही पुराना आख्यानकारहरूका साथै थुप्रै नयाँ सर्जकहरू लघुकथा लेखनमा आकर्षित भइरहेका छन् । मात्रात्मक सृजनालाई गुणात्मक कसरी बनाउने भन्ने चाहि चुनौति देखिन्छ आजको लघुकथा लेखनमा । झट्ट हेर्दा सजिलेजस्तो लाग्ने तर विधि पुऱ्याएर लेख्न कठिन हुने आख्यान रहेछ लघुकथा । जे होस् शनै शनै लघुकथा लेखन विधि पनि क्रमशः नियमबद्ध हुदै सिद्धान्तकृत भएर स्थायित्व बन्दै गएको पाइन्छ ।

आजको लघुकथामा विषयवस्तुलाई अझ परिस्कृत तरिकाले, सुक्ष्मरूपमा प्रस्तुत गर्नु पर्ने, लघुकथा शुरूदेखि छहराको पानीझैँ बेगले बगेर दुई वा बढी घटनाहरूलाई समेट्दै साह्रै संक्षिप्तमा टुङ्गोमा पुग्दा ब्यङ्ग्यात्मक झड्का दिनु पर्ने अर्थात् एक विन्दुमा सिन्धुको स्वाद-यो एक्काइसौँ शताब्दीको समयको मागलाई आजको लघुकथाले पुरा गर्नु पर्दछ जस्तो लाग्दछ मलाई । बिजुली चम्केजस्तो झिलिक्क भइ निमेशभरमा सकिने वा चटनीजस्तो पीरो, अमिलो वा तितौरा जस्तो तीतो, मीठो, व्यङ्ग्यले भरिपूर्ण भएको लघुकथा आजको समयको माग हो । मेरो ध्यान यिनैमा केन्द्रित हुनेछ ।

***हिजोको नेपाली साहित्य हेर्दा भोलिको नेपाली साहित्य कस्तो हुनुपर्ला ?***

- समय परिवर्तित र गतिशील छ । त्यसैले जे सुकै चीज, वस्तु हिजो जस्तो थियो आज त्यस्तो रहन सक्दैन, त्यसमा परिवर्तन भइरहेको हुन्छ । साहित्यमा पनि यही नियम लागू हुन्छ । हिजोको नेपाली साहित्य हिजोको समय सुहाउँदो थियो । समय परिवर्तन भएर हिजोको बदलामा आज भएको छ । साहित्यमा पनि यो देखिन्छ जस्तै भानुभक्तकालीन नेपाली साहित्य समय अनुसार विकसित र परिवर्तित हुदै महाकवि देवकोटासम्म आइपुग्दा कति परिवर्तन र परिमार्जन भयो । त्यसैले साहित्य आजको परिवेश, युग बोधक, भविष्य द्रष्टा हुनु पर्दछ । निरन्तर परिवर्तन समयको माग हो जो मात्रात्मकबाट गुणात्मक फड्को मार्न सकोस् । हाम्रो नेपाली समाजले शनै शनै निरन्तर परिवर्तन हुदै गुणात्मक फड्को माऱ्यो । यसमा भविष्य द्रष्टा साहित्यको ठूलो योगदान छ । अब 'जहाँ नपुगे रवि उहाँ पुगे कवि' अथवा महाकवि देवकोटाको 'उडि छुनु चन्द्र एक' लाई सार्थक पार्न नेपाली साहित्यले युग बोध गरी अगाडि छलाङ मार्नु पर्दछ ।

नेपाली साहित्य उत्तरआधुनिकताको नाममा अराजकता, उच्छृङ्खलता वा सस्तो माया प्रेम वा वियोगमा मात्र डुवाउने हुनु हुदैन । जीवनका अन्य सुस्केरा, पीडा, दुख आदि भावनात्मक संवेगलाई माया प्रेम वा वियोगमा मात्र सीमित नराखी सर्वसाधारण मानिसको दैनिक जीवनका आरोह, अवरोह, सुख, दुख, दुख पाउनुको कारण तथा दुखबाट चीरकालसम्मको छुट्कारा वा मुक्तिको बाटो अबको साहित्यले देखाउन सक्नु पर्दछ ।

***तपाईँ त अमेरिका बसेको मान्छे, के यो देशको खाएर, हुर्केर, जवान भएपछि यो देश चाहिँदैन भनेर युरोप अमेरिकामा स्थायी ग्रिनकार्ड लिएर बस्ने मान्छे राष्ट्रघाति होइनन् ?***

- ग्रिनकार्ड स्थायी हुँदैन । १० वर्षको अस्थायी हुन्छ । पूरा १० वर्ष बस्नेले त्यसपछि आफ्नै मुलुकमा फर्किनु पर्छ कानूनतः । तर ५ वर्षपछि













इच्छा हुनेले पुरानो नागरिकता त्यागेर अमेरिकी नागरिकता लिन सक्ने नियम रहेको छ । अतः ग्रीनकार्ड स्थायी हुँदैन । ग्रीनकार्ड लिदैमा राष्ट्रघाती भइदैन । राष्ट्रघात गर्न विदेशिनु पर्दैन । विदेशिएपछि कसरी राष्ट्रघात गर्न सकिन्छ र ? विदेशिएकाले मुलुकलाई घात गरेको उदाहरण इतिहासमा सायदै पाइएला । राष्ट्रघात गर्नेहरू नेपालमै छन् । सानकासाथ बसेका छन्, ठूला दलका झण्डा ओढेका छन् । हिजो दरबार वरपर बस्थे । आज दलका वरपर बसेका छन् । टनकपुर सन्धी के विदेशमा बस्नेले गरेको थियो ? महाकालीको शीर पंचायतकालमा सुम्पेको र गुप्त राखेको कसलाई थाहा छैन र ?

म स्थायीरूपमा प्रवासिएको होइन । मेरो ग्रीनकार्ड भएको साढेतीन वर्षमात्र भयो । अमेरिकाको नागरिक बन्ने मेरो चाहना छैन । त्यसैले प्रवासिएका यी वर्षहरूमा वर्षको एकपटक नेपाल पुगेको हुन्छु । बिनासकारी भुकम्प जादा म नेपालमै थिएँ । वसन्तपुर दरवार क्षेत्र, कलंकी, कुलेश्वर, पुरानो नैकाप, बलम्बु, टेकु आदि स्थानमा दुई महिनासम्म भग्नावशेषको सफाइ, उद्धार तथा अस्थाई टहरो बनाउने काममा सहयोग गरैँ । अनि मैले नेपालमा आएर आफ्नो लघुकथा कृति-रातो डायरी आफ्नै लगानीमा प्रकाशित गराएँ । मेरो निम्सरो सबै सम्पत्ति काठमाडौँमा छ । मेरो परिचय, समाजलाई मैले दिएको थोरै योगदान, श्रम, पसिना काठमाडौँमै छ ।

म भन्दा धेरै पहिलेदेखि थुप्रै अग्रज सर्जकहरू प्रवासिएका छन् तर उनीहरूले पनि आफ्नो मातृभूमिलाई सक्दो सहयोग, योगदान दिइरहेका छन् । नेपाल उभो लागोस्, विकास होस्, उन्नति गरोस् भनेर विदेशिएका थुप्रै सर्जकहरूले नेपालीहरूलाई पुकारी रहेका छन् । 'मेरा पूर्वज नेपाली थिए' भनेर गर्व गर्ने नोवेल पुरस्कार विजेता भि.एस. नैपाल पनि त छन् संसारमा । 'बुद्ध बर्न इन नेपाल' जस्तो देशभक्तिपूर्ण सिनेमा म जस्तै ग्रीनकार्डवाला सिनेकर्मी रमित ढुङ्गानाले बनाएका हुन् । तर देशभित्रका नेपालीहरू भने सधैंभरि भ्रष्ट, अकर्मण्य, स्वार्थीहरूलाई चुनी चुनी चौतारामा पुऱ्याइ रहेका छन् । यो चाहि बडो बिडम्बना नै हो ।

साँच्चै भन्नु हुन्छ भने मातृभूमिको सच्चा माया विदेशिएपछि मात्र लाग्दो रहेछ भन्ने मलाई लागेको छ । मलाई मात्र होइन विदेशिएका अधिकांश नेपालीहरूलाई सोध्नुहोस् त यही भन्नेछन् ।

वास्तवमा स्वदेशमा जति थरिका मान्छे छन् त्यस्तै प्रवासिनेहरूमा पनि त्यसको प्रतिविम्ब पाइनु अन्यथा हुदैन । चाहे देशभित्र चाहे प्रवासमा सबैजना दूधले नुहाएको पाइदैन । त्यसैले खल्यामट्या चामल र राम्रो चामललाई हात्ती र हात्तीछाप चप्पल उस्तै हुन् भन्नु हुदैन ।

***नेपालमा भित्रिएको रेमिट्यान्स युरोप, अमेरिका जानेबाट होइन, खाडी, कोरिया, जापान गएर मजदुरी गर्नेको मात्र हो भनैं भने के भन्नु हुन्छ ?***

- यो भनाइ गलत हो । युरोप, अमेरिका, अष्ट्रेलिया, जर्मन जस्तै थुप्रै नेपाली विद्यार्थीहरू जापान गएर डिग्री लिएर त्यहीँ रोजगारी गरी बस्नेहरू पनि छन् । संख्यात्मकरूपमा खाडी, दक्षिण कोरिया, मलेसियामा अदक्ष कामदारको रूपमा नेपालीहरू धेरै गएका छन् । दक्षताविना कडा श्रम गरे पनि उनीहरूको कमाइ थोरै हुन्छ र रेमिट्यान्सको असर त्यहाँ हुन्छ । यता उच्च शिक्षा लिन युरोप, अमेरिका, अष्ट्रेलिया, जर्मन, जापान गएर डिग्री हासिलपछि उच्चस्तरीय रोजगारी र कमाइ हुने हुनाले त्यस्ताले पठाएको रेमिट्यान्सको मात्रा केही घटि भए पनि उल्लेखनीय हुन्छ भन्ने कुरा बिर्सनु हुँदैन । (जस्तै एन.आर.एन )।

नेपाल सरकारले कुन देशमा विद्यार्थी कति गए, कामदार कति गए, कति फर्के, कति उतै छन्, कतिजना विदेशिएका छन् आदिको केही तथ्यांक राख्न नसकेको हुनाले कहाँबाट कति रेमिट्यान्स भित्रियो, यसको लेखाजोखा पनि भए जस्तो मलाई लाग्दैन । त्यसैले यो प्रश्न असान्दर्भिक हुनुको साथै साहित्यसंग असम्वन्धित छ भन्ने मलाई लाग्यो ।

***युरोप, अमेरिका, अष्ट्रेलिया जानेले त यहाँको घरवार बेचेर यताको सम्पत्ति उतै पो बरू लगेको देखिन्छ नि ?***

- पहिलो कुरा नेपालीहरू युरोप, अमेरिका कसरी गए ? रहरले अध्ययन गर्न गए कि ! दलालहरूको लहैलहैमा कति शरणार्थी हुन गए । अमेरिकामा त डि.भी. चिठ्ठा परेर पनि गएका छन् । तब के कामका लागि कसरी गए, जाँदा ऋण बोकेर गए कि ऋण बोकाएर गए, त्यो हेर्नु पर्दछ । मलाई यसवारेमा धेरै थाहा छैन । विदेश अमेरिका जादा एअरपोर्टमा अध्यागमनले विद्यार्थीलाई बाहेक एक जनालाई एकपटकमा यु.एस.डलर २५ सय मात्र लैजान दिन्छ । फर्कदा चाहि यु.एस.डलर ५ हजारसम्म विनाशुल्क भित्र्याउन दिन्छ । अमेरिकाले चाहि एकपटक विदेश जाँदा १० हजार डलर लग्न दिन्छ ।

यो भूमण्डलीकरणको युगमा नेपालका धनाढ्यहरूले नेपालमै बसीबसी चुड्की बजाएर जसरी नेपालको सम्पत्ति बाहिऱ्याउन सक्छन् र बाहिऱ्याइरहेका पनि छन् । हिजो कतिपय दरवारियाहरूले र केही ठूला पंचेहरूले स्विस बैंकमा पैसा राखेको तथ्यको बेला बेलामा चर्चा भएकै छ । पैसा आयात निर्यात गर्ने अवैध बाटाहरू धेरै छन् भन्ने सुनिन्छ । कतिपय विदेशिने नेपालीहरूले तपाईंले भने जसरी लगेका होलान् तर सबैले होइन ।

मेरा वरपरका नेपालीहरू (जो कि त पढ्न विदेशिए, कि डि.भी परेर विदेशिएका छन्) ले नेपालबाट बिदेशमा पैसा लग्ने होइन, जसोतसो अमेरिका गएर बडो दुख गरेर हप्ताको ६ दिन दिनको १८ घन्टासम्म काम गरेर नेपालमा पैसा पठाएको देखिरहेको छु । अर्को बडो दुखको कुरा नेपालको गाउँगाउँबाट मानव तस्करीका

दलालहरूले १८,१९ वर्षदेखि ४० वर्षभित्रका नेपालीहरूलाई लोभ प्रलोभन देखाएर घरखेत बन्दकी राख्न लगाएर शरणार्थी बनाउन चोरबाटोबाट अमेरिका पठाइरहेका छन् । त्यसरी अमेरिका पुगेर जेलबाट बाहिर निस्कदासम्म उसको ७५ लाख वा सो भन्दा बढी खर्च भइसकेको हुन्छ । तर शरणार्थी बनेर अमेरिका आउने क्रम जारी छ । पोर्चुगलमा शरणार्थी नेपालीहरूको बिजोग हेरि नसक्नुको छ रे । शरणार्थी बन्नेहरूले बाबु, आमा मर्दा कृया गर्न समेत स्वदेश आउन सक्दैनन् । हाम्रो परम्परागत संस्कारबाट हामीलाई बिमुख पार्ने अन्तर्राष्ट्रिय मानव तस्करको बेजोडको सन्जालको प्रगाढ प्रेम कसैले तोड्न सक्ला जस्तो लाग्दैन ।

अनि वर्षौं दुख, कष्ट गरेर धनाढ्य भएका प्रवासी नेपालीहरूको अग्रसरतामा विश्वभर छरिएका नेपालीहरूको साझा संस्था- एनआर.एन.ले छोटो समयमा नेपालमा उल्लेखनीय केही क्षेत्रमा राम्ररी लगानी गरेको पनि देखिएको छ । प्रवासी नेपालीले कमाएको पुँजी नेपालमा भित्र्याउनलाई नै होला हालको संविधानमा प्रवासी नेपालीहरूलाई राजनीतिक अधिकार बाहेक अरू अधिकार दिएको छ ।

***साहित्यमा लाग्नुको कुनै प्रेरणा स्रोत छ कि ?***

- अग्रज साहित्यकारहरूका सृजनाहरू मेरो प्रेरणाका स्रोत हुन् । कवितातर्फ भन्नुपर्दा, महाकवि लक्ष्मीप्रसाद देवकोटाका मुनामदन, लेखनाथ पौडेलको पिँजडाको सुगा, गोपालप्रसाद रिमालको आमा, सिद्धिचरण श्रेष्ठ, धरणीधर कोइराला, आख्यान विधामा गुरूप्रसाद मैनाली देखि रमेश विकलका आख्यानहरू, विश्वेश्वरप्रसाद कोइरालाका मनोविश्लेषक कथाहरू र उपन्यासहरू, लीलाबहादुर क्षेत्रीको बसाइँ, लैनसिंह वाङ्देलको मुलुक बाहिर, डायमनशमशेर राणाको सेतो बाघ, हृदयचन्द्रसिंह प्रधानको एकचिहान, प्रदीप नेपालका उपन्यासहरू, नारायण ढकालका उपन्यास र कथाहरू, म्याक्सिम गोर्कीको आमा, लु सुनका कथाहरू आदि इत्यादि अध्ययनबाट लेख्न मन लागेको हो ।

लघुकथा लेखनमा प्रत्यक्ष प्रेरणा दिने र प्रकाशित गरी दिने, श्रीओम रोदन, परोक्ष प्रेरकहरू चाहि विनय कसजु, श्रीओम रोदन, डा. रविन्द्र समीर, सुमन सौरभाद्वारा सम्पादित वा रचिएका लघुकथासंग्रहहरू, मधुपर्क लघुकथा विशेषाङ्क २०५६, २०७२ आदि ।

***साहित्यमा लागेर के पाउनु भएको छ ?***

- पहिला पहिला अरू साहित्यकारहरूको सृजनाहरू हेरेर(अध्ययन गरेर) कल्पन्थेँ । मैले पनि छापिन सक्ने गरी लेख्न सके कस्तो हुन्थ्यो भन्ने लाग्दथ्यो । धेरै समयको अध्ययन, चिन्तन, मनन र अभ्यास पछि मेरा रचनाहरू छापिन थाले । अधिकांश सृजनाहरू पाठकबाट मन पराइयो । त्यसैले एक किसिमको सुक्ष्म सन्तुष्टि पाएँ मैले । साहित्यिक मनहरूले यो पनि कथाकार हो भन्न थाले । कविता, गजल, मुक्तक, हाइकु कहिलेकाही गोरखापत्र, मधुपर्क, बुधवार साप्ताहिक, शब्दसंयोजन, शब्दाङ्कुर आदिमा छापिएको देख्दा आनन्द लाग्दथ्यो । अनि यसले पनि लेख्छ भनेर 'साहित्य सन्ध्या'ले आफ्नो मासिक कार्यक्रममा मलाई पनि बोलाउँछ र सकेसम्म उपस्थित भएर रचना पाठ गर्ने गरेको छु । त्यसबाहेक मानसिक तथा भौतिक श्रम, प्रकाशन खर्च सबै गुमाइएको छ तर सन्तुष्ट छु ।

***कुन कुन विधामा के के लेख्नु भयो ?***

- गद्य कविताहरू, मुक्तक, हाइकु, गजल, निबन्धहरू, यात्रा संस्मरण, अग्रजहरूको आंशिक जीवनी, कथा, लघुकथा ।

तर प्रकाशित पहिलो कविता चाहिँ 'शहीद' हो । त्रिचन्द्र कलेजको स्ववियुको मुखपत्र 'घन्टाघर' मा २०३८-०३९ सालतिर प्रकाशित भएको थियो । त्यसपछि मातृभूमि साप्ताहिकका केही अङ्कहरूमा तारा शर्माको नामबाट मेरा केही कविताहरू प्रकाशित भए । अलिपछि बुधवार साप्ताहिकमा केही प्रकाशित भए ।

मैले केही संस्मरणहरू पनि लेखेँ-पूर्व प्रधानमन्त्री 'मनमोहन अधिकारी-कर्मचारीका असल अभिभावक', छलफल, सम्बोधन साप्ताहिकमा, निजामती कर्मचारी संगठनका तत्कालीन महासचिव एवं एमाले उपत्यका समन्वय कमिटिका सचिव स्व. श्यामबाबु दाहालको बारेमा, कालिमाटीका लोकप्रिय नेता स्व. जीवन मानन्धरका बारेमा, 'कवि जनकप्रसाद हुमागाईंको लुकेको यो पक्ष' चाहि उहाँहरूको योगदानको बारेमा संकलित ग्रन्थहरूमा प्रकाशित भएको छ र एमालेका नेता भरतमोहन अधिकारीको नेतृत्वमा २०५६ जेठमा १५ दिने चीन भ्रमणमा जाँदा, चीनका विभिन्न प्रान्त-सांघाइ, वेइजिङ्, ग्रेटवाल, ग्वाङ्जाओ, सियानको अवलोकन र वरिष्ठ चिनिया नेताहरूसँगको भेटवार्ता आदिका बारेमा छलफल साप्ताहिकका केही अंकहरूमा लेखेँ । 'कवि जनकप्रसाद हुमागाईंको लुकेको यो पक्ष' चाहिँ उहाँ नर्बिक अस्पतालमा जीवनको अन्तिम समयमा मैले भेटेपछि उहाँको जीवनकालमै लेखेर उहाँ स्वयंलाई देखाएको हुँ ।

**तपाईँका प्रकाशित कृतिहरू के के हुन् ?**

मेरो पहिलो प्रकाशित कृति कथासङ्ग्रह 'यो उही कथा' हो । यो २०६४ सालमा प्रकाशित भयो । त्यसपछि कथासङ्ग्रहहरू-'आदर्शको अवसान' २०६६ मा र 'रगतको साइनो' २०६९ मा प्रकाशित भएका छन् । 'रगतको साइनो' साझा प्रकाशनले प्रकाशित गरेको हो । त्यसपछि हालै लघुकथासंग्रह- रातो डायरी २०७४ भदौमा प्रकाशित भयो । यो शब्दार्थ प्रकाशनबाट प्रकाशित भएको हो । 'रगतको साइनो' र 'रातो डायरी' बजारमा पाइन्छ ।

**अध्यात्मलाई कसरी हेर्नु हुन्छ ?**

- अध्यात्म भन्नाले अध्यात्म दर्शन भन्नु भएको हो कि जस्तो लाग्यो । दर्शन भनेको दृष्टिकोण हो । विगत देखि सुदुर भविष्यसम्मको सत्यतालाई जस्ताको त्यस्तै देख्न सक्ने, व्याख्या विश्लेषण र तर्क गर्ने शास्त्रलाई दर्शनशास्त्र भनिन्छ । मूलत दर्शन शास्त्र दुई थरिका पाइन्छ - अध्यात्मवाद र भौतिकवाद । अध्यात्मले नदेखिने वा देख्न नसकिने, अनुभव गर्न नसकिने अलौकिक चीज वा वस्तुको परिकल्पना गर्दछ । जस्तै पूर्व जन्म, स्वर्ग, नर्क आदि । यसभित्र शून्यवाद, द्वैतवाद, अद्वैतवाद, (ईश्वर एक, ईश्वर अनेक) आदि पर्दछ । अध्यात्मवादले मानिस, जीवजन्तु, प्राणी जगत, पृथ्वी, सौर्यमण्डल सबै अलौकिक शक्ति जस्तै ब्रम्हाको सृष्टि रचना (पूर्व जन्मको फल) ठान्दछ भने रहस्यमा अडिएको देख्दछ । म अध्यात्मवादको ज्ञाता छुइन । त्यसैले मैले हेर्नु भन्दा पनि भएको कुरा उल्लेख गरेको छु ।

***तपाईंको जीवन दर्शन बताइ दिनुस् न ?***

- जीवन दर्शनको शास्त्रीय व्याख्या मलाई थाहा छैन । तर मलाई यति थाहा छ - मानिस हुँ मान्छे भएर रहेको छु । जस्तै कसैको शोषण गरेको छैन, लोभ लालच गर्दिनँ, स्वार्थमा लिप्त भएर आफूले गर्नु पर्ने कर्तव्य बिगारेको छैन, पिपल पाते जसरी झुट बोलेर कथनी र करनीमा फरक गर्दिनँ । कसैलाई अन्याय गरेको छैन र सकेसम्म राम्रो काम गर्ने, नेपाली समाजको सेवा गर्ने कोशिशमा छु । राम्रो गर्न नसके पनि नराम्रो चाहि गर्दिन । मानिस भएर नै मर्न चाहन्छु । पाप कर्म गर्दिन र मन्दिर पनि धाउँदिनँ ।

***अरू केही छन् कि भन्नै पर्ने कुरा ?***

- सबै कुरा माथि प्रकरण प्रकरणमा उल्लेख गरेको छु । साहित्य देखि व्यक्तिको जीवन दर्शनसम्म, अनि प्रवासिएका नेपालीसम्म । बरू एउटै कुरा बाँकी छ त्यो हो - म प्रचारमा आउन आतुर नहुने व्यक्तिलाई यो अन्तरवार्ता लिनु भएकोमा तपाईँलाई धेरै धेरै धन्यवाद भन्न चाहन्छु । मेरो सृजना पढ्नु हुने पाठकलाई नमन गर्दछु ।

साहित्य किनेर पढ्ने गर्नाले लेखकले परम आनन्द प्राप्त गर्न सक्थ्यो कि ! जस्तो लाग्दछ मलाई । अन्तर्वार्ताको लागि 'अग्निचक्र' मासिकलाई धन्यवाद । ◆◆

# उज्वल भविष्य सहकारीको साधारण सभा सम्पन्न






**ज्ञानेन्द्रबहादुर कार्की**
अर्थमन्त्री/प्रमुख अतिथि



**भुपाल आचार्य**
संस्थाका कोषाध्यक्ष/उद्‌घोषक




**लक्ष्मीनारायण भट्टराई**
पत्रकार/अतिथि

टोखा–५, बसुन्धरा, काठमाडौंमा रहेको उज्वल भविष्य बचत तथा ऋण सहकारी संस्था लि. को दशौं वार्षिक साधारण सभा हालै राजधानीमा सम्पन्न भएको छ । साधारण सभामा प्रमुख अतिथि माननीय अर्थमन्त्री ज्ञानेन्द्र बहादुर कार्की रहनु भएको थियो भने अतिथिहरूमा टोखा नगरपालिकाका मेयर प्रकाश अधिकारी, टोखा न.पा. वडा नं. ५ र ७ का अध्यक्षहरू, नेपाल सरकारका सहसचिव मोहन चापागाई, अर्थविद् गोविन्द थापा, ग्रीनसिटी अस्पतालका अध्यक्ष समेत रहेका चक्रपथ सरसफाई महाअभियानका प्रमुख अभियन्ता लोक बहादुर टण्डन, अग्निचक्र मासिकका सम्पादक/प्रकाशक एल.एन. भट्टराई लगायत विभिन्न क्षेत्र र संघ–संस्थाका समाजसेवी व्यक्तित्वहरू अतिथि रहनु भएको कार्यक्रममा वरिष्ठ समाजसेवी, बुद्धिजीवी तथा चक्रपथ सर सफाई महाअभियानका अभियन्ता भुपाल आचार्यले कार्यक्रमको उद्‌घोषण तथा संचालन गर्नु भएको थियो ।

'शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रका प्रशासन अधिकृत समेत रहनु भएका भुपाल आचार्य उज्वल भविष्य सहकारीको समेत कोषाध्यक्ष रहनु भएको र आचार्यजी कै अनुरोधमा आफू यस कार्यक्रममा प्रमुख अतिथि भएर उपस्थित भएको हुँ', भनि अर्थमन्त्री ज्ञानेन्द्र बहादुर कार्कीले भुपाल आचार्यलाई धन्यवाद दिंदै आफ्नो मन्तव्य शुरू गर्दा उपस्थित सयौं व्यक्तित्वहरूले गडगडाहट तालि बजाएर सभालाई झनै रोमाञ्चक बनाएका थिए । ८९० जना सदस्य संख्या रहेको उज्वल भविष्यको शेयर पूँजी एक करोड तेह्र लाख छियालिस हजार रूपैया रहेको छ । टोखा नगरपालिकाका सम्पूर्ण वडाहरूलाई कार्य क्षेत्र बनाएको यस सहकारीले सफलताका साथ नाफामा रहेर दशौं वार्षिक साधारण सभा सम्पन्न गर्न सकेकोमा उपस्थित विद्वान् अतिथिहरूले खुशी व्यक्त गर्दै आगामी दिनमा पनि यस्तै सफलता प्राप्त गर्दै जाओस् भनि आ–आफ्नो मन्तव्य दिनु भएको थियो ।

नेपाल सरकार सहकारी ऐन २०४८ बमोजिम स्थापित उज्वल भविष्य बचत तथा ऋण सहकारी संस्था लि. को अध्यक्ष अंक बहादुर कार्कीको सभापतित्वमा सम्पन्न साधारण सभामा अध्यक्ष कार्कीले दशौं वार्षिक साधारण सभा सफल बनाउँन उपस्थित हुनु भएका प्रमुख अतिथि, विभिन्न संघ–संस्थाबाट पाल्नुभएका अतिथिहरू, पत्रकार मित्रहरू एवं सम्पूर्ण शेयर सदस्य महानुभावहरूमा हार्दिक स्वागत तथा अभिवादन गर्दै आफ्नो प्रतिवेदन संचालक समितिको तर्फबाट प्रस्तुत गर्नु भएको थियो । गत आ. व. को भन्दा २३.३२% ले कूलसम्पत्ति वृद्धि गर्न सफल उज्वल भविष्य सहकारीको आगामी दिनहरू पनि यसरी नै उज्वल भइरहोस्, अग्निचक्र मासिकको हार्दिक शुभकामना छ ।

स्मृतियों का साया - **इ. चन्द्रेश्वरप्रसाद रौनियार**



# वागमती डिसास्टर

कहते हैं नेपाल में छोटी-बड़ी छ हजार नदियाँय हैं । उनमे वागमती नदी मध्यम स्तरीय नदियों में गिना जाता है । चार भन्ज्याङ्ग उपत्यका की छोटी बड़ी नदियाँ इसमे आकर मिलती है ।

कहावत है, परापूर्वकाल में इस उपत्यका की छोटी छोटी पहाडियों पर ही पर लोगों का बसेरा हुआ करता था और बीच का स्थल पानी से भरा हुआ, ताल था । फिर लोगों ने चोभार डाँडा को काटकर पानी को निकास दिया तो वर्तमान का लैन्डस्केप उभर कर आया । जैसे-जैसे जनसंख्या बढती गई पहाडियों से उतरकर लोग घर निर्माण करके बसने लगे । मिट्टी अच्छी तथा उपजाउ होने की वजह से खेती योग्य जमीन को लेभेल कर उपजा-पाती करने लगे । अच्छी उपज होने से दिनों-दिन लोग अमीर होने लगे इसलिए यह घाटी आसपास के बासिन्दे के लिए व्यापार तथा इर्ष्या का केन्द्र भी बनता गया । प्रारंभ में भातगाँव, पाटन, काठमांडू, तथा कीर्तिपुर में अलग अलग राजा हुआ करते थे, फिर गोरखा के पृथ्वीनारायण शाह ने समय समय पर आक्रमण कर, लडाई कर, एकीकरण किया तथा इतिहास बतलाता है कि अभी के नेपाल की सीमा भी उन्ही के वंशज की देन है ।

मैं वागमती की बातें कर रहा था, यह नदी महाभारत की श्रृंखला को चीरती हुई नूनथर पहाड़ के गौर्ज से तराई में निकलती है तथा वर्तमान में पश्चिम के रौतहट और पूर्व के सर्लाही जिला का सीमा बनते हुए गौर के नजदीक भारत में प्रवेश करती है । यही एक नदी है जिसका भारत में भी नाम परिवर्तन नहीं होते हुए जगत प्रसिद्ध गंगा नदी में समाहित होती है । तराई की जमीन समतल तथा उपजाऊ होने की वजह से वागमती का पानी सिंचाई के लिए उपयोग किया जाय की सोच बनाकर सरकार द्वारा बि. स. २०२० में सर्वेक्षण शुरु हुआ । गेटेड बैरेज डिजाइन स्वीकृत होकर प्रथम स्टेज में सर्लाही तथा रौतहट जिला के ३०००० हेक्टर जमीन को सिंचाई सुविधा प्रदान करने के लिए नहर खनने का काम भी शुरु होकर शाखा, प्रशाखा नहर तक का बहुत बड़ा भाग निर्माण हो चुका था । वागमती मल्टीपरपस हाइडैम निर्माण की कल्पना कर बैरेज में पूर्वी नहर के लिए सात तथा पश्चिमी नहर के लिए ५ हेड रेगुलेटर का निर्माण हुआ । योजना था, कि हाई डैम के बाद रौतहट तथा बारा जिलाा के अन्य ३८००० हेक्टर जमीन को सिचाई के लिये पानी उपलब्ध हो सकेगा ।

सरकार द्वारा नियुक्त कनाडियन कन्सलटैन्ट का डिजाइन डीस्चार्ज ८००० क्युमेक्स को आधार लेकर बैरेज में ३६ गेटस के साथ पूरब, पश्चिम में ३-३ अन्डरस्लूइस का निर्माण कराया गया । गेट्स अपरेसन के लिये कन्ट्रोल हाउस का निर्माण काम एक चाइनीज ठेकेदार कर रहा था । बैरेज के बगल में ही पूरब तरफ प्रोजेक्ट स्टाफ के लिये क्वार्टर तथा आफिस स्थित है । इसी बीच बि.स. २०५० श्रावण ४-६ गते इस क्षेत्र में घनीभूत वर्षा की वजह से छोटी बड़ी नदियों में बड़ी बड़ी बाढ आयी, जिसके कारण वागमती, पूर्वी राप्ती, कमला, मनुष्मारा सिचाई तथा कुलेखानी हाइड्रो इलेक्ट्रिक प्रोजेक्ट सब को बुरी तरह नोक्सान पहुँचा ।

रेकर्ड कहता है कि करीब ६०१ आदमी की जान गई, ७६३९ घर पूरी तरह नष्ट हुए तथा १७७३६ की संख्या में जानवर मरे । इसके अलावे करोडो रुपैया का सरकारी तथा निजी मकान, घर, खड़ी बाली बर्बाद हुआ । वस्तु- स्थिति के यथार्थ ज्ञान, कमी-कमजोरी तथा पुनःनिर्माण के लिये सुझाव प्राप्ति के लिये सरकार ने वागमती बेसीन के फ्लडस का केस स्टडी के लिए टर्म्स आफ रेफरेन्स के साथ समय-सीमा देकर आठ विभिन्न विषय विशेषज्ञ लोगों की एक टीम बनाई, जिसमें सिंचाई विषय के लिये मैं प्रतिनिधित्व कर रहा था ।

हम सबके द्वारा साइट निरीक्षण, प्रोजेक्ट स्टाफ, विपदा भोगी, तथा उस क्षेत्र का जियोलौजीकल, मेटिरियोलौजीकल, हाइड्रोलोजीकल अध्ययन तथा आपसी छलफल कर तैयार किया गया प्रतिवेदन विभाग में उपलब्ध है । यहाँपर मैं बहुत संक्षिप्त जानकारी प्रस्तुत कर रहा हूं ।

उत्तर से दक्षिण तरफ का जियोलौजी मुख्यतः तीन भाग क्रमश : लेसर हिमालया रौक, दूसरा सब हिमालयन या शिवालिक बनाबट तथा तीसरा तराई क्षेत्र का अलभूभियम डीपोजीट में बाँटा जा सकता है । लेसर हिमालयन जोन में मुख्यतः सीस्ट, क्वारटरजाइटस, फीलाइटस जैसे मेटामौरफीक रौक एक दूसरे से इन्टरबेडेड हैं । शिवालिक जोन में सैन्डस्टोन, मडस्टोन, मार्ल, सेलस, सैन्ड तथा पेबुल बेडस, सील्ट स्टोन आदि बहुतायत मात्रा में हैं । ए, सब अनस्टेबल कन्डीसन में होने के कारण लैन्ड स्लाइड्स, डेब्रीस फ्लो बड़ी मात्रा में हुआ जो इस विपदा का मुख्य कारण बना ।

पानी से संवधित किसी भी संरचना निर्माण के लिये हाइड्रोलौजीकल तथा मेटीरियालौजीकल डाटा बहुत महत्वपूर्ण पार्ट खेलता है, पर इस तरह का रीयल टाइम डाटा कलेक्सन, प्रौसेसींग तथा अनालाइजींग कर प्रसारित करने के लिये संस्था में संजाल तथा स्टाफ की काफी कमी है, जिसकी वजह से मौसम का मिजाज भाँप कर यथासमय जनता को अथवा संवधित अधिकारी को सावधान किया ही नहीं जा सकता । फलतः विपदा से लडने में कोताही आती ही रहती है, वागमती की विपदा इसका प्रत्यक्ष उदाहरण बनता है । मैं इन सब की विस्तृत व्याख्या में न जाकर मुख्य दुर्घटना के बारे में बताने जा रहा हूँ ।

बैरेज के ऐक्सीस के अपस्ट्रीम में मुख्यतः खोखना, कुलेखानी, खोखाजोर,तथा मरीन खोला आकर वागमती से मिलती है । कुलेखानी का मंडी खोला में निर्मित हेड वर्क्स को काफी नोक्सान पहुँचा । वर्षात का पहला मौसम होने से उस समय रीजरभ्वायर प्रायः खाली ही था, इसलिए उपर से आया हुआ पानी तथा डेब्रीस को रोकने में इसने अच्छी भूमिका निभाई । कुलेखानी के गेज अनुसार इस घनीभूत वर्षा का औसत बहाव ९३५ क्यूबीक मीटर प्रति सेकेन्ड

(कयुमेक्स) ९ घंटे की अवधि तक रहा । एक स्पीलवे से जो कि सरभीसींग के लिए उस समय खोला गया था, तत्कालिक बहाव १४५० क्युमेक्स नापा गया । जुलाई १९ के ९.०० बजे सुबह से जुरीखेत खोला की बाढ ने पेनस्टौक पाइप को बहा दिया जिससे कुलेखानी से बिजली उत्पादन बन्द हो गया ।

वागमती बैरेज के अपस्ट्रीम में रहे खोखाजोर, मरीन तथा क्यान खोला से बाढ के साथ प्रशस्त मात्रा में डेब्रीस वागमती में आया । लैन्ड स्लाड्स तथा डेब्रीस बहाव जानकारी के लिए समय की पाबन्दी के वजह से खास सर्वे हमलोग नहीं कर पाये पर हेलीकोप्टर फ्लाइट में बहुत सारे

जियोलौजीकल तथा जियोडायनामिक प्रैासेस देखने को मिला । दूर की पहाड़ी श्रृंखला से कोई खास डेब्रीस नहीं आया पर वागमती की मुख्य धारा से नजदीक के अपस्ट्रीम के शिवालिक श्रृंखला में आया हुआ लैन्डस्लाड्स ने काफी मात्रा में सेडीमेन्ट्स लाया । इस मौनसुन मौसम के कम दवाब वाला घना बादल जो साधारणतया उत्तर भारत के समतल क्षेत्र में रहता है १९ जुलाई को इस मध्य तराई के फूटहील से टकडाकर जोडो की वर्षा की ।

रेनगेज के रेकर्ड अनुसार २० जुलाई की सुबह बिगत २४ घंटा में मकवानपुर के टेस्टुंग में ५४० मीमी तथा सिन्धुली के घन्टेमाडी में ४८२.२ मीमी पानी पड़ा । इसका मतलब हुआ ६५मीमी प्रति घंटा, इस घनीभूत प्रकृति की वर्षा ने विपदावाली बाढ को जन्म दिया । फील्ड सर्वे से प्राप्त सूचना के आधार पर बैरेज से १.५ किलोमीटर अपस्ट्रीम का पीक डीस्चार्ज ११७०० क्यूमेक्स था ।

कनाडियन रेजीडेन्ट इन्जीनियर श्री हीलबर्ट बोक्मा से प्राप्त रीपोर्ट तथा साइट निरीक्षण अनुसार बाढ ने अपने साथ सेडीमेन्ट के साथ काफी संख्या में छोटे बड़े बृक्ष, झाडी आदि भी लाया था जिसने बैरेज के गेटों को बाढ तथा प्रत्यक्ष वर्षात से उत्पन्न पानी के बहाव को पूरी तरह रोक दिया ।

फलत: गेटस के उपर से सेडीमेन्ट को लिए हुए बाढ का पानी पूर्वी तटबन्ध के उपर से जाने लगा । पानी की मात्रा काफी होने से पश्चिमी किनारा के तटबन्ध को भी तोडते हुए अपना नया रास्ता ही ले लिया । गेट के लिए निर्मित पीयरे वा पाया सब भी इन बृक्षो तथा सेडीमेन्ट से आछन्न होकर पानी के बहाव को छेक रखा था फलत: गेटस को उठाने के लिए बने हुए कन्ट्रोलघर का फाउन्डेसन भी बहाव की चपेट में आकर ढह गया । और इसकी रक्षा के लिए उस समय कार्यरत तीन चाइनीज इन्जीनियर भी पानी के बहाव झेलते हुए बह गए । बाद में नदी के डाउनस्ट्रीम में उनकी लाश मिली । निर्मित बैरेज पूरी तरह गाछ, बृक्ष, डेब्रीस, सेडीमेन्ट से आच्छादित हो गया था पर गेटस को कोई विशेष क्षति नहीं पहुँची थी । मुख्य तथा शाखा नहरे एक से दस फीट तक बाढ से लाए गए सेडीमेन्ट से भर गयी पर इनमे निर्मित स्ट्रक्चर को बड़ी क्षति नहीं पहुँची थी । नीचे पुच्छर में निर्मित प्रशाखा नहर में निर्मित स्ट्रक्चर करीब करीब नष्ट ही हो गए ।

भविष्य में बनाये जानेवाले मल्टी परपस हाइडैम का एक हिस्सा रहे, सोच के साथ वागमती बैरेज का डिजाइन किया गया था, जबकि यह कल्पित हाइडैम सिर्फ कल्पना ही थी उसका कोई विस्तृत अनालीसस किया ही नहीं गया था ।

उपर वर्णित जियोलौजी, इस तरह के हाईडैम का निर्माण, खतराजनक स्थिति को निमंत्रण करना बतलाता है । इसलिए बैरेज में बनाये गये पूर्वी नहर के लिए सात तथा पश्चिमी नहर के लिए ५ हेड रेगुलेटर के खर्च को भी जस्टीफाइ नहीं किया जा सकता ।

उसी तरह कनाडियन कन्सलटैन्ट का कलकुलेटेड डिजाइन डीस्चार्ज ८००० क्युमेक्स भी गलत ही निकला क्योंकि १.५ किलोमीटर बाँधसाइट के अपस्ट्रीम में कमप्युट किया गया वागमती का उस रोज का पीक डीस्चार्ज ११७०० क्युमेक्स था । कुलेखानी, तथा कर्मैया में सन् १९७५ का ९००० क्युमेक्स तथा सन् १९७९ का ८६५० क्युमेक्स नापा गया पीक डीस्चार्ज को भी कन्सलटैन्ट द्वारा आउट लायर्स कहकर नेगलेक्ट करने को जस्टीफाइ नहीं किया जा सकता ।

बैरेज ऐक्सीस की चौडाई ४३५ मीटर रखा गया जबकि कुछ ही दूरी पर रहे नूनथर गौर्ज की चौडाई सिर्फ १२० मीटर है । यह दूसरी बड़ी गलती या महागलती थी, क्योंकि छोटी चा}डाई के तुरन्त बाद बड़ी चौडाई में आने पर बड़ी या छोटी बाढ अपने साथ लाई हुई सेडीमेन्ट को वहीं पर छोडेगी ही, यह इन्जीनिरिङ्ग का सामान्य सिद्धान्त है और यही हुआ भी । जिसकी वजह से बैरेज का पूरा ऐक्सीस चोक अप होकर फ्लड दायें-बायें रास्ता खोजने लगा और बहुत बड़ी गति यानी हाई स्पीड होने की वजह से नेपाल भारत की सीमा तक के क्षेत्र को बड़ी बुरी तरह बर्बाद करते चला गया । बैरेज से नीचे २.५ की.मी. पर रहे बथनीया में तथा ३.५ से ४.५ की.मी. टेकानी गांव में वागमती ने छोडा हुआ पुराना रास्ता पकड लिया । इसी तरह फ्लड का कुछ हिस्सा शंकरपुर तथा राजघाट गाँव में जाकर पूरी तबाही मचा दी ।

रीपोर्ट में भविष्य में सावधानी अपनाने के लिए भी सुझाव दिए गए हैं जिसमें मुख्यत: नेपाल के अनस्टेबल जियोलौजी को देखते हुए हाइड्रोलौजिकल संजाल की स्थापना करना तथा मेटिरियोलौजीकल स्टेसन द्वारा रीयल टाइम डाटा प्रसारित करने की आवश्यकता बतलाई गई, जिससे लोग दुर्घटना होने से पहले संभव सावधानी बरतते हुए रोटी, कपड़ा और वास का बन्दोवस्त कर सके ।

इन्जीनिरिङ्ग विज्ञान हमे शिक्षा देता है कि प्राकृतिक आपदा-विपदा किसी एक देश को अथवा किसी एक आदमी को लक्ष्य नहीं करती, यह तो जहाँ पर हम रहते हैं उस पूरे परिवेश या वातावरण का ही एक हिस्सा है, तो इसका कैसे सामना किया जाये ?

पश्चिम के लोग विज्ञान की पद्धति अपनाकर अपने को, अपने समाज को, अपने देश को तथा विदेश के समाज को भी दिशा निर्देश कर रहे हैं जबकि हमलोगों की बहुतायत जनसंख्या को खाने के लिए अन्न, पीने के लिए स्वच्छ पानी तक नसीब नहीं हो पा रहा है तो क्या हमारे रहन सहन बोली विचार में ही कहीं खोट तो नहीं ? हमारा जन्म हुआ है नेपाल में तो पूरा परिवेश का आकालन, विश्लेषण होना पड़ा ।

नेपाल का ८३ प्रतिशत क्षेत्र, चुरिया पहाड़ से लेकर उत्तर में हिमाल तक फैला हुआ है बाँकी का दक्षिण का १७ में से करीब १३ प्रतिशत ही कुछ उपजाउ जमीन है तो इन सब का कैसे अधिकतम लाभ लिया जाय इस तरफ गंभीरता से लगनशील होकर विज्ञान तथा तकनीकी की सहायता से विकास का रास्ता अपनाना पड़ा । पहाड़ी जगह की वजह से मौनसुन का मौसम काफी प्रभावित रहता है तो सारे विश्लेषण का आधार हाइड्रोलौजी तथा मिटिरियोलौजी रेकर्ड ही होना चाहिये और इसके लिये हमे अपने विशेषज्ञ को शिक्षित कर उनको आजकल के उन्नत साधनों तथा इक्वीपमेन्ट प्रदान करना पड़ा ।

हमारी अपनी आवश्यकता परिपूर्ति के लिए हमे विदेशी पूँजी तथा विदेशी कन्सलटैन्ट के बजाय अपनी बुद्धि तथा देश में उपलब्ध साधनो के सहारे विकास योजनाओ के निर्माण में लगना पड़ा अन्यथा इसी तरह पैसा, समय बहता रहेगा और हम दिनोदिन हरएक क्षेत्र में दुनिया से पीछे पड़ते जायेंगे ।

हमे अपने जीवन पद्धति का पुनार्वलोकन करने की जरुरत है । जमाना बहुत आगे चला गया है और अगर तुलना किया जाय तो हम अभी आदिम युग में ही वास कर रहे हैं । ऐसी विपदा आती. ... आती, और ... फिर ... फिर आती ही रहेगी तथा लोग घर-बार विहीन होकर अकाल के गाल में समाहित होते ही रहेंगे । ◆◆

# आइएमईका व्यवसायिक साझेदार यूएई भ्रमणमा




गत आर्थिक वर्षका पछिल्ला छ महिनामा व्यावसायिक साझेदारहरूले गरेको रेमिटेन्स कारोवारका आधारमा आइएमई लिमिटेडले आफ्ना दश व्यावसायिक साझेदारहरूलाई यूएईको दशदिवसीय भ्रमण गराएको छ । बजार एवम् व्यवसायको आकार र भौगोलिक अवस्थितिको आधारमा व्यावसायिक साझेदारहरूलाई निश्चित लक्ष्य तोकी विभिन्न समुहमा वर्गीकरण गरिएको थियो । यो मुल्यांकन अवधिमा उत्कृष्ट कारोबार गरी लक्ष्य प्राप्त गर्न सफल प्रत्येक समुहबाट एक/एक गरी कुल दशजनालाई यूएई भ्रमणको अवसर उपलब्ध गराइएको थियो ।

त्यस्तै गत मंसिरमा आफ्ना दशजना व्यावसायिक साझेदारहरूलाई आइएमईले सुदुरपश्चिमस्थित मुगुमा अवस्थित रारा तालको भ्रमण गराएको थियो । आठ दिवसीय उक्त भ्रमणमा आर्थिक वर्ष २०७३/७४ मा दिइएको व्यावसायिक साझेदारमुखी व्यापार प्रवर्द्धनात्मक कार्यक्रमअन्तर्गत दश व्यावसायिक साझेदारहरूलाई छनोट गरिएको थियो । स्थापनादेखि नै रेमिटेन्स सेवालाई प्रत्येक नेपालीको पहुँचसम्म पुऱ्याउन प्रतिबद्ध यस कम्पनीले सेवा शुभारम्भको १७औँ वर्षसम्ममा नेपालका शहरी तथा ग्रामीण क्षेत्रलाई समेट्ने गरी १६० आइएमई सेन्टर सहित सातै वटा प्रदेश र ७७ जिल्लाका ७ हजार १ सयभन्दा बढी सव-एजेन्ट र बैंक तथा वित्तीय संस्थाका शाखामार्फत् विदेशमा कार्यरत नेपालीहरूले दुःख गरी कमाएको रकम देशका विभिन्न भूगोलमा रहेका आफन्तको हातमा छिटो, छरितो, विश्वसनीय र सुरक्षित तवरबाट वितरण गर्दै आईरहेको छ ।


RMDC

## रुरल माइक्रोफाइनान्स डेभलपमेन्ट सेन्टर लि. (RMDC)

### थोक ऋण लिन चाहने लघुवित्त संस्थाहरुलाई सूचना

देशका विभिन्न क्षेत्रमा विपन्न वर्गलाई आय आर्जनका लागि लघु ऋण उपलब्ध गराउन रुरल माइक्रोफाइनान्स डेभलपमेण्ट सेण्टर लि. **(RMDC)** ले लघुवित्त संस्थाहरुलाई थोक ऋण उपलब्ध गराउँदै आएको छ। निम्न योग्यता पुगेका इच्छुक लघुवित्त संस्थाहरुले यस सेण्टरबाट थोक ऋण प्राप्त गर्न सक्ने छन् ।

**ऋण प्राप्त गर्न सक्ने संस्थाहरु**

- लघुवित्त विकास बैंकहरु
- विपन्न वर्गमा समेत कारोबार गरेका वचत तथा ऋण सहकारी संस्थाहरु
- साना किसान सहकारी संस्थाहरु र
- वित्तीय मध्यस्थकर्ताको अनुमति प्राप्त गैरसरकारी संस्थाहरु

**संस्थासंग हुनुपर्ने पूर्व योग्यताहरु**

१) विधिपूर्वक दर्ता भई लघुवित्त वा बचत ऋण कार्यक्रम संचालन गर्ने दर्ता प्रमाणपत्र प्राप्त गरेको
२) सफलतापूर्वक कम्तिमा १ वर्ष सम्म लघु ऋण सेवा तथा वचत परिचालन कार्य गरेको अनुभव भएको
३) पहिलो वर्ष वचत रकम कूल लगानीमा रहिरहेको रकमको कम्तिमा २५% रहेको
४) संचित असूली दर कम्तिमा ९० प्रतिशत रहेको
५) कुशल तथा सक्षम व्यवस्थापन भएको
६) लघुवित्त वा ऋण सम्वन्धी कारोवारको उपयुक्त सूचना प्रणाली भएको
७) व्यवसायिक योजना वा वार्षिक बजेट तर्जुमा गर्ने गरेको
८) ऋण लगानी असूली सम्वन्धी लिखित कार्यविधि वा म्यानुअल भएको
९) आधुनिक लेखा प्रणाली अवलम्बन गरेको
१०) ऋण कार्यक्रम अनुगमन र मूल्यांकन सम्वन्धी निश्चित आधार तथा परिपाटीको व्यवस्था भएको
११) कम्तिमा ५० जना सक्रिय ऋणी भएको
१२) सेण्टरले प्रदान गरेको ऋण रकमबाट लगानी भएको ऋणी मध्ये कम्तिमा २५ प्रतिशत ऋणी महिला हुनुपर्नेछ
१३) कम्तिमा रु. १५ लाख वित्तीय साधन सुलभ भएको
१४) ३ वर्षको वित्तीय अवस्था हेर्दा वित्तीय आत्मनिर्भरता तर्फ उन्मुख भएको
१५) कम्तिमा रु. ५ लाख खुद पूजी (Networth) भएको
१६) समयमा लेखापरीक्षण भएको
१७) प्रतिवद्ध र क्रियाशील संचालक समिति र व्यवस्थापन टोली भएको ।

आवेदन फारम तथा त्यसका साथ संलग्न गर्नुपर्ने विवरणहरु यस सेन्टरमा सोझै सम्पर्क गरी वा सेन्टरको वेभसाइटबाट प्राप्त गर्न सकिनेछ ।

RMDC

**रूरल माइक्रोफाइनान्स डेभलपमेण्ट सेण्टर लि.** (RMDC)
पो.ब.नं. : २०७८९, पुतलीसडक, काठमाडौं,
फोन नं.:०१-४२६८०१९, ४२६८०२०, फ्याक्स नं. ०१-४२४७७०२
Email:rmdc@wlink.com.np, Web: www.rmdcnepal.com



बुनू लामिछाने

# एउटा यात्रा सम्झेर

हेलो...ऽऽऽ
हजुरआमा!
कता अहिले ??

यसरी हास्यव्यङ्ग्यकार डम्बर घिमिरेको फोन आयो । मलाई कविता-काव्य रचनाको नाताले हजुरआमा भनी ठट्यौलो पाराले बोलाउनुहुन्छ डम्बर सर प्रायः । त्यसदिन अर्थात् २०७४ भदौ १३ गतेको अपरान्हमा पनि उहाँले त्यसैगरी प्रश्न गर्नुभयो । "म कोठामै छु सर ! " मैले प्रश्नको उत्तर दिएँ ।

"खाममा अत्यन्त जरुरी लेखेको पत्र आएको छ रे कुरियरमार्फत् पूर्वबाट", एकछिन त्यो बुझ्न पो जानुपर्ने भयो त हौ ।" यो अभिव्यक्ति सुन्दा कहाँको कुरियरबाट कसको के आएछ ?भनी मनन गर्दागर्दै डम्बर सरको "क" को कथा सम्झिएँ मैले । कुन्नि कहाँ कहाँको कुइँकेल को को सँग कसरी कन्याकुमारी पुगी काँक्रो किनी र के के चोरी कप्ल्याक कुप्लुक खाएको आदि आदि लामै कथा छ "क" को । सम्झेर खूब हाँसेँ तर केही भनिनँ ।

सन्दर्भ-संयोग आजभोलि जियालो महाकाव्यले जोड्न थालेको थियो । यसपटक पूर्वका झापा, मोरङ, इलाम, पाँचथर आदि जताबाट पनि आएको हुनसक्छ पत्र । मलाई यस्तै लाग्यो र डम्बर सरको भनाइ शिरोपर गरेँ ।

बिजुलीबजारस्थित कुरियरमा पुग्नुपर्ने सरको भनाइअनुसार निर्दिष्ट ठाउँमा पुग्दा मभन्दा अघि सर पुगी पत्र बुझेर पनि पढिसक्नुभएको रहेछ । म पनि पुगेपछि फेरि हामीले पत्र हेर्‍यौँ । पत्र विराटनगरबाट आएको रहेछ र आदरणीय गुरुवर वसन्तकुमार शर्म्मा नेपाललगायत ११ जनाका समीपमा सम्बोधन गरेको रहेछ पत्रले । त्यहाँ लेखिएअनुसार सिर्जनामार्फत् समाजमा उज्यालो छर्दै आएको योगदानको पृष्ठभूमि सम्झँदै जियालोमा एकत्रित भई गरेको उदाहरणीय सहकार्यको मुक्तकण्ठ प्रशंसाका साथै विराटनगर आइदिन आग्रह गरिएको रहेछ । पूर्व स्वतन्त्रता सेनानी भीमराज नौलखाद्वारा सम्प्रेषित र उहाँका छोरा धनपत राय नौलखाको हस्ताक्षरमा प्रेषित उक्त पत्रको भाव थियो - हामीहरू यहाँहरूको साक्षात्कारको निम्ति उत्साहित छौँ । अवश्य पनि हाम्रो अभिलाषा निराश हुने छैन, सकेसम्म यही १८ गते दर्शन पाऊँ ।

पत्र पढिसकेपछि, यसरी तीन दिनकै बीचमा एघारै जना जान त असम्भवै होला कि सर ! भन्ने मेरो भनाइ, जान त बोलाएको ठाउँमा गइदिनै पर्ने तर कसरी छलफल गर्नु ? यतिखेर भैसक्यो भन्दै साढे चार बजेको घडीतर्फ संकेत गर्ने डम्बर सर, निर्णय गरिहालौँ न त बैठक गरेर ! भन्ने म, आज त कहाँ हुन्छ र ? भोलि गरौँला भन्ने उहाँ, अझै त समय छ नि अलिकता, हिँडिहालौँ न चावहिलसम्म ! भन्ने मेरो भनाइ र लु हिँडिहाल्नुस् न त त्यसो भए ! भन्ने डम्बर सरको निस्कर्षले हामी बानेश्वर आई टेम्पो चढी चावहिलतिर लागिहाल्यौँ ।

चावहिल, गुरुनिवासभित्र पुग्दासम्म साढे पाँच बजिसकेको थियो । बसीसकेपछि यतिखेर आउनुकै कारण खोलियो पहिले त । अनि पत्र पनि सुनाइयो । जहिल्यै र जेसुकै पढ्दा पहिले अरुलाई नै प्राथमिकता दिने गुरु उदारता आज यहाँ पनि प्रकट भयो । "ल पहिले तपाईं नै भन्नुस् ! तपाईंलाई के लाग्छ ?" भन्ने गुरु प्रश्नलाई सम्हाल्दै मैले भनेँ जानु त पर्ने हो सर ! तर यसरी हतार हतार जान त सबैलाई जुर्दैन होला । "ल डम्बरजी ! तपाईंको विचार सुनूँ त अब !" भन्नासाथ डम्बर सरले उत्तर दिनुभयो-यी नौलखा भन्ने व्यक्ति पूर्व स्वतन्त्रता सेनानी, एकदमै प्रजातन्त्रप्रेमी क्रान्तिवीर नै हुन् । आफ्नो संघर्षशील व्यक्तित्व जिउँदा जिउँदै हाल ९१ बर्षको बयोवृद्ध अवस्थामा हुँदा बिरामी भई बोल्न पनि सक्दैनन् भन्ने सुनिन्छ, यतिखेर उनी विशेषगरी वसन्तकुमार शर्म्मा र बाँकी यस जियालोको टोलीसँग भेट गर्न निकै इच्छा गरिरहेका छन् रे । यता गुरुको स्वास्थ्य के कसो हुने हो, नत्र मेरो विचारमा त पुराण आदि शास्त्रमा पनि भक्तले पुकारेका ठाउँमा भगवान् त ओर्लिन कर मानेको सुनिन्छ, पढिन्छ भने हामी को हौँ र । त्यसैले जाइदिनु पर्छ यस्तो आवाहनमा" यी अभिव्यक्ति टुङ्गिनासाथ कल्पना गरेभन्दा धेरै उत्साहपूर्वक गुरु उद्गार प्रकट भयो -"ठीक कुरा ।

अग्निपरीक्षा पनि त हो नि यो हाम्रो, राम्ररी पढ्नुस् त के लेखेको छ ! "हामी राम्रो दिन नसकौँला, राम्रो स्वागत गर्न नजानौँला तर ................ ।" कति ठूलो व्यङ्ग्य छ यहाँ, खै पढेको ? जहाँ जुन बेला बाढीबाट जनजीवन तहसनहस भएको धेरै दिन भएकै छैन, त्यति नै बेला त्यसै ठाउँको एउटा व्यक्ति साहित्यमार्फत त्यो पीडा बिर्सन खोज्छ भने त्यो भावना हामीले नबुझिदिएर हुन्छ ? पत्र हेर्नुस् त ! नितान्त एउटा व्यक्ति, न कसैले नजिकबाट देखेको छ, त्यो पनि निमित्त मात्र बनिदिएर छोराको भाषामा बोलिरहेको छ, न क्यै छाप छ, न क्यै आधिकारिक प्रमाण छ, सामान्य रूपले हेर्ने हो भने त कहाँ सहज छ र जान ?तर सबै बेला सबै दृश्यलाई उस्तै तरीकाले हेरेर त कहाँ चल्छ र जीवन ?उनीहरूले यति दृढ विश्वासले पत्र पठाए कि, आउँछन् भन्नेबाहेक अर्को कुनै कल्पना नै छैन त्यहाँ । त्यसैले यदि मलाई कसैले सोध्छ भने म त जाने ।" यो उत्साह देख्दा र यी वाक्य सुन्दा मलाई आश्चर्य लाग्यो । अघिमात्रै हामी यस कोठामा आइपुग्दा डाक्टर नाति विपिन नेपाल उहाँको स्वास्थ्य जाँच्दै थिए । अस्ति दाङ सल्यानबाट फर्किआएपछि थपिएको डबल निमोनियाको औषधी आजै मात्र सकिएको रहेछ, अरु प्रेसर आदिका ७,८ वटा त यथावतै थिए । एकछिनसम्म कसरी होला ? के होला ? गए के होला ? नगए के होला ? यस्तै तर्क मथिरह्यो मथिङ्गलले तर मैले जति असम्भव देखे पनि सत्य यही थियो कि ९५ वर्षीय गुरु पनि हामीजस्तै गरी सार्वजनिक गाडीमा जाने हुनुभयो । सो कुरामा विचार, विमर्श,भेटघाट, छलफल र बैठक आह्वान गरिरहने समय थिएन । १८ गतेको लागि १७ गते बिहानै नहिँडी नहुने भएकाले केही गर्न भ्याउने छाँट आएन । त्यसैले तत्काल आइपुगेको पत्रको व्यहोराको सारांश दिँदै सबैलाई फोन सम्पर्क गरियो । शारीरिक अस्वस्थता र जरुरी व्यवहार परी जान नसकेका तीन जनाबाहेक हामी ८ जना मात्र जाने भयौँ । ८ जना जान उचित नलागेकाले झट्ट उर्मिला बहिनीको सम्झना भयो । जियालोको सहयात्रालाई नजिकै बसी नियाल्दै आएकी यी बहिनी पनि आफ्नी ३ वर्षे छोरी आर्या घिमिरेका साथ हाम्रो यात्रामा जाने भइन् ।

बेलुका सुत्ने बेलामा मलाईजस्तै सबैलाई एउटै कुराले पिरोलेको रहेछ । यो भदौको गर्मीमा गुरुलाई गाडीमा राखी कसरी त्यति लामो यात्रा गराउने होला ? मनोबलमा जतिसुकै आँटीवीर भए पनि हालको अस्वस्थ अवस्था, ९५ वर्षीय उमेर अनि अस्तिको यात्रानुभव नै हाम्रो शिक्षा बन्न सक्दैन र ? आ-आफ्ना यिनै सोचविचारमा छलफल गर्दै गुरुबाहेक हामी सबैको निधोले उहाँलाई हवाईयात्राको तय गरेपछि १७ गते २.३५ को सौर्य एयरको उडानबारे जानकारी गराउनुपर्ने भयो । सबैको सल्लाहले यो कुरा मैले नै राख्नुपर्ने भई गुरुसामु निवेदन गरेँ । हवाईयात्रा एकातिर खर्चिलो-भड्किलो र अर्कोतिर साथीभाइसँगको हँसिमजाकबाट ठगिनेकठिन यात्रा पनि भएकोले आफूलाई यसरी नएक्लाइदिन र आजै त्यति कमजोर नठानिदिन आज्ञा हुँदा कसैसँग दाँज्नै नमिल्ने त्यो ज्यूँदोजाग्दो गुरुशक्तिप्रति म नतमस्तक त भएँ नै तर के गर्नु ? सबै बुझ्दा बुझ्दै पनि गाडीबाट गरिने यात्राका विपत्ति देखाउँदै सबै कुरो बिसाएपछि "लौ जेसुकै गर्नुस्" भन्नेसम्म बनाई मैले दाजुहरूले अह्राएको जिम्मेवारी पूरा गरेँ । त्यसैअनुसार टिकट किनिए । १७ गते बिहान ६ बजे हामी (लक्ष्मीकुमार कोइराला, खगेन्द्र खोल्साघरे, उपमा आचार्य, उर्मिला लामिछाने, आर्या घिमिरे र म) ६ जना टाटा सुमोबाट र दिउँसो २.३५ बजेको सौर्य एयरको हवाई यात्राबाट वसन्त सर र मधुसूदन लामिछाने दाइको यात्रा थालनी हुने भयो । डम्बर सर भने १७ गते विराटनगरमै हुने अर्कै एउटा कार्यक्रमको प्रमुख अतिथि हुनुपरेका कारण १६ गते बिहान १० बजेकै सौर्य एयरबाट गइसक्नुभएको थियो ।

१८ गते बिहान कोटेश्वरदेखि छुटेको हाम्रो यात्रा पूर्वको सूर्योदयको लालिमा र पश्चिमको सिसिरे बताससँग साउती मार्दै भक्तपुरका चक्काजामरहित सडकभरि हुइँकिँदै घुइँकिँदै बढ्न थाल्यो । भक्तपुर र काभ्रेपलाञ्चोकका प्राकृतिक ऐश्वर्यले दृष्टिलाई धन्य धन्य बनाउँदै आलोपालो हामीलाई शुभयात्रा ! भन्दै बसे । यता साँगा महादेवका आशीर्वचन शिरोपर गर्दै, पलाञ्चोक भगवतीको कल्पनातीत मातृस्नेहमा चुर्लुम्मिदै र नमोबुद्धलाई दाहिने पार्दै हाम्रो यात्राले आफ्नो गति बढायो ।

बाटो यही नभए पनि पूर्व जाँदैगर्दाको यो घडीमा मनमनै म आफ्नो पहिलो पूर्वाञ्चल यात्राको सम्झना गर्दैथिएँ । २०६० सालमा याचनाले झापाबाट सम्मान पाउँदा यसरी नै पूर्वतिर लागिएको थियो । त्यतिखेरकी सहचरी गायिका चन्दा देवान मेरा छेउकी उपमा आचार्यमा रूपान्तरित भइरहेकी थिइन् । त्यो सहयात्रामा साटिएँ म एकछिन् । सँगसँगै यो बाटोले र यी दृश्यहरूले पोहोर परार साल पटक पटक छिचोलेका सिन्धुपाल्चोकतिरका यात्रामय झझल्काहरू पनि झल्काउँदै जान थाले । आफूले जानी नजानी गरेको अक्षर आराधनाले परिचित पाठक, समालोचक, स्रष्टा, दर्शक, प्रेरकको सम्झना गरेँ एकछिन् अनि आभारी भएँ यस संसारमा जन्मदिने पिता माता र दोस्रो जन्म दिई सुसंस्कृत मान्छे बन्ने यात्रामा डोऱ्याउने गुरुसत्ताप्रति र आभार व्यक्त नगरी रहनै सकिनँ यी सबै संयोग जुराइदिने प्यारी प्रकृतिमाताप्रति । आज उनैका काखमा लुटपुटाइरहेको यो क्षणमा उनै प्रकृतिदेवीको कृपाले प्राप्त आत्मिक आनन्दको अमृत पिउँदै अपूर्व तृप्तिको अनुभव गर्दै थिएँ ।

यात्राले भकुण्डेवेसी पार गरी सिन्धुलीको सीमा छोयो । सिन्धुली भन्नेबित्तिकै मेरो मस्तिष्कमा चढिहाल्ने तीन कुरा आज पनि यहाँको माटो छुनासाथ उदाइहाले । पहिलो थियो -

सिन्धुली गढी घुमेर हेर्दा ... गीतको माधुर्य ।

त्यतिखेर यस जिल्लाको नामै थाहा नहुँदादेखि आजसम्म पनि उस्तै प्यारो लाग्ने यस लोक-लहरीका गायकको सुललित गायनप्रति यहाँ आएर फेरि आफूभित्रको आदर अर्पण गरेँ मैले । दोस्रो कुरा मेरा मन मस्तिष्कमा विराजमान नेपाली महाकाव्यजगत्का अत्यन्त आलङ्कारिक कवि चेतनाका बेजोड हस्ति महाकाव्यकार उमानाथशास्त्रीसिन्धुलीयको नामथरसँगको असीमश्रद्धासँग थियो । यस जिल्लाको कुन ठाउँमा उनी जन्मे कुन्नि ! जुन कुनामा जन्मेपनि सिङ्गो जिल्लालाई आफूसँगै जोड्ने उनैको प्रभाव हो सायद आज कतिपयले आफ्नो नामथरका पछाडि कालिकोटे, पाल्पाली, गोर्खाली, गोदारे, हिडपाली, उपनाम राख्ने गरेको अनुमान लाग्यो । यसैगरी यस ठाउँसँग गाँसिएको तेस्रो सम्झना, नेपाल एकीकरणकर्ता पृथ्वीनारायण शाहको बहादुरी र बुद्धिमत्तापूर्ण कूटनीतिले तत्कालीन नेपाल आक्रमण गर्न आएको अंग्रेज सरकारको विशाल फौजलाई अरिङ्गालको गोला खन्याई वीरतापूर्वक लड्दै जिलेस्पी र माबीजस्ता दुई जर्नलहरूलाई मारेको गर्विलो इतिहासको थियो । शरीरभरि राष्ट्रिय स्वाभिमानको रगत नेपाली हुनुको गौरवबोधले छचल्किरहेकै थियो । सँगसँगै पृथ्वीनारायण शाहकै पहिलो ससुराली मकवानपुर नरेश हेमकर्ण सेनको राज्यसीमा सिन्धुलीगढीको ऐतिहासिकतासँग, विद्रोही इन्द्रकुमारीको लेखनकालदेखि अझबढी रहेको चासोपनि यसैमा समाहित भयो । यिनै संस्मरणका कारणले मलाई विशेष रमाइलो लाग्दै थियो यहाँ पुग्दा । सिन्धुलीभित्र क्रमशः दाप्चा, झाँगाझोली हुँदै केही ठाउँ पार गरी खुर्कोट आइपुगियो । खुर्कोट पनि एकीकरणको इतिहास पढ्दा सुनिरहेकोले रमाइलो लाग्दालाग्दै खाना खुवाउनका लागि आफूहरू यात्रारत गाडी पनि यतै किनारा लाग्नु अर्को सुखको कुरा रह्यो । सबै यात्री खानका निम्ति ओर्लंदा हामी पनि ओर्लियौं । मलाई भने पहाडी यात्रामा सँधैजसो पटक पटक हुने वान्ता र सम्बन्धित गन्तव्यसम्म भोकै हिँडे मात्र सहज हुने यात्रागत दिनचर्या नै भएकाले एकछिन त्यतै टहलेर गाडीभित्र चढेँ ।

आज एकादशी व्रत परेकाले लक्ष्मीसर पनि होटेलको खानाका लागि अयोग्य हुनुभएछ, उहाँ पनि यतै आउनुभयो र एक दुई यस्तैहरू पनि यसैगरी बसेकै थिए गाडीमा । अघि अरु साथीहरूले गरेझैं यहाँ पनि थोरै केही मात्र खाइदिने अनुरोध हुँदाहुँदै पनि यतिखेरको अमृतै किन नहोस् आफ्ना लागि अनुपयुक्त हुने कुरा मैले बताएपछि बिहान पूजा गरेको नैवेद्य एउटा स्याऊ मलाई दिई सर भोजनतर्फ लाग्नुभयो । घरैबाट स्याडमले बनाइपठाएका फापरका सुन्दर रोटी र आलुफ्राईले पनि आज मलाई लोभ्याउने कुरै थिएन । उहाँले सन्तोषी मुखले खानुभयो म अर्को सीटमा बसी गफ गरेँ ।

खानपीन सकी गाडी अगाडि गुडेपछि खुर्कोट बजार सकिनासाथ देब्रेपट्टिको खोलातिर लाग्नेबाटो सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङतिर लाग्दोरहेछ । त्यो थाहा पाएपछि मैले सोलुखुम्बुका खोल्साघरे दाइलाई सम्झनपुगेँ । अहिले आफ्नै अगाडिका सीटमा बसेका भएपनि ५, ६ वर्ष अगाडि एउटा विशाल गुरुछहारीनेर "हजुर म खोल्साको मान्छे खगेन्द्र खोल्साघरे" भन्दै दिएको परिचय छुँदै र त्यसपछि कविताकर्ममा निश्छल काव्यशिल्पीका नाताले आत्मीय हुँदै हुँदै आज अत्यन्त कुशल शिल्पीका रूपमा मन-मस्तिष्कमा रहन सफल वसुन्धरापुत्र महाकाव्यकार, 'जियालो'का सहयात्री, घनिष्ट कवि-दाजुसम्म आइपुगेँ म ।

सोलुखुम्बुकै विपरीत अर्थात् दाहिनेतिरको उकालो सकी खनियाँखर्क, सिन्धुलीगढी, सिन्धुलीमाडी, सिन्धुलीबजार हुँदै हामी अगाडि बढ्यौं । यात्रामा सर्सरी देखापर्ने मनोरम दृश्यहरूसँग साक्षत्कार गर्दै धेरै अघि बढिसक्दा पनि खुर्कोटभन्दा परदेखि थालिएको चित्ताकर्षक सडक निर्माणको कौशलले यो मन खिचिरहेकै थियो । भौगोलिक बनावटमा उबडखाबड घुम्तीहरूले भरिएको भएपनि प्रकृतिकै मर्म बुझी सजाइएछ सडक । आजसम्म आफूले यात्रा गरेका स्वदेशी सडक जो कालोपत्रे ओच्छ्याइएका र पक्की नै कहलाएका छन्, ती सबै र यसमा आकाशजमीनको अन्तर लाग्यो । यति विकट पहाडमा यति अजङ्गका चट्टान फोडी यति फराकिलो क्षेत्रफल निकाली यसरी पोखिएर आर्थिक, हार्दिक, मानसिक र बौद्धिक लगानीमा निर्मित यस सडक निर्माणको अगुवाई जापानी ठेकेदारले लिएका रहेछन् । यहीँनेर आफ्नै मुलुकका सडकनिर्माणको ठेक्का- पट्टामा करोडौं करोडको भ्रष्टाचार गर्ने नेपाल सरकारका कतिपय प्रतिनिधि भनाउँदालाई दाँज्न मन लाग्यो एकछिन । विदेशी ठेकेदारको इमान्दारी र स्वदेशी भ्रष्टको कृपणताले एकैपटक आभार र हीनताबोधका आँसु बगाउन पछि परेनन् ।

अघिपछि जडजस्तो लाग्ने बाटो आज असीम प्राकृतिक ऐश्वर्यले भरिपूर्ण नेपाल आमाका छहारीमुनि उनैका काखमा लुटपुटिँदै आफ्नो कृतज्ञता चढाइरहेकी नेपालपुत्री नवयौवना किशोरीका रूपमा देखें मैले । सडक साँच्चै नै सुनमा लेपिएको सुगन्धजस्ती कल्पनातीत भावसुन्दरी नेपाल आमाकै छायाछवि उतारिएकी हँसिली रसिली लाग्दै गइन् । छेउछाउमा छेकबार लगाइएका सिमेन्टका स-साना रङ्गीन ढिस्काहरू सुन्दर सुन्दर कुर्सीजस्तै उनको सम्मानखातिर सजिएझैं लाग्थे । अजङ्गका पहाडबाट ओर्लने स्वर्गङ्गाका बेग रोक्न खडा सिमेन्टे पहरा उनको सुरक्षाखातिर उठेका प्रबल पर्खाल थिए । सबै ठाउँमा पर्खालले टालिदिनु आगन्तुक पर्यटकका लागि उचित थिएन सायद, त्यसैले होला ठाउँ-ठाउँमा स्वर्ग र मर्त्य जोड्ने सिँढीजस्ता भऱ्याङ निर्मित देखिन्थे । भऱ्याङमा पनि फरक फरक कला झल्किन्थ्यो । कतै ग्रामीण जीवनका काष्ठकलाजस्तात कतै शहरी सभ्यताका लिफ्टजस्ता । म सबैलाई हेर्दै लट्ठिँदै थिएँ र तर्कै तर्कमा तरङ्गिँदै अनुभूति पनि गर्दै थिएँ । यो विकट पहाडमा कसले सिर्जना गऱ्यो होला कलाको मानसिकता ! कसले डिजाइन गऱ्यो होला यो सडकको ? मलाई यस्तै लागिरहेको थियो । कतैबाट हेर्दा धानबालीमा खेलिरहेको तरेलीजस्तो, कतै पुग्दा कुनै अभिजात्यको दरबारजस्तो, कतै तलैतलाको रङ्गशालाजस्तो, कतै गुम्बजशैलीको बरण्डाजस्तो, कुनै कुनाबाट हेर्दा पर-परबाट विविध कलाका झाँकी प्रदर्शन भइरहेको रङ्गमञ्चजस्तो, यस्तै विविध दृश्यका फाँकीहरूको छायाङ्कन सँगसँगै हाम्रो यात्रा पनि अगाडि बढिरहेकै थियो । यतिखेर महाभारत शृङ्खलाभरि शृङ्खलित थियौं हामी यात्रामा । चल्दो सिनेमाका रिलमा जस्तो प्रकृतिमञ्चमा देखिएका मनोरम दृश्य-दृश्यावली स्मृति-बिम्बमा समेट्दै महोत्तरी, गौरी डाँडा रेडियो स्टेशन हुँदै बर्दिबास पुगेपछि पूर्वपश्चिम .( महेन्द्र) राजमार्गसँग हाम्रो मार्गको मिलन भयो ।

एकछिन सञ्चारको झङ्कारमा मन तरङ्गियो । केही छिन पहाडी क्षेत्र पार गरी धनुषा लालगढ आइपुगेछौं हामी । त्यहाँ पनि बाटैबाट निशान नामको चर्चित आभास हुने अस्पतालतर्फ आँखा लागे । फेरि एकछिन स्वास्थ्य क्षेत्रमा तरङ्गिएर ढल्केवरसित ढल्किँदै अघि बढियो । अगाडि के रहेछ ? भनी चौ चौ गरिरहेकै

बेला गाडीको सिसाबाट सर्सरी धनुषाका झझल्का झझल्किँदा झझल्किँदै धनुषा पनि छोडिएछ । सडक छेउमा, बजारी क्षेत्रका पसलहरूमाथि देखिएका साइनबोर्डमा सिराहा लेखिएको पाएर यहाँ टेकिएको थाहा भयो । यस जिल्लाका चोहरुवा, मिर्चैया, लाहानबजार हुँदै कल्याणपुर पुगेपछि सप्तरी जिल्ला छोइसकेको पत्तो पाइयो । सप्तरीका सडकमा गुड्दै गुड्दै रूपनी, कञ्चनपुर आदिका स्थलगत चित्र खिच्दै हामी पेडाको प्रसिद्ध बजार बरमझिया आइपुगेछौँ ।

मध्यदिनको अखुम गर्मीले सताउँदा, नाम मात्रको A/C गाडी हो कि क्या हो ! भन्ने सबै सहयात्रीको एकै स्वर सुनी खलासीले आज्ञा पालन गरिदिनाले अलि सजिलो महसुस गर्दै अघि बढियो । केही अगाडि बढ्दाबढ्दै अकस्मात् सप्तकोशी बाँध बाँधेका ठाउँमा आइपुग्दात मेरा उमङ्गका तरङ्गहरू यति छिटो तरङ्गिए कि मैले आफूलाई सम्हाल्नै सकिनँ र तत्काल कराइहालेँ "आम्मामाम्मामामा९९ सप्तकोशी !" भदौरे भेलको सागर यतिखेरको सप्तकोशीको भयानक स्वरूपले अस्ति भर्खरको बाढीबाट तहसनहस जनजीवनको विकराल दुरावस्थातर्फ अैंल्याई तर्साउन लाग्यो । बीचोबीचमा बाँधिएको बाँधका ५६ मध्ये १५ ढोका खोलिएको यो अवस्थामा यसै माथिबाट गुड्दै बढ्दा यससँग सम्बन्धित कैयौं सुखद्-दुःखद् परिस्थितिले निस्शब्द हुँदै आँखा चिम्लिन बाध्य भएँ म । सानैदेखि सुनेको र साठी सालमा आँखैले देख्नासाथ लठ्ठिँदै पिइरहेको सप्तकोशीको सौन्दर्यको श्रव्यदृश्य झाँकीले दृष्टिबिम्बनै धन्य बनाइदियो । पिउनसम्म पिएर तृप्त भैसकेपछि विस्तारै खुलेका आँखाहरू फेरि अगाडिका दृश्य खिच्दै बढ्न थाले ।

कोशीपारी धेरै परसम्म सीमसारका रूपमा हेक्टरका हेक्टर बाँझो रहन बाध्य जमीन पनि कुरूप देखिएन । पानीमा आफै उम्रिएका जलकुम्भीले हरियै जलमाताका काखभरी प्रकृतिले ओच्छ्याइदिएको विशाल गलैंचा ठानी मेरी कल्पनाशिशु पुल्टुङ पुल्टुङ पल्टिरहन थाली । अगाडि बढ्दै गर्दा,पानीभित्रको हिलोमा टेकी पानीमाथि पनि ओभानो हुँदै शिरमा चाँदीका मुकुट झल्काएका कमलपुष्पले शोभायमान तलाउ आकाशतिर फर्किएर स्वर्गलाई चुनौती दिइरहेका थिए । सहयात्रीहरूसँग गाडीभित्र सरसराइरहेकी म र मभित्र फुर्फुराइरहेकी मेरी सहृदयी गरी हामी दुवै एक आपसमा एकाकार थियौं । यसैगरी बढ्दै गर्दा देखिएका रहरलाग्दा सनपाट र गुदका साना ठूला फाँटले पनि मन खिचिरहेका थिए । एकातिर प्राकृतिक सम्पन्नता दिएका र अर्कातिर खाद्यान्न उब्जाउन असक्त ठाउँमा लगाइएका यी नगदेबाली देख्दा अनुपयोगी परिस्थितिलाई पनि सदुपयोग गर्न सफल श्रमजीवी नेपाली किसानहरूप्रति भित्रैबाट आदर उर्लिएर आयो । उनीहरूले यी वस्तुलाई पानीमा कुहाएर, ढड्याएर निकालेका लहराबाट बनाइने गुन्द्री, पटकी, जुट आदिका असङ्ख्य सामानहरूको उत्पादन सम्झी उर्लिन थालेको गौरवबोध फेरि विगत केही वर्षदेखि वैलाउँदै गएको र हाल त नगन्य नै रहेको तितो सत्यका खग्रासले अन्धकार पारिदियो । नढाँटी भन्ने हो भने विदेशी प्लाष्टिकको व्यापारले लोपोन्मुख पारिन बाध्य यी खेती र यी खेती सुक्नुको मूल कारण विराटनगर जुट कारखाना धराशायी हुनुलाई सम्झी यी दुरवस्थाका नाइके राजनीतिकर्मीलाई नराम्ररी धिक्कार्न मन लाग्यो एकछिन् । यिनै दुःख-सुखका भारी बोकी यात्रा अगाडि बढिरहेकै थियो ।

सुनसरी खोलो, लौकी बजार, इनरुवा बजार, बलाहा, र झकनझोडाका केही सौन्दर्यहरूसँग सरसर्ती सहभागिता जनाउँदै हामी दुहबी निस्कियौं । एकछिन दुहवी बजार हुँदै मोरङ्ग जिल्ला छोई विराटनगरतर्फ लागियो । त्यहाँका दुग्ध विकास संस्थान र आयल निगम पार गरी एरपोर्टलाई दाहिनेतर्फ छोड्दै बरगाछी हुँदै भृकुटी चोकमा हामी रोकियौं । पूर्व सूचनाअनुसार डम्बर सर चौबाटामा उभिनुभएको रहेछ । अहिलेलाई म विराटनगरबासीको प्रतिनिधि भएरआएँ है साथी हो ! यहाँहरूलाई स्वागत छ यस भूमिमा ! भन्दै पुष्प गुच्छा र मालासहित उपस्थित उहाँको भेटले छुट्टै आश्चर्य र खुसी पनि दिलायो । यहाँबाट दुई रिक्साका माध्यमले एकछिन सडकमा सरसराएपछि पश्चिमतिर सत्यनारायणस्थान मन्दिर र पूर्वतिर अतिथि सदन लेखेका दुई निकायका बीचबाट पूर्वी किनारातिर लगाई हाम्रा रिक्साहरू रोकियो ।

हामीलाई अतिथिसदनमा राख्ने प्रबन्ध मिलाइएको रहेछ । पश्चिम मुहुडाको प्रवेशद्वारभित्र पस्नेबित्तिकै सुविधासम्पन्नजस्तो देखिने यो अतिथि सदन वि.सं. २०२७ सालमा तत्कालीन राजा श्री ५ महेन्द्रबाट समुद्घाटन गरिएको रहेछ । त्यतिखेर नेपालभरको नं. १ रहेछ यो । बीचमा ठूलो प्राङ्गण, उत्तरी छेउमा भोजनालय, त्यसपूर्वको उत्तरीखण्डमै एउटा छुट्टै परिवेशभित्र शिववाटिका भन्नलायक सुन्दर सानो बगैंचाजस्तो, कलात्मक तरिकाले ढुङ्गा ओच्छ्याइएको शान्त परिवेशमा कैलाशको आभास हुने पत्थरै पत्थरको पहाडबीचमा स्थित शिवमूर्ति, त्यसैमुनि गणेशमूर्ति र त्यसै पहाडमुनि सानो लामो लामो पोखरी, वरिपरि साना ठूला रङ्गीन ढुङ्गाहरू आदिको सजावटमिश्रित स्थल रहेछ । संसार जति भव्य भएपनि यसलाई सञ्चालन गर्ने कुनै न कुनै अदृश्य शक्ति छ भनी आगन्तुकलाई आभास गराउने यो दृश्य यस सदनको सुन्दर पक्ष लाग्यो । दक्षिणी भेगमा पश्चिमदेखि पूर्वसम्म क्रमशः एउटा सानो किराना पसल र लहरै गाडी पार्किङको लागि छुट्याइएको रहेछ । यी बाहिरी सौन्दर्य पार गर्दै भित्र पस्दा वातानुकूलित विश्राम कक्ष, शयन कक्ष, स्नानकक्ष शौचालय आदिको सामान्य प्रबन्ध रहेको र माथिल्लो तलामा प्रवचन कक्ष र कार्यक्रम कक्ष पनि रहेको जानकारी पाउँदा रमाइलो लाग्यो । भित्र प्रवेश गर्दा आजै हामीभन्दा दुई घण्टाअघि आइपुग्नुभएका बसन्तसर र मधुदाइनेर पुग्दा नपुग्दै, आम्मै सरबुवा ! ऊ मधुमामा पनि !! आम्मै !!! हामी कहाँ आएको मामु ? सरबुवाकहाँ हो र ? भन्दै हाम्री सानी सहयात्री आर्या उहाँहरूतिरै कुदिहाली ।

हामीभन्दा ८ घण्टापछि काठमाडौंबाट यात्रा थाली यहाँ दुई घण्टाअघि अवतरित उहाँहरूसँगका भेटघाट र सोधपुछपछि यसो हातमुख धोइसकेका मात्र के थियौँ, हिडपा साहित्य प्रतिष्ठानका अध्यक्ष हिडपाली साहिँलो (श्याम अधिकारी) सर आउनु भयो । "लौ है हजुरहरू ! स्वागत छ यहाँहरूलाई विराटनगरमा !" भन्ने उहाँको सौहार्दतासँग सहमत हुँदै हामीले "हामी पनि यहींबाट यहाँहरूको स्वागत गर्न पाउँदैछौँ आज त !" भन्दै रमाइलो मिसाउन पायौँ । उहाँसँग रमाउँदै भलाकुसारी गर्दैगर्दा नौलखा परिवारका जेठा छोरा धनपत रायनौलखालाई पनि पायौँ हामीले । "विराटनगरमा यहाँहरूको स्वागत छ" भन्दै उहाँ पनि आफ्नो उत्साहित उपस्थितिका साथ यहाँ समाहित हुनुभयो । आज हामी नेपाली भाषा-साहित्य, व्याकरण, कोशजगत्, अनुवाद-साहित्यलगायत विविध ज्ञान-विज्ञानका धरोहर ९५ वर्षीय गुरू वसन्तकुमार शर्म्मा नेपालको गहन गुरुछहारीमुनि एकत्रित हुन पाएका थियौँ । एकातिर गुरुसद्भाव सबैप्रति आत्मीयतापूर्वक छचल्किँदै थियो भने अर्कातिर गुरुवात्सल्यको यही सागरनेर आफूलाई साना ठूला अनुभवकर्ताका रूपमा गौरव गर्न पाएका हामी पनि उहाँबाट प्रभावित हुनेहरूको आदर पाई फूलका साथको कीरालेझैँ साहित्यिक धन्यताको महशुस गर्दै थियौँ । केही छिनपछि हामीलाई खानपीनतिर लगाई, भोलि बिहानका आ-आफ्ना कार्यक्रमको पूर्वनिम्तो दिँदै अहिलेलाई उहाँहरूबिदा हुनु भयो ।

अबको हाम्रै आपसी बसाइ पनि अघिपछिको भन्दा भिन्नै अनुभूतिदायक लाग्दै थियो । यसरी विना हतारो चटारो ज्ञानवृद्ध अग्रजबाट ज्ञानगुन बटुल्दै गर्दाको बसाइ साँच्चै नै अविष्मरणीय थियो हामी सबैका लागि । अघिपछिका आ-आफ्नै व्यवहार र १० तिरका तनाव बिर्सी यति अद्भुत बिसौनीमा क्षणभरको लागि बिसाउन पाएको यो बेला हामी कुनै स्नेहील पिताको ठूलो पछ्यौरीभित्र समेटिएर दन्त्यकथा सुन्दै रमाइरहेका फुर्फुरे बालकझैँ प्रफुल्लित थियौँ । यसरी नै मन्त्रमुग्ध भइरहेकै बेला "भोलि सुनाउने कविता सुनौँत कसका कस्ता रहेछन् !" भन्ने गुरुवाक्यले झल्याँस्सै ब्युँझायो सबैलाई । उसले उसलाई उसले उसलाई पहिले तपाईं सुनाउनुहोस, भन्दै अघि सारियो कवितावाचनार्थ । यो आफू आफूमा गरिएको हीनताबोधनभई एक अर्काप्रतिको अहोभाव होजस्तो मनभित्र लाग्दै थियो । आलो पालो गर्दै कविता सुनाउने काम त गरिनै हालियो । कवित्वका बहावमा साना ठूला त्रुटिका हेक्का नराखिएका ठाउँ पनि आए । ती ती ठाउँमा जुहारीले हीरा कुँदेझैँ कुँदिने गुरुनिर्देशन आज पनि जडित भए कविताभित्र । घोटिँदै, पिटिँदै, छाँटिदै, सेकिँदै चम्काइने सुनका गहनाजस्तै हामी पनि भोलिका साहित्यिक गहना निर्माण गर्दै थियौँजस्तो लाग्छ ।

हिजो बेलुकाको आवाहनअनुसार आज १८ गते बिहान ८.३० बजे हिडपा साहित्य प्रतिष्ठानले राखेको, विराटनगर त्रिमूर्ति चोकस्थित त्रिमूर्तिमा माल्यार्पणको समय आयो । यसरी आज नेपाली भाषा-साहित्यका

शिखर व्यक्तित्वका साथ लागी भाषा साहित्यका योगदानदाता पुर्खाहरूको पावन स्मरण गर्न पाउँदा यस अवसरका संयोगदाताहरूप्रति हृदयतः आभारी हुन मनलाग्यो । विराटनगरका विभिन्न साहित्यिक सामाजिक सङ्घसंस्थामा सक्रिय व्यक्तित्व हिडपाली साहिँलो र उहाँकै संस्था हिडपा साहित्य प्रतिष्ठानको अगुवाइ, अन्य सङ्घ-संस्थाको सहयोग-सल्लाह, स्थानीय साहित्यानुरागी विद्वत् बुद्धिजीवी र यस पुनीत कर्ममा सहभागी ज्ञात-अज्ञात सबै कर्मयोगीहरूप्रति खूब आदर गर्न रहर लाग्यो । शालिकनेर आइपुगी नेपाली, मैथिली भाषा-साहित्य साधकत्रयः महाकवि लक्ष्मीप्रसाद देवकोटा, भाषाशास्त्री महानन्द सापकोटा र महाकवि विद्यापतिका झल्झलाकार दीप्तिमय आभाले मनभित्रश्रद्धाको सगरमाथा उचालियो र यसैको शिखरारोहणका निम्ति भावविभोर संवेदना हिमाली झर्नासँगै तुलनायोग्य भावुकतामा पग्लियो । आजन्म भाषा-साहित्य-उत्थानको प्रण नै प्राण सम्झी समर्पित हुने यी त्रिमूर्तिप्रति नतमस्तक आफ्नो अवरुद्ध कण्ठबाट निस्शब्द हुँदै विस्तारै योगदानको जयगान गाएँ मैलेपनि । यी अमर आत्माहरूको सुखद स्मृतिले रमाइरहेकै बेला झ्वाट्ट कताबाट आजका केही भाषाघातीका कुकर्मको झटारो बजारियो मस्तिष्कमा । नसम्झूँ भन्दाभन्दै, न दाँजू भन्दाभन्दै पनि सपूतसँग कपूतलाई दाँजी गर्नै नहुने काम गरेँ मैले यतिखेर । यी त्रिमूर्ति नेपाल आमाकै सन्तान थिए, जसलाई भाषाको अगाडि संसारका जुनसुकै मान, पद्वी,धाक,रवाफ, पैसा र आडम्बर सबै धूलोका कण बराबर थिए तर आजका यी पनि नेपाल आमाकै सन्तान भन्दाहुन्आफूलाई, जो पैसाका अघि सबैथोक बेच्छन् र आफ्नो पदीय दुरुपयोग गर्दै राष्ट्र, राष्ट्रियता अनि राष्ट्रभाषालाई आफ्नै गोजीको धन सम्झी बेचिदिन्छन् । चिनारी यस्तै रहेछ कीर्ति र कुकीर्तिको, फरक यही रहेछ अमर र मृतवत् जीवन-मरणको ! यस्तै यस्तै सम्झनाले मज्जाले टोलाएँछु म ।

माल्यार्पणमा मेरो पालो आइसकेको रहेछ, उपमाले इशारा गरेपछि मात्र झल्याँस्सै भएँ । माल्यार्पणका केन्द्रीय उत्कर्ष वसन्तसर, उहाँसँग रहनुभएका अन्य अग्रजहरू, विराटनगरवासीजेष्ठ नागरिक प्रतिनिधिहरू र हाम्रा सहकर्मी हुँदै मैले पनि पाएँ यो सौभाग्य आज । मपछि बहिनी उर्मिला र छोरी आर्या थिए । बहिनीले छोरीलाई उचाली उचाली मूर्तिसम्मको उचाई दिँदै पुष्पगुच्छा अर्पण गर्न लगाउँदै थिइन् । म भने यस ३ वर्षीया बालिकालाई जुर्दै आएका अपूर्व संयोग सम्झी रोम रोमबाट गौरवान्वित भइरहेकी थिएँ । बोल्न र हिँड्नसक्ने भएदेखि नै आमासँग सहभागी हुँदै नेपाली भाषा-साहित्यजगत्का मूर्धन्य मूर्धन्य व्यक्तित्वहरूलाई सर बुवा, बुवा, यस्तो मामा, उस्तो मामा, यस्ती अन्टी, यस्ती आमा, गुरुआमा भन्दै सबैका आ-आफ्ना परिचायक विशेषणदिँदै लुटपुटिँदै सभासमारोहमा सरिक भइसकेको सोच्दै आउँदा अचम्म लाग्यो । अरु अनेकौं कार्यक्रमबाहेक पनि नेपाली भाषा बचाऊँ अभियान २०७४ र सहलेखकीय अस्तित्वको प्रथम महाकाव्य जियालोको लोकार्पणजस्ता ऐतिहासिक कार्यक्रमहरूमा समेत उसले जनाएका शिशु सहभागिताप्रति साँच्चै नै ममताका छालहरूछचल्किँदै आएँ ।

वरिष्ठदेखि कनिष्ठसम्मका आत्मीयहरूको सहभागितापछि त्रिमूर्ति चोकनेर बस्नुभएका अग्रणी सामाजिक व्यक्तित्व,विराटनगरको पुष्पाञ्जली पत्रिकासँग आबद्ध पत्रकार पुष्पराज गर्तौलाका निवासको चियापान कार्यक्रममा सरिक भइयो । म अघिपछि चियामा पटक्कै सोख गर्दिनँ र पनि हिजो काठमाडौबाट १ थोपा पानी पनि मुखमा नहाली पटक पटक वान्ता गर्दै यहाँसम्म आइपुग्दा शरीरको पानी सकिएर हो कि किन हो, आजको कालो चिया मलाई सञ्जीवनी रस नै बन्यो । चिनी धेरै र हल्का मरिच आदि मसलामा कागती मिसाइएको यो एक कप चिया मलाई यति मीठो लाग्यो कि खाँदा खाँदा धीतै मरेन । आफ्नो भाँडो रित्तिइसक्दा पनि खाँऊ खाँऊ लाग्दैगर्दामैले धेरै वर्षअघि यात्री गुरुले दिएको सूत्र-“आहारे व्यवहारे चत्यक्त लज्जा सुखी भवेत्’ सम्झिएँ आज । आखिर यहाँ पनि त्यस्तो परको को नै छ र ! आत्मीयताले ओतप्रोत यी आफन्तका अघि यति गरिहाल्दा के नै अन्यथा भइहाल्ला र ? जस्तो लाग्यो । त्यसैले मैले आफ्नै छेउमा एकछिन सेलाउन राखेको मधुदाइको चियातिर देखाउँदै दाइलाई सुटुक्क इसारा गरेँ । दाइले खुसी हुँदै स्नेहपूर्वक सबै चिया मेरो कपमा खन्याइदिनुभयो । अपुग ठाउँमा थप चिया भित्रबाट पनि आइरहेको थियो । मधुदाइले आफ्नो भाग उठाउँदा मैले पिउँदै गरेको दोस्रो चिया पनि सकिँदै थियो । फेरि पनि लाज नमानी मैले अर्को चिया लिइदिन दाइसँग आग्रह गरेँ । अरु सबैले पिइसक्दासम्म मैले त्यो गिलासको पनि पिइसक्ने विचार गरेँ र भयो पनि त्यस्तै । अचम्म के भयो भने एकछिनमै शरीरभित्र नयाँ रक्तसञ्चार भएजस्तो लाग्यो र हिजोको हैरानीले हराएझैँ लागेको सबैशक्ति पुनः फर्केर आयो । आज बल्लबुझेँ मैले कालो चियाको महत्व ।

अलिकति हिजो अस्तिदेखिको धपेडी र अघि भर्खर त्रिमूर्तिमा ९/१० बजे बिहानको गर्मीको पृष्ठभूमिमा छँदाछँदै अहिले थपिएका यी ३ पटकका ताता चियाको प्रभावले होला मेरो शरीरबाट हिमाली झर्नाझैँ गरी पसिना तर्तरी झर्न थाले । बाहिर पसिना र भित्रभित्र लाजले पनि निथ्रुक भिजेको अवस्थामा रुमालले पसिना पुछी विराटनगरको गर्मीलाई दोष दिँदै सामान्य देखिन खोजेँ म । सबैजनाले तस्वीर खिच्दै गर्दा म पनि पसिना पुछ्दै सामेल भएँ । विराटनगर यात्रामा यो एउटा अनौठो अनुभव प्राप्त भयो मलाई । उता नौलखा परिवारका सदस्य हाम्रो लागि अतिथिसदनमा आइपुगेको थाहा भयो तर यता भने यसैघरसँगैका छिमेकी वृद्धिराज कोइरालाले पनि यहाँसम्म आएका बेला मेरा घरमा नटेकी जान दिन्नँ भनिरहेपछि त्यो सौहार्दता अस्वीकार गर्न सकिएन । ५, ७ मिनेटभित्रै त्यहाँका तीनपुस्तासँगका भेटमा रमाई इच्छाअनुसारका पानी, कोक समेत पिउन भ्याई छुट्टियौं ।

अतिथि सदनमा आई एकछिन गर्मी पखाल्ने कोशिस गरी एकैछिन पनि नबिसाई प्रतीक्षारत सवारीको स्वागत गर्दै नौलखा निवासतिर लागियो । दुरी खासै रहेनछ, ५, ७ मिनेटमै आइपुगिहालियो । प्रवेशद्वारभित्र पस्दापस्दै एउटा अनौठो दृश्यले सम्मोहित यी दृष्टिबिम्बमा अनायास अद्भुत रस सल्बलाउन लाग्यो । पल्लो छेउबाट आफ्ना दुवै बाहु फैलाउँदै आँगनको बीचमा एउटा बिन्दुजस्तो देखिएको अन्दाजी डेढ वर्षको अत्यन्त राम्रो, गोरो, रातो टीसर्ट लगाएको प्रफुल्ल मुद्राको बालक हाम्रो गाडीतिर हुत्तिँदै आइपुग्यो । यो उसैको अन्तर्मनले हामीलाई गरेको स्वागत हो वा कसैले सिकाएको हो, म त आफैभरि आश्चर्यचकित भइ नै रहेँ । मलाई लाग्यो, यति अनमोल सौन्दर्य र अनन्त भविष्यको सम्भावना लुकाउन सक्ने यस्तो तत्वलाई किन कोपिलासँग नदाँजून् पारखीहरू ! साँच्चै नै पानी पानी बनाइदियो बालकले । मनले सहस्रबार त्यो रचयिताप्रति आभार छरिरह्यो, जसले संसारलाई यस्ता सिर्जना दिई सजाएको छ ।

मलाई अतिशय आनन्द लागेर बालकको नाम सोधेँ । नाम रहेछ वंश नौलखा, क्या ! संजोग मिलेछ नाममा पनि ! वंश साँच्चै नौलखा बुबाको गौरवको प्रतिनिधि वंश हो जस्ता लागिरह्यो ।

आँगनको पूर्वी छेउमा रहेको सानो सामान्य अतिथिगृह, भुइँमा कार्पेट नओच्छ्याएको, दक्षिणी किनारामा ठीकठीकैको सोफा, त्यसैका नजिकै पश्चिमतिर एउटा ठूलो टेबुल, त्यसपछि पनि सोफाहरू, उत्तर र पूर्वी छेउमा कुर्सीहरू, दक्षिणी सोफाको बीचोबीचमा एकजना मौन व्यक्तित्व बसिरहेका, उहाँका उत्तरी छेउमा एकजना ५०, ५५ वर्षीय प्रौढ र पश्चिमतिर अरु दुई जना लब्धप्रतिष्ठ लाग्ने व्यक्तित्व पनि बसिरहेका, यस्तै परिवेशयुक्त कोठाभित्र बोलाइएपछि हामी त्यतै लाग्यौं ।

हिडपा साहित्य प्रतिष्ठानका प्रतिनिधि हिडपाली साहिँलो(श्याम अधिकारी) सरले उपस्थित सबैसँग अनौपचारिक परिचय गराउनुभयो । स्वास्थ्यको मर्जीका कारण मौनव्रती सिद्धआत्माजस्ता देखिनुहुने वयोवृद्धजीवन्त पुर्खा उहीँ हुनुहँदोरहेछ भीमराज नौलखा । उहाँको परिचय खुल्लासाथ गुरु वसन्तकुमार शर्मा नेपालले श्रीमती नौलखा र बुहारीहरूको पनि उपस्थिति होस्भनेपछि बुहारीहरूका साथ उहाँ पनि आउनुभयो र श्रीमाननेरै बस्नुभयो । गोरी, लामो अनुहार, अत्यन्त उज्यालो हँसिलो चेहरा, सुन्तला रङ्गको सफा पातलो सुती धोती, रातो ब्लाउजमा एकदमै खुलेकी, टाउकामा घपक्क सप्कोले ढाकेकी शालीन व्यक्तित्वकी धनी गृहिणीका रूपमा देखिनुभयो उहाँ । बसिसकेपछि थाहा पाइयो, उहाँ पटक्कै कान सुन्नु हुँदोरहेनछ । कसैले बोलेको कुरा छोराहरूले कानैमा गएर भनिदिनुपर्दोरहेछ । उहाँको परिचय इन्दुदेवी नौलखाका रूपमा प्रस्तुत गरिसकेपछि परिचयदाताहरूबाटै थाहा पाइयो कि ००७ सालको क्रान्तिका बेला आइपरेका आवश्यक खर्चवर्च, अतिथि सत्कार आदि आदिका लागि आर्थिक सङ्कट पर्दा

उहाँले आफ्ना सम्पूर्ण गहना मासेर श्रीमान्लाई बन्दूक बोक्न र न्यायका लागि लड्न हौसला दिनुभएको रहेछ । उहाँले नै "जोगबनी काण्ड"मा शयौं सङ्ख्यामा उपस्थित क्रान्तिवीरहरूलाई कठिनाइपूर्वक रेल्वेस्टेशनबाट पानी ओसारेर खुवाएको दृश्यको सम्झना वसन्त गुरुको स्मृतिमा पनि ताजै रहेछ । त्यो पनि यहीँ आएर थाहा पाउँदा त रौं रौंबाट स्वाभिमान जागृत भयो यी साहसिली शक्तिका लागि । यो नारीसंवेदना सबै सहधर्मिणीहरूको उदाहरणीय प्रेरणा बन्न सकोस्, हृदयले कामना गरिरह्यो ।

परिचयको क्रम बढ्दै थियो । नौलखावुवाका उत्तरतिर बस्नुभएका पत्रकार कवि लक्ष्मण नेबोटिया, पश्चिमतिर रहेका व्यक्तित्व वेणी गोपालको मुन्दडा, भिखमचन्द अग्रवाल 'सरल', नौलखापरिवारका जेठा छोरा धनपत रायनौलखा, यही कार्यक्रमकै लागि भनी काठमाडौंबाट आएका महिला छोरा, कान्छा छोरा, नाति, कान्छी बुहारीलेखिका मिलन नौलखा, अरु बुहारी हुँदै उत्तरतिर कुर्सीमा बस्नुभएका, भरखरै झापादेखि वसन्तसरसँगको साक्षात्कारको लागि मोटरसाइकलबाट घाम घाममा धापिँदै पाल्नुभएका विश्वनाथ कोइराला लगायत सबैसँग परिचयभयो ।

कार्यक्रमले औपचारिकरूप लिन थालेपछि बुहारी मिलन र अर्की उहाँकै जेठानी पर्ने मना नौलखा गरी दुई नारीकण्ठले हाम्रो स्वागतका लागि कुनै चर्चित विद्वान्का अभिबन्दनीय पङ्क्तिहरू अत्यन्त सुमधुर लयमा सुनाएपछि हामी मन्त्रमुग्ध बन्यौं । अत्यन्त सादा र शिष्ट लवाइखवाइ, गम्भीर हिँडाइ-बोलाइ, हँसमुख चहेरा र अतिथि सत्कारले भरिपूर्ण हार्दिक भावका साथ"संयम हो, अति उच्च रहो ........" भन्दै छुटेको यस लयमाधुरीले हामीलाई सम्मोहितै पाऱ्यो । अहो ! अहा ‼ यही, गीतिझनामै नुहाइरहन पाए हुन्थ्यो नि ! जस्तो लागिरह्यो कार्यक्रमभरि । मन त यी कुनै शब्द पोखिन नदिई समेट्न चाहन्थ्यो तर आफ्नो मोवाइलमा मेमोरी भरिएको र रेकर्ड गर्ने अर्को माध्यम पनि नभएका कारण मन-मस्तिष्कमै संगाल्नुबाहेक अर्को विकल्प थिएन । दिन त हामी के नै दिन सक्थ्यौं र आभारबाहेक, आखिर अतिथि न परियो, अतिथि त लिन्छन् मात्र, दिने त के नै हो र ? हामीसँग थियो पनि के र त्यही एउटा मनबाहेक । त्यसैले मनबाटै गम्भीर भयौं यस भावप्रति । संसारमा हार्दिकताभन्दा ठूलो धन, साहसभन्दा ठूलो शक्ति, आत्मीयताभन्दा ठूलो सम्भावना, उत्साहभन्दा ठूलो स्वास्थ्य र मनोबलभन्दा ठूलो सङ्गठन अर्को केही रहेनछ भन्ने जीवनोपयोगी महत्वपूर्ण सूत्रहरूयस कार्यक्रमको उपलब्धिका रूपमा पाउँदा मनै धन्य भइरहेको थियो ।

बाँकी कार्यक्रमभरि औपचारिकता धेरै भएन । हाम्रा लागि अपरिचित नौलखा यदि साँच्चै नै सदाचारप्रेमी रहेछन् भने त्यस्ता व्यक्तित्व त सामाजिक प्रेरणाका लागि बाँचिरहून् भनी स्वस्थ दीर्घजीवनको कामना गर्नैपर्छ बा ! अरु कसको लागि के नै गर्न सकिन्छ र, हामी त स्रष्टा हौं नि बाबा ! शुभकामनाका दुई थुङ्गा दिई आउन सक्दैनौ र ? गुरुले यसरी नै सम्झाउनु भएको थियो हिँड्नुअघि हामीलाई । त्यसैले यिनै भावले भरिएर,भरे परिआए अर्पण गरौंला भनी लगेको शुभकामना पत्र हामीले भाषा-साहित्य-संस्कृतिप्रेमी, राष्ट्रप्रेमी, स्वतन्त्रता, सेनानी भीमराज नौलखामा सगौरव समर्पण गऱ्यौं । अबको पालोमा एक अर्काका सिर्जनशीलतासित समाहित भई जुटियो सिर्जनावाचनतर्फ । झ्वाट्ट हेर्दा काठमाडौं-विराटनगरको प्रतिनिधित्व देखिएपनि २०, २५ जिल्लाका सहृदयीहरू एकाकार भई वाचन गर्दिथियो कविता । कवि, पत्रकार लक्ष्मण नबोटियाका स्पष्ट काव्यिक अभिव्यक्ति, नौलखा हजुरबुवाका १६/१७ वर्षे नाति र वैभव नाहटाको उत्साही कवितावाचन, झापाबाट धापिँदै आएका कविविश्वनाथकोइरालाका श्रुतिमधुर लयमाधुरीले भरिपूर्ण कवितावाचन तथा विद्वान् समाजसेवी भिखमचन्द्र अग्रवाल 'सरल'को गहन मन्तव्य र भाषाप्रतिको संवेदना, अर्का व्यक्तित्व वेणीगोपाल मुन्दडाको वक्तव्य, हिडपा साहित्य प्रतिष्ठानका अध्यक्ष श्याम अधिकारी (हिडपाली साहिँलो)को मन्तव्य र नेपाली भाषा-साहित्य,कोश-व्याकरणलगायतका शास्त्रवेत्ता महाकाव्यशिल्पी वसन्तकुमार शर्मा नेपालका तात्विक मन्तव्य यस बसाइमा आज आर्जन गरेका थप अविष्मरणीय कोसेली भए । यस्तै साहित्यानन्दमा डुबिरहेका बेला मकालु टेलिभिजनको निम्तोमा पुग्नुपर्ने भएकाले हामीलाई हतार हुन थालिसकेको थियो । यहाँ अलमल गरे त्यहाँ र त्यहाँ अलमलिए बेलुकाको काव्यसन्ध्यामा असर पर्नसक्ने यथार्थ सामुन्नेमै थियो । त्यसैले अब यस परिवारको अनुरोध अनुसार खानपीनतिर लाग्नुपर्ने भयो ।

हार्दिकताका चौरासी व्यञ्जनले यसै पनिपरिपूर्ण भैरहेका बेला खीर, पुरी, दाल, भात, तरकारी, अचारहरूले मगमग भान्साका शाकाहारी खाना हामी ३ देखि ९५ वर्षसम्मका आगन्तुकका लागि उपयुक्त सरस खाना थिए । वुवा र दाजुहरू त्यतै कता बस्नुभयो कुन्नि ! हामी चार आमाछोरी (उपमा, म, उरू र आर्या) भने भित्र भान्सातिरै बोलाइयौं । सबै परिकार गनिरहनतिर मेरो ध्यान गएन । हरियो धनियाँको लेपनयुक्त आलु टमाटरको लेदो, लौकाको तर्कारी र निबुवाको अचार भने जिभ्रोमै झुण्डिरहन खोज्दै थिए । आर्या आलुचिप्ससँग खेल्दै खाँदै थिई । हामीलाई खुवाउने बेला तीनपुस्ते सासू- बुहारी हुँदाहुँदै थपथाप गर्दा नातिनी अनि उता डेढ वर्षको पनातिदेखि ९२ वर्षे बुढा हजुरवा सम्मको पनि उपस्थिति साँच्चै नै अविष्मरणीय र अपूर्व देखिदैं थियो । यो सब हामीलाई रमाइलो लाग्दा लाग्दै कता कता सङ्कोच र भारी पनि थियो ।

खानपान सकिएपछि मलाई अघिदेखि कानमा गुञ्जिइरहेका विश्वनाथ कोइराला सरको कवितागायनको लय सञ्चय गर्न मन लाग्यो । धेरै कुरा थन्क्याउन नसक्ने भैसकेको घाइते मोवाइलमा नमूनाका लागि २, ३ वटा छन्दको वाचन रेकर्ड गरें । छुट्ने बेला तस्वीर खिचिरहेका, फोन नं. साटिइरहेका दृश्यहरू पनि नजिकिए । अघि हामीलाई लिन गएका भाइ फेरि हाम्रैलागि गाडी हाँक्न तयार हुनुहुन्थ्यो । अघिपछि जहाँतहीँ घुलमिल नहुने आर्या आज यहाँकी नातिनीबुहारी अनुजितूनौलखालाई अन्टी भन्दै उसकी अन्टी र अन्टीको सानो नानीसित मज्जाले लुटपुटिइरहेकी थिई । अनु अन्टीले दिएको भनी स्पाइडर म्यान लेखिएको नीलो र सिम्रिक रङ्गको चिटिक्कको झोला पिठिउँमा बोक्दै फुर्कंदै आँगनभरि छरिएकी थिई । सर बुवा ! मेरो झोला ‼ भन्दै हामी सबैका पितावसन्त बुवासामु पुगी ऊ आफ्नो शैशवी वसन्तको झाँकी सजाइरहेकी थिई । "अहा! कल्ले दियो मेरी नातिनीलाई यति राम्रो झोला ! भन्ने पितावसन्तका छहारीमा फुर्कंदै "अनु अन्टीले" भन्दै थिई र बेलिविस्तार लगाउँदै पनि थिई-यसभित्र टिफिन बट्टा पनि छ अनि थाहा छ हजुरलाई ?टिफिनभित्र चक्लेट पनि छ ।"

पुगनपुग ३ घण्टाको बसाइ पनि छुट्नै गाह्रो हुने गरी गाँसियो यस परिवारसँग । प्रसङ्ग चल्दै गर्दा मिलन बैनीले जतनले लेमिनेशन गरिराखेका आफ्ना लेखहरूका कटिङहरू देखाउनुभयो । सबै कुरालाई गौरव गर्दै र समयको आदेश शिरोपर गर्दै यहाँबाट सिधै मकालु टेलिभिजनतर्फ हामी हानिनुपर्ने थियो । अघि यहाँ आएकै गाडी र चालक भाइको साथले हामी मकालुतर्फ लाग्ने भयौं । छोटो बसाइको सुमधुर सम्झना स्मृतिविम्बमा सँगाली सबैले सबैसँग बिदावारी लियौं । यहाँदेखि त्यहासम्मका लागि यात्रा चालु भयो ।

हामी समयभन्दा ढिला आएछौं क्यारे, टेलिभिजन प्राङ्गणमै मकालुकी डाइरेक्टर गङ्गा सुवेदी आफ्ना श्रीमान्का साथ प्रफुल्ल मुद्रामा उभिएर प्रवेशद्वारतर्फ हेर्दै हुनुहुँदोरहेछ । हामी पुग्नासाथ हार्दिकतापूर्वक सञ्चो-विसञ्चो र सिर्जनात्मक हालखबर सोध्दै खुसी देखिनुहुने उहाँहरूलगायत उपस्थित धेरैसँग आत्मीयता साट्यौं हामीले । मसँग ४ वर्षअघि हेटौंडामा परिचित दिदी राधिका गुरागाईसँग पनि धेरैपछि भेट भयो आज । यहाँको रौनक फेरि अर्कै उल्लास बोकी मनभरि छाउन थाल्यो ।

सुरु गऱ्यो मकालुले आफ्नो छायाङ्कन कार्य, कार्यक्रम चेतना संरक्षण प्रतिष्ठानले व्यवस्थित गरेको रहेछ । प्रतिष्ठानकी अध्यक्ष गङ्गा सुवेदीको सभापतित्व र समालोचक दधिराज सुवेदीज्यूको प्रमुख आतिथ्यमा हामीहरू मञ्चमा आमन्त्रित भयौं । उत्साहका साथ चालु भयो कार्यक्रम । मलाई लागेको थियो, हामीमध्ये केहीले जियालोसम्बन्धी अन्तर्वार्ता दिनुपर्ने होला । तर भित्र जाँदा त कार्यक्रम-कक्षकै जस्तो गरी दर्शक-साहित्यानुरागी भरिएका, मञ्च, रोष्ट्रम, उद्घोषक र आजकै मितिमा टाँगिएको तुल देख्दा कविता गोष्ठी हुँदै रहेछजस्तो लाग्यो तर त्यो पनि नभई कार्यक्रम केवल हामीलाई प्राथमिकतामा राखी चल्न थाल्यो । थालनीमा गङ्गा दिदीले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दा पो थाहा भयो, हामी विराटनगर आएको खबरले प्रफुल्लित भई उहाँहरूमा छाएको अचानकको खुसीले हामीलाई बोलाएको रहेछ यहाँ । भाषाप्रेम, साहित्यिक उत्प्रेरणा, वाङ्मय सेवा र महाकाव्य चर्चाको पनि उद्देश्यसहित हामीलाई बोलाइएछ, मेरो त खुसीको

सीमै रहेन । हामीले पनि आफूले देख्दा, भोग्दा र लेख्दाका केही अनुभव बताउँदै कार्यक्रममा सहभागिता जनायौँ । मैले आफ्नो स्नातकोत्तर परीक्षामा जसको काव्य समालोचना पनि पढी अप्रत्यक्ष प्रभाव विद्यार्थीकालदेखिनै लिन पाएकी थिएँ, उहाँकै अर्थात् समालोचक दधिराज सुवेदीज्यूकै प्रमुख अतिथ्यले यसै पनि फुरुङ्गिइरहेका बेला उहाँकै हातबाट सम्मानित हुँदा त झन् के चाहियो र ! आफैभरि कसरी कसरी छायो कता कताको अपूर्व खुसी । ओहो ! आज यसरी जुरेको संयोग त्यतिबेलै जुरेको भए, त्यो समालोचना पढ्दा कति हौसिन्थेँ होला ! भित्रभित्र यसैगरी पोखिइरहेँ म आफैसँग ।

समान्यतया आफ्नो मात्रै सम्मान त कति आनन्ददायक हुन्छ भने अग्रजै अग्रजहरूसँग बसी यस्ता अवसर पाउँदा त झन के कुरा ! मलाई लाग्दै थियो यस्तो खुसी त साँच्चै भनूँभने कति लेखिकाहरूलाई मिलेको होला र ? सुखानुभाषामा निकैबेर रमाइरहन मनलाग्यो । हामीमध्ये धेरैले जियालोबाटै र कसैले अन्य सिर्जना पनि सुनाई आ-आफ्नो जिम्मेवारी पूरा गर्‍यौँ । हाम्रा तर्फबाट उपस्थित सबैका कविता वाचन, मन्तव्य, प्रमुख अतिथिको मन्तव्य-समालोचकीय वक्तव्य हुँदै बडो उल्लासपूर्वक कार्यक्रम टुङ्गियो । धेरैजसो आ-आफ्ना गन्तव्यमा लागेपछि पनि मञ्चमा तस्वीर खिच्दै गरियो । बाँकी केहीसँग बसी फेरि अनौपचारिकरूपले गीत गजल, अनुदिन कविता आदि सुनिए सुनाइए, गायिका मञ्चला, बङ्गाली अनुदित कविताका अनुवादक राजेन्द्र गुरागाइँ र कवयित्री राधिका गुरागाइँका प्रस्तुतिगत फाँकीहरूमा रमाइयो एकछिन् ।

छुट्टिने बेलामा गङ्गा दिदीलाई हामीले अतिथि सदनमा भरे हुने काव्य सन्ध्यामा जान आग्रह गर्‍यौँ । उहाँले आफ्नो बाध्यता बताउनुभयो । वास्तवमा उहाँ यतिखेर महालक्ष्मीको १६ दिने व्रतको उपासनामा हुनुहुँदोरहेछ । “यहाँबाट गएर पूजाआजाको तयारी गर्नुपर्छ बहिनी, क्षमा पाऊँ है” भन्नुभयो दिदीले । आश्चर्य र खुसी दुवै लाग्यो । साँझ बिहान लक्ष्मी आराधना गर्दै दिनभरि सरस्वतीलाई आह्वान गर्ने उहाँको यो धार्मिक सन्तुलनले साँच्चै व्यवस्थित बनाएको रहेछ कार्यशैली पनि । आजै बिहानभरिमै उहाँले योजना गरेको कार्यक्रमको यो आयोजनाले उहाँको कुशल व्यवस्थापकीय पक्ष र गम्भीर क्षमताको छनक दिइरहेका थिए । बिना हडबडको यो कुशल नारी क्षमताप्रति गर्व लाग्यो मलाई । यी सुखद पक्ष शिरोपर गर्दै सकेसम्म छिट्टै भेट होस् भन्दै छुट्टिनु पर्दै थियो । यहीँबाटै केही बेरका लागि आफन्त भेट्न भनी उहाँहरूसँगै गएकी हाम्री सहयात्री उपमाबाहेक हामीहरू आफ्नो बाटो लाग्यौँ ।

फर्कंदा यहाँबाट नजिकै पर्ने हाम्री आफन्त, हाम्रो दङ्गाली भाषिकामा भनुँभने मेरी प्यारी सोल्टिना, उर्मिला बहिनीकी आमाजु रीता दाहाल दिदीकहाँ गयौँ हामी डफ्फै । हाम्रो नाता गाँसिएदेखिनै मलाई विराटनगर आउनुस् भनिरहेकी र यो यात्राको खबर पाएदेखिनै सबैलाई ल्याएर आफूकहाँ आउन आह्वान गरिरहेकी उहाँको निवासमा टेक्नै परेको थियो । त्यसैले लगत्तै हुने काव्य सन्ध्याको समय नजिकिए पनि हामीले यो बाटो काटी जानै सकेनौँ । ५ मिनेट है ! भन्दाभन्दै एक घण्टाभन्दा बढी नै बसियो होला । यही छोटो बसाइमै पनि रीता दिदी, निमु भाइ, लक्ष्मी बैनी र सानीनानी नलिनासँग बसी पानी, चिया, कोक, फेन्टा, बिस्कुट, कविता र अक्षरकथासम्म पिउन पियाउन सफल भयौँ । रमाइलो क्षण सानै भएपनि स्मृतिको गागरमा सागर समेटिएको अविस्मृत अनुभूति बोकी समयसीमातिर फर्कन बाध्य भइयो ।

अतिथिसदनमा राखिएको काव्य-सन्ध्याका लागि एक एक छिन् सँगालेर आउने सहृयीहरूले धेरै बेर कुर्नुभएछ हाम्रानिम्ति । हामीमध्ये कसैका फोन नं. उहाँहरूसँग नभएको, भएका केही पनि अघिको टेलिभिजन कार्यक्रममा साइलेन्स राखेका राख्यै भएका, बल्लतल्ल डम्बर सरसँग सम्पर्क भए पनि पाक्नै थालेको चिया छोडी आउने हाम्रो कठोरता नभएको आदि कारण र यी सँगसँगै आज बिहानैदेखिको भ्याइनभ्याइबाट एकछिन् कमाएको फुर्सदको मिठासले पनि होलाउठिहालौँला भन्दाभन्दै बसेका बस्यै भएछौँ हामी ।

हामी आइपुग्दा प्रमुख अतिथि र आयोजक हिडपाली साहिँलो (श्याम अधिकारी) बाहेक सबै फर्किसक्नुभएछ । आई हातमुख धोई, खाना खाइवरि हामी जुट्दा प्रमुख अतिथि, आयोजक र विराटनगरबासी तीनवटी दिदी बहिनीबाहेक बाँकीको खासै उपस्थिति थिएन । अतिथि धेरै नभएर र प्रमुख अतिथिज्यूलाई पनि छिट्टै फर्किहाल्नुपर्ला भन्ठानी अनि भोलि बिहानै ५ बजेको आफ्नो यात्रालाई पनि ख्याल गरी कविता वाचन रोकिहाल्न ठीक लाग्यो । आयोजकसँग यही सल्लाह गरी २/३ मन्तव्यमै कार्यक्रम समेटी सभा विसर्जन गर्न अनुरोध गरियो ।

कार्यक्रमको केन्द्रीय मर्म हामीलाई सम्मान गर्ने कुरा आयोजकबाट थाहापाउँदा हामी आश्चर्यमा पर्‍यौँ । योग्य सत्प्रेरक र साहित्यसेवी सङ्घ संस्थाको सम्मान स्रष्टाका लागि आफैमा गर्वलाग्दो विषय हुँदाहुँदै पनि यतिखेरको हाम्रो अनौपचारिक भेटघाट कसैले थाहा नपाऊन् भन्दाभन्दै हामी सम्मानित हुने कार्यक्रम किन बन्यो ? कसरी बन्यो ? काठमाडौँबाट आउँदा भीमराज नौलखाको आग्रहले बाँधिएर आएका हामीलाई कसरी हिडपाले सम्मान गर्ने भेउ पायो ? किन श्याम अधिकारीको अगुवाइले यसलाई प्राथमिकतामा राख्यो ? यसैगरी मनोवाद गर्दै थियौं हामी, यता आयोजकका तर्फबाट हिडपाली साहिँलो- श्याम अधिकारीले आफूलाई हिजोको संस्थागत वार्षिक कार्यक्रमले अति व्यस्त गराउँदा र आज बिदाको दिन सबैतिर बन्द भएकोले उत्साहजनक उपस्थितिमा यहाँहरूको भव्य स्वागत-सम्मान गराउने आफ्नो इच्छा अधूरै रहेको बताउँदै आफूले अर्पिएको पत्रम पुष्पम् ग्रहण गरिदिए आफू कृतकृत्य हुने भाव व्यक्त गर्दै मन्तव्य राख्नुभयो । हिजोदेखि मेरो मनमा उहाँको सरलता र हार्दिकताप्रति पोखिन खोजेको आदर भित्रै देखि उर्लिएर आयो । हिजो पनि आफ्नो चलायमान कार्यक्रमबाटै किन हाम्रो स्वागतार्थ हिडपालीकै हृदय छट्पटायो ? किन आफ्नो अनुपस्थितिमा डम्बर घिमिरेमार्फत् स्वागती शब्दगुच्छा सम्प्रेषण गरियो ? कार्यक्रम सक्नासाथ किन हिडपाली नै उपस्थित हुनुपर्‍यो स्वागत गर्न ? हामीमा त्यस्तो के नै थियो र ? हिजोको शुभ सन्ध्यादेखि शुभरात्रिसम्म र आजको शुभ प्रभातदेखि अपरान्हसम्म त्रिमूर्तिको माल्यार्पण, पुष्पाञ्जलीको चियापान, नौलखाको आतिथ्य स्वागतलगायतमा कतै आयोजक कतै संयोजक हुने हिडपालीको योगदान कसरी फेरि यो सम्मान अर्पण समारोहमा सक्रियरूपले उपस्थित हुन सक्यो ? कसरी सम्भव भयो बिदाकै दिनमा यी सम्मानपत्र तयार गराउन ? कसरी साध्य भयो छिनभरभै एघार जनालाई दिएको यति प्राञ्जल भाषा शैलीको सम्मानको भाका निर्माण गर्न ? सबै सोच्दासोच्दै भाउन्नै होलाजस्तो भयो । हिडपालीप्रतिको अविश्वास होइन, शङ्का पनि होइन तर आश्चर्यले भने ।

हामीलाई सोचेको सोच्यै बनायो । उहाँका हामीप्रतिका भावजति जति व्यक्त हुँदै गए, उति उति नै उहाँप्रति यो मन आभारी भइरह्‍यो । संसारमा धन भनेकै भावना रहेछ र सम्भावना भनेकै हार्दिकता रहेछ भन्ने लाग्यो । उहाँकै आग्रहमा यस समारोहका प्रमुख अतिथि कोशी अञ्चल अस्पतालका पूर्व सुपरिटेण्डेन्ट, मैथिली समाज समितिका अध्यक्ष डा. एशियन झाका बाहुबाट सम्मानित हुने शुभ अवसर मिल्यो हामीलाई । यसरी प्राप्त अकल्पनीय गौरव र गम्भीर दायित्वबोधलाई आत्मसात गर्दै हामीले पनि आभार व्यक्त गर्‍यौँ आयोजक र उहाँलाई । आफ्नो वक्तव्यमा प्रमुख अतिथिज्यूले नेपाली भाषा-साहित्यका शिखर व्यक्तित्व वसन्तकुमार शर्म्मालगायत जियालोका सहलेखकहरूलाई आफूले यसरी गर्न पाएको एकमुष्ट सम्मानले आफू नै सम्मानित भएको अभिव्यक्ति राख्दा हामीथप आभारी नबनीरहन सकेनौँ । अन्त्यमा भोलि विहान ५:०० बजे यहीँबाट काठमाडौँका लागि हुने हाम्रो यात्राका लागि प्रमुख अतिथि र आयोजकबाट प्राप्त शुभ यात्राका शुभ भाव पनि शिरोपर गरियो । यी अपूर्व अनुभूतिहरूले भरिपूर्ण यस अविष्मरणीय यात्रालाई आ-आफ्ना स्मृतिमा सुरक्षित पार्दै हामीले पनि बिदा लिने भयौं उहाँहरूबाट ।

वसन्तसरले क्यै गरे पनि र कस्तै परे पनि आफूमात्रै साथी भाइबाट एक्लिएर हवाई यात्रा नगर्ने अडान लिएपछि हामी सबैको यात्रा गाडीबाट नै हुने भयो । मनमनै उठ्न खोज्ने एकतमासको सन्त्राससँग डट्दै हामी पनि उहाँको उदात्त काखमा लुटपुटिँदै जाने आशाले खुसी भयौं । भोलि १९ गते बिहानै एउटा रिजर्भ स्कर्पियोमा अतिथि सदनबाट काठमाडौंका लागि हाम्रो यात्रा थालिने भयो ।

आजको गाडीयात्रा विशेष रौनकमय हुने सङ्केत देखिँदै थियो । हामी अस्ति आएकै बाटोबाट गुड्दै भएपनि यी चोक र सबैथोक आज नौला नौला र झनै आत्मीय लागिरहे । बिहानी हावाको शीतल स्पर्श

शिरोपर गर्दागर्दै ‘‘भोलि बिहान हुइँयँ कि घुइँयँ बा ?’’ भन्दै हिजो बेलुकैदेखि फुर्किरहेका मधुदाइको मुक्तकण्ठ अभिव्यक्ति खुलिहाल्यो ‘‘जहाजमा चढेको भए त यी दृश्यपानबाट बञ्चितै भइन्थ्यो हगि बा?’’ भन्ने उहाँको जवाफमा बाले पनि - ‘‘होइन त, कता कता नि !’’भनेको सुनिदै थियो । पूर्वजन्मका एकै जोडी आमाबाबाका सन्तान भनौँ कि यसै जन्मकी वाक्देवीका वंशज भनौँ, ३ देखि ९५ वर्षसम्मका ४ पुस्ते शृङ्खलामा आएको यो भावनात्मक ऐक्यबद्धताको मानवीय प्रकृतिले मनलाई छुट्टै सुखसागरमा डुबुल्क्याइरहेको थियो । बाह्य प्रकृतिबाट कृतज्ञ दृष्टि र मानवी प्रकृतिबाट कृतकृत्य अन्तर्दृष्टि दुवैको सौन्दर्यावलोकन बेजोड प्रतिस्पर्धामा थियो । यस्तै परिप्रेक्ष्यमा विराटनगरमै गुडिरहेका बेला काठमाडौँबाट कवि उत्तमकृष्ण मज्गैयाँको ‘‘शुभ यात्रा !’’ भन्दै कानमा गुञ्जेको टेलिफोनले हाम्रो सुखानुभूतिमा अझै सुख थपिदियो । साहित्यिक काम विशेषले हिजो अस्ति मात्रै काठमाडौं आउनुभएका उहाँका अमूल्य शुभभाव सम्हाल्दै हामीले पनि उहाँतिरै नजिकिइरहेको समाचार दिई सुख  बाड्यौँ । उनै बाटाघाटा, उनै शहर-बजार, उनै खेतबारी, उनै नदीनाला, उनै वनजङ्गल र उनै परिवेशमा अस्तिभन्दा पनि थपअनुभूति सँगाल्दै अगाडि बढ्दै गइयो । यस्तो महासौभाग्य कमै मान्छेले पाउँछन् । ‘‘जीवनभरि यस्तै यात्रा गरिरहन पाइयोस् !’’ भन्दै चौ चौ गरिरहेको मनसित कुरा गर्दै, घरि घरि सहयात्रीका गफगाफमा पनि भाग लिँदै हामी गाडीमा हुइँकिइरह्यौं, गाडी सडकमा घुइँकिइरह्यो ।

लगभग आधा घण्टा जतिको दुरी पार गर्दा सुनसरीको बलाहामा आइपुगिएछ, लक्ष्मीसरले ‘‘एकछिन मेरो घरमा पुगी एकमुठी चिया पिएर जाऊँ है साथी हो ।’’ भन्दै गाडी रोकाउनुभयो । रोक्नुपर्ने भन्दा ४/५पाइलाअगाडि पुगेर रोकिएछ गाडी, त्यहाँ घर भेटिने कुरै भएन । आफ्नै घर टोलका बाटाघाटा र घरै सम्झन अलमलिएको देखेर हामीलाई हाँस्ने मौका मिलिहाल्यो । बिचरा सरले छेउको पसलतिर सोधपुछ गर्दा घर अगाडि छुटिसकेको पक्का भएपछि फेरि उतै गाडी फर्काएर मात्रै भेटाइयोघर ।

राजमार्गबाट दाहिनेतिर लाग्ने सानो सानो सडकजस्तो बाटोबाट १०० मिटरजति भित्रको दुरीभित्र पनि दाहिनेतिरै रहेछ त्यो कविकुञ्ज । आँगनमा टेक्नासाथ घर जिम्मालिई वसेका कान्छा कान्छी नामका एक जोडी आँगनमा आई समुस्कान हाम्रो स्वागतमा जुटे । लक्ष्मी सरजस्तो सिद्धहस्त कविको जन्मथलो देखाउँदै त्यहाँकी प्रकृति देवीले सुटुक्क मोहनी लगाउन थालिहालिन् । आकाश छिचोल्दै उचालिएका नरिवलका स्वाभिमानी रुखहरू र हजारौँ लाखौँ चराचुरुङ्गीलाई आश्रय दिई विनम्रताले शिर झुकाएका बाँसका ४/५ बटा झ्याङहरू देख्दा त खुसीको सीमै रहेन । यी दुवैथरी वृक्षमा मैले लक्ष्मीसरको व्यक्तित्वका दुई जाजवल्यमान् पाटाको स्पष्ट छायाङ्कन देखेँ । अन्यायका विरुद्धमा लड्नुपर्दा आफ्नो सिद्धान्तमा हिमालजस्तै अग्लिने अनि गुरुजनका अगाडि विनयशील र लज्जावनत भई झुक्ने उहाँकै प्रतिनिधित्व गरेछन् यी दुई वृक्ष- वनस्पतिले, खूब आनन्द लाग्यो । बगैँचातिर जानको लागि बार लगाइएको थियो । त्यसैभित्र पनि हामी छरिइसकेका थियौँ । मलाई बगैँचाको सौन्दर्य नहेरी चित्तै बुझेको थिएन । लक्ष्मीसर मैले दशवर्ष अघिदेखि सत्सङ्ग गर्न पाएका अग्रज अनि उहाँ र म एउटै काव्यगुरुका सन्तान भएकाले उहाँ मेरा मानस दाजु पनि । त्यसैले उहाँको बगैँचामा रजाई गर्न मलाई कुनै आइतबार कुर्नै परेन । मैले गोलौराको बगैँचामा आफू उत्रिएको महशुस गर्दै बारीतिर पस्ने बाटो नियालेँ अनि मात्र दाजुतिर फर्केर सोधेँ- “सर ! म बारी हेर्न जाऊँ ?’’ अपार भ्रातृभावको उदात्त मुस्कानसहित उहाँले भन्नुभयो-‘‘जाऊँ जाऊँ ।’’ अनि बाँसका तामा रहेछन् भने ल्याऊँ कि नल्याऊँ सर ?’’ ‘‘ल्याऊँ ल्याऊँ ।’’ यी वार्तालाई आधार बनाउँदै मैले सुटुक्क मधु दाइको कानैनेर गई सोधेँ ‘‘दाइ हजुरलाई तामा कस्तो लाग्छ ?’’ जवाफ आयो- ‘‘काइदा लाग्छ नानी ।’’ अब झन् मलाई के चाहियो र ? मधुदाइलाई भनेँ - उसो भए जाऊँ बारीमा । तामाका मुना पटापट भाँचेर फटाफट झोलामा राखौँ दाइ ! हो र ? सरले केही भन्नुहोला कि ! मधुदाइको शङ्कालाई निर्धक्क पार्दै मैले भनेँ- भने भन्छन्, के को डर !

हाम्रै सोचौँ न हामी ! छिटो जाऊँ न बरु ! अरुले सुने लोभी भन्छन् क्या दाइ ! मेरो भनाइले चौ चौ गर्दै बुट्की बजाउँदै “लौ त जाऊँ हिडँ !” भन्ने मधुदाइ र बाटो देखाउने बहिनी ‘कान्छी’ हुँदै हामी त्यता लाग्यौँ ।

बारीका बाँसघारीमा पुगी तामा भाँच्नैलागेका के थियौं, आफू सानै हुँदा नारीले तामाभाँच्नु हुँदैन भनीसुनेको परम्परागत कथन झ्वाट्टसम्झिएँ मैले । यो कुरा दाजुलाई सम्झाएँ, उहाँलेपनि सही थाप्दै आफै भाँच्न थाल्नुभयो । यता चिया पाक्न थालिसकेको खबर र उतातिर धेरै अल्मल नगर्नुस् है ! भन्ने ड्राइभरको सावधानी दुवै कानमा गुञ्जिरहेकै थिए । हतार भएकाले मधुदाइ छिटो छिटो भाँच्दै गर्ने सुरमा हुनुहुन्थ्यो । जमीनमा कस्सिएर बसेजस्ता लाग्ने बाँसका आकर्षक मुनातिर बलैले भाँच्नथाल्दा तामा ठोक्किँदै निधारतिर, दाइ ढुन्मुनिदै भुइँतिर परेको दृश्य परैबाट देखेँ मैले । केही साताअघि सप्तकोशीमा उर्लिएको प्रलयकारी बाढीले प्रभावित यी बारीहरू निरन्तर ६/७ दिनसम्म डुवानमा परेपछि सबै तरकारी र सागपातजस्तै गरी बाँसका यी कलिला मुनाहरू पनि कुहिसकेको कुरा हामीलाई के थाहा ? बिचरा मधु दाइ त्यो मुना छोडी अर्को, अर्कोछोडी अर्को गर्दै पर परसम्म पुगी बाँसबुटा नियाल्दै हुनुहुन्थ्यो । कान्छी बहिनी पनि दुई चार वटा बटुल्दै थिइन् । म भने यताउति फर्कदै वर पर दुवैलाई साथ दिएझैं गरी उत्साहित नजरले बगैंचाको सौन्दर्य पिउँदै थिएँ ।

बारीमा यता उता टहल्दै गर्दा पातमा टल्पल मोतीदानाका खजाना पस्केर आफैसित खेल्न बोलाइरहेको कर्कला घारीमा मेरा आँखा अल्झिए । कर्कलो आफूलाई अति नै मनपर्ने तर्कारी भएकाले यहाँ पनि मलाई मेरो धैर्यले रोक्न सकेन । उता एक दुई तीन चार गर्दै पर पुगिसकेका दाइलाई वरैबाट बोलाउँदै मैले भनेँ-“दाइ मैले अर्कै थोक भेटाएँ, म यतै लाग्छु है दाइ !” दाइको जवाफ थियो- “हुन्छ नानी हुन्छ ।” हामी आ-आफ्नै काममा यति तल्लीन भयौँ कि एक अर्कातिर हेर्नसम्म पनि कसैको ध्यानै कसैतिर गएन । यसैबीच लक्ष्मीसर आइपुग्नुभयो बारीमा । चैत-वैशाखको हरियालीमा चोर बाख्रा चरेझैँ गरिरहेका हामीलाई देखी खूब रमाउँदै उहाँ पनि कर्कला-बारीमा आई २/४ कर्कलाका डण्ठी सहितका पात भाँचीलाग्नु भयो र केही बेर हाम्रो लीला हेरी मुस्कुराउँदै आँगनतिर जानुभयो । म त प्रकृतिको काखमा लुट्पुटिन पाएकी, आफ्नै संसारमा रमाइरहेकी थिएँ । बाँसघारीबाट मधुदाइ भन्दै हुनुहुन्थ्यो “तामा भाँच्दा त बलै लगाउनु पर्दैन बैनी ! जुरुक्कै खोष्टा मात्रै पो आउँछन्, के भएको होला ? ‘‘कति भाँचियो त दाइ ?’’ ‘‘चार पाँच वटा मात्रै, तिमीले कति टिप्यौ कर्कलो ?” ‘‘मैले त झोला भर्न थालिसकेँ दाइ’’ हाम्रो खैलाबैलाले छिमेकीलाई पनि रौनक दिएछ क्यारे, उत्तरतिरकी एउटी दिदीले मतिर हेरेर सोध्नुभयो- ‘‘के गर्ने बैनी यतिविधि कर्कलो ? तर्कारी नै खाने हो त ? म पनि फुर्कदै भनेँ हो दिदी, हामीले यसरी बारीमै पसी आफ्नै हातले टिपी खान नपाएको धेरै भइसक्यो, आज रमाइलो गरेको नि !” यसरी उता हेर्दै कुरा गर्दै यता टिप्दै गर्दा कर्कलाको चोप मेरो सेतो दोपट्टा र सुरुवालमा ठाउँठाउँमा लागेछ । आऽऽ जे सुकै होस् यो त मलाई यहाँकी प्रकृतिले लगाइदिएको वात्सल्यको टीका हो भन्ठानेर गर्वबोध गरेँ मैले । रातभरि पानी परेको रहेछ, अहिले त्यही शीतले आधा कपडा भिजाएर झोलाभरि कर्कलो लिई म डिलमा आएँ । उताबाट दाजु र अर्कोतिरबाट कान्छी बहिनीले पनि ल्याएका तामा सबै जम्मा गरी झोलाभरि पारी हामी निस्कियौँ ।

आँगनमा आउँदा कान्छा भाइले धमाधम नरिवल फोड्दै बोरा भर्दै थिए ।  पश्चिमातिरका छिमेकी गोपाल अधिकारीकहाँ हाम्रो लागि चिया पाकेको रहेछ, मबाहेक सबैले पिइसक्नु भएछ । श्रीमती मञ्जु अधिकारीले समधुर मुस्कानले हार्दिक स्वागत गर्दै चियाल्याउनुभयो । झट्टपट्ट त्यो पिएँ मैले । मञ्जु बैनीकाजोडी र गुरुसँग बगैँचाबारीको बयान गरी बसे एकछिन, एकछिनै अघि मञ्जुका जेठाजु-जेठानी पनि आउनुभएको रहेछ, म ढिलो आएकोले भेट्न पाइनँ । “ल ल जाऊ अब !” भन्ने सबैको आह्वानले हतारो तर्फ केन्द्रित हुँदै हिँड्न लागियो घरबाट । एउटा सानो बोराभरि जटा छुटाएका र अर्को ठूलो बोराभरि जटासाहितकै नरिवल बोकी, कान्छी बैनी र भाइ हिँड्नै लागेका बेला, कान्छाले नै सम्झाएछन्, ओहो ! भन्दै एकछिन् बारीमा गई हतार हतार ओल खन्न थाले रे, ल हिँड्नुस् ! हिँड्नुस् !! आउनेहरू आउँदै गर्छन्, भन्ने गुरु वाक्यसँगै लागी हातको झोला दरिलो गरी समाउँदै म पनि सबैसँग र यहाँकी प्रकृतिसँग बिदामाग्दै अगाडि बढेँ । लौ है हजुर ! भन्दै

गुरुले पनि बिदा माग्दा हस् हजुर ! हामीलाई त अति रमाइलो गरिदिनु भो, फेरि फेरि यसरी नै दर्शन पाऊँ न हजुर कहिले काहीँ भए पनि !! भन्नु भयो बिदा दिनेहरूले । छिमेकीले दिएको अपार माया सँगाली हामी यहाँबाट पनि छुट्टियौँ ।

ओल खनिसकेपछि त्यो पनि अर्को बोरामा राखी ल्याएका कान्छा भाइ, कान्छी बैनी लक्ष्मीसर, अरु बाँकीहरू गर्दै हाम्रो लस्कर गाडीनेर आइपुग्यो । ओल देख्दा मलाई  साह्रै अचम्म लग्यो । झण्डै झण्डै जाँतो भन्न मिल्ने, उत्रै र उस्तै आकारको, पिँडालु जातको यो के रहेछ ? भनी पत्ता लगाई बाँकोको एक प्रकार रहेको थाहा पाउँदा झनै अचम्म लाग्यो ।

बढ्दै गाडीनेर आइपुग्दा वसन्तसरकै जस्ता दाह्री, उस्तै उस्तै देखिने उमेर, उस्तै मुखमण्डल, उस्तै टोपी लगाएका, उस्तै हँसिला, सरकै सहोदर भाइ भने सुहाउने व्यक्तित्व भेटिनुभयो अचानक । उहाँ पनि खूब दङ्ग र हामी पनि दङ्ग दङ्ग हुँदै तस्वीर खिच्यौं । उमेर भने सरको भन्दा २० वर्ष कान्छै रहेछ उहाँको । यी सबै दृश्य क्यामरामा र मस्तिष्कमा पनि कैद गर्दै  रमाइलो गरीगाडीमा चढियो,  बलाहालाई बाइबाइ गर्दै ।

भर्खरैको विश्रामले विच्छ्याएको ताजगीको प्रभाव अब हाम्रो यात्रा भरि छरिएको थियो । गाडी भित्रको अघिल्लो खण्डबाट हामी(खगेन्द्र दाइ, उरू, आर्या, उपमा र म) बसेको ठाउँसम्म बाटो बनाई आर्या ओहोरदोहार गर्दै सर बुवासँग खेल्न थाली, पछिल्लो लहरको दक्षिणी छेउका लक्ष्मी सर सबैलाई सम्बोधन गर्दै नरिवलको पानी खाऊँ है साथी हो'' भन्दै आह्वान गर्दै हुनुहुन्थ्यो, अहा ! मलाई त खूब मन पर्छ नरिवलको पानी ! भन्दै थिइन्, उरू, आम्मै ! होत नि ! घरकै ताजा नरिवल पो त ! कति स्वादिलो होला बाबै ! भन्दै हुनुहुन्थ्यो उपमा, डम्बर सर नरिवलका जाति-प्रजातिबारे सोध्दै हुनुहुन्थ्यो, लक्ष्मीसर व्याख्यासहित तिनको नालीबेली दिँदै हुनुहुन्थ्यो । आफूलाई त आजसम्म संसारभरिकै नरिवलको जात एउटै हुन्छजस्तो लागेको थियो ।

आज बल्ल यसबारे पाएको जानकारी धन्यलाग्यो । नरिवलसँगै चलेको ओलको कुरा हामी कतिपयका लागि अर्को नयाँ विषय । यसलाई कसरी, कहाँ, कहिले रोप्ने ? कसरी गोडमेल र सिँचाइ गर्ने ? कसरी खन्ने? कसरी पकाउने-खाने ? आदिका प्रश्नकर्ता डम्बर सरको जवाफ दिन लक्ष्मी सर र खगेन्द्र दाइलाई भ्याइ नभ्याइ थियो ।

उता मधुदाइ आफ्नै अनुभव सार्वजनिक गर्दै तामा उखेल्दाको दृश्य झल्काउँदै हसाउँदै हुनुहुन्थ्यो सबैलाई । मलाई पनि लाग्नु हाँसो लाग्यो अघिको चर्तिकला सम्झेर । यी वार्ताका झाँकी र फाँकी लाई बाहिरी आँखाले झट्ट झट्ट समेट्दै भित्रीदृष्टिले अघिकै उदात्त प्रकृतिसित समेटिरहन लागेँ म ।  घरि कर्कलो घारी, घरि घरि बाँसबारी, घरि नरिवल फोडाइ, घरि छिमेकी दिदीसँगका वार्ता, घरि कान्छाकान्छीको समुस्कान स्वागत, घरि मञ्जु बैनीको चियाकोआतिथ्य, यी सबैसहित बलाहाकी प्रकृति आफ्ना अविश्रान्त वासल्यझर्नामा भित्र भित्र झङ्कृत भैरहेकी थिइन् । मन त्यतै मात्र दौडिरहन खोज्थ्यो तर तितै भएपनि सत्यआखिर सत्यैथियो । त्यो सुखद् संसारको झङ्कारबाट टुट्नु र छुट्नु परेकैले अरुजस्तै गरी यस अपूर्व भेटलाई पनि स्मृतिमै जीवित राख्नु मेरो कर्तव्य भैसकेको थियो ।

बाहिरी दृश्यावलोकनमा कम र गाडीभित्रको आत्मीयतामा अझै बढी रमाउँदै बढ्यौँ हामी धेरैबेर । आधाघण्टा जति गुडेर सप्तकोशीको अजस्र जलभण्डार सामु पुगी केही बेर यसको अवर्णनीय सौन्दर्यले लोभिनु र ठाउँ ठाउँका अरु दृश्यमा फाट्टफुट्ट अल्झिनुबाहेक त्यतै डुबिरहने वातावरण थिएन आज । फेरि सबैको ध्यान खिच्दै "नरिवलको भोज लाऊ न अब किन ढिलो ?'' भन्दै खगेन्द्र दाइले खै के ले हो नरिवल फुटाउन थाल्नुभयो ।

पानी त निकालौँला तर त्यो केमा राखेर कसरी खाने अब ? भन्न नपाउँदै गाडी चालक गुरुजीले "यहाँ छ नि भाँडो"भनीगिलास झिकिदिएर सबैलाई चकित पार्नुभयो । सबैले पालै पालो खाइयो नरिवलको पानी ।

अस्ति पानी पिउन पनि रुची नलागेकी मलाई आज भित्रैदेखि अर्कै रौनक छाएको थियो । मैले पनि खाएँ नरिवलको पानी । दाइले पटक पटक गरी चारपाँच ओटै नरिवल फोड्नुभयो क्यारे ! यसको पानीले गर्ने लाभहानिका व्याख्या गर्दै यात्रा धेरैबेर नरिवलमय भइरह्यो । बढ्दै गर्दा एक ठाउँमा एकदमै होचो पुलबाट हाम्रो गाडी पार हुँदै थियो, मधु दाइले आश्चर्य प्रकट गर्दैभनिहाल्नु भयो "ओहो ! के हो दाइ यस्तो यो ? भुइँ पुल हो कि के पुल हो यो ? यस्तो पनि पुल हुन्छ कहीँ ? यसलाई त भुइँपुलै भने गज्जव हुन्छजस्तो लाग्यो है दाइ !" भित्र भित्र सबैलाई यस्तै लाग्दै थियो सायद, आफ्नै मनको अभिव्यक्ति पोखिएछ क्यारे, एक छिन त हाँसोको फोहोरै छुट्यो ।

निक्कै बेरसम्म हाँस्दै हाँस्दै अगाडि बढियो । बढ्दै बढ्दै बरमझिया आइपुगेपछि चिया पिउन र पेडा किन्न हाम्रो हूलै ओर्लियो गाडीबाट । एकछिन यसो टहलेर चियापान सकी दूधैदूधबाट बनाइने यहाँको प्रसिद्ध पेडाको कोसेली हात हातमा बोकी गाडीमा चढियो र बढियो काठमाडौँतर्फ ।

अपरान्हतिर भकुण्डेवेसी भन्ने ठाउँमा चियाखाजा खाँदा हामीले हाम्रो साझा कोसेली बाँड्नु थियो । बाबुको सम्पत्ति दर्जनौँ छोराहरूले अंशबण्डा गर्नुपरे झैँ यतिञ्जेल एउटै बोरा र एउटै झोलामा रहेका नरिवल, ओल, कर्कलो, तामा हामी सबै प्रकृतिमाताका सन्तानले बाँडेर खानेबेला आयो अब । काठमाडौँ नजिकिँदै गर्दा यहीँ नै भागबण्डा गर्न उचित ठानी बोराबाट ओल निकालियो । त्यो बडेमानको ओल देख्दा त्यहाँ उपस्थितहरू र होटेलवाला पनि लोभिए एकछिन् । यो हामीलाई बेच्नुस् न ! भन्नेको पनि कमी भएन तर यो त्यस किसिमको नभएको र हाम्रो लागि नयाँ भएको रहस्य बुझेपछि चुपचाप लागी उल्टै हामीलाई सघाउनतिर लागे उनीहरू ।


भित्रबाट एउटा लामो कटारीजस्तो ल्याए एउटाले । यसलाई टुक्राउन कटारी उजाएकै बेला एउटा भाइले "म्या'' गरेर हँसाए सबैलाई । मलाई भने यतिञ्जेल सुतिशङ्कै नलागेको ओलमा खसीको झझल्को आई विरक्ति पनि लाग्यो एकछिन् । अघि कान्छाले मिहिनेतपूर्वक खनेर सिङ्गै निकालेको ओलको यो हाल देख्दा कर्तव्यका निम्ति अनेकौँटुक्रामा बाँडिनुपर्ने अस्तित्व विभाजनको मर्मिकतातिर पनि गहिरिन मनलाग्यो । दुईफ्याक पारिएको ओल हामी सदस्य सङ्ख्याअनुसार नौ-दश टुक्रामा बाँडियो । अनौठो खुसी बोकी आ-आफ्नो भाग समाई त्यहाँबाट बिदाभई हामी पुनः गाडीनेर आयौँ । फेरि त्यसैगरी खोलिए नरिवलका बोरा, कर्कलो र तामाका झोला अनि त्यसैगरी लगाइए यिनका पनि भागबण्डाहरू, फेरि पुनर्गति पायो यात्राले ।

यात्रामा पर्ने सबैदुरी पार गरी काठमाडौँ भित्रिँदै गर्दा मैले आफूलाई आफ्नै पूर्वयात्रामध्येको प्रथम, दाङ-काठमाडौँ यात्रा हुँदै पोखरा-लुम्बिनी-काठमाडौँ, काठमाडौँ-झापा, काठमाडौं-सिन्धुपाल्चोक, काठमाडौँ-वीरगञ्ज र काठमाडौ-नेपालगञ्ज अनि मथुरा-नेपालगञ्ज-काठमाडौँजस्ता फरक फरक यात्राका केही अविष्मरणीय मधुरा स्मृतिहरूमा एकतमासले चुर्लुम्मिदै गरेको पाएँ । मेरा निकै यात्राहरूको उठान र बिसौनी बन्दै गरेको रहेछ काठमाडौँ, साँच्चै नै आत्मीयता उर्लियो यसप्रति ।

आज पनि यो नयाँ यात्राबाट यतै फर्कदा विराटनगरको अपूर्व यात्रानुभूति मन-मस्तिष्कभरि खचाखच भरिएको थियो । विना योजना र विना औपचारिकता, हिँडिएको एक दिनको मात्र समयसीमामा पनि बिहानैदेखि साँझसम्मका चार पाँच वटा कार्यक्रममा सहभागी हुन पाएको अहिलेसम्मकै अद्वितीय यस अविष्मरणीय यात्राका सबै अनुभूति समेट्न बडो मुस्किल परिरहेको थियो । लाख लाख कोशिस गरी समेट्छु भन्दा पनि सबै अनुभव-अनुभूतिहरू स्मृतिमा अटेसमटेस गर्दै चढ्न खोज्दै थिए । यो उर्लाहटभरि विराटनगरको मधुरोचेहरा देख्दा मैले त मनै थाम्न सकिनँ ।

मौन वार्तामा बदलिँदै आफ्नो बाध्यता फुकाउन मनलाग्यो ऊसँग । त्यसैले सुस्तरी गुन्गुनाएँ,"कृपया विराटनगर ! आखिर विराटनगर न पर्‍यौ तिमी, कसरी समेटिएला र तिम्रो विराट्रूप मेरो सीमित क्षमतामा, त्यसैले त क्षमा गर्नैपर्नेछ तिमीले मेरो शिल्पीलाई र खुम्चिनै पर्नेछ मेरो अपूर्णतामा" भन्दै क्षमा मागेँ मैले विराटनगरसँग ।


सायद विराटनगर व्यथित भयो मेरा वाक्यले, परपरबाट धूमिल चेहरामा बदलिँदै  समर्थन र बिदाइको हात हल्लाउँदै अलप भयो । अश्रुसिक्त नयनले म पनि यसको नैसर्गिक हार्दिकता शिरोधार्य गर्दै ओझेलिन बाध्य भएँ । यात्रारत गाडी काठमाडौं प्रवेश गरिसकेको थियो । सबै सहयात्रीसरह म पनि काठमाडौँको स्वागतार्थ सम्मिलित भएँ । ◆◆



# आफ्नै मनन : आत्म-मनन




*हालै विमोचित प्रा. रिसालको ५४औं कृति*




**समाजसेवी पीताम्बर आचार्य**

आफू को हो भनी आफ्नै विषयमा चिन्तन गर्नु नै आत्म-मनन हो । यसै गर्न मन लाग्छ । जगत् के हो भनी खोजी गरेको त मिथ्या पो रहेछ– देख्नुमा छ, हुनुमा छैन । देख्नादेख्नै हराइहाल्ने, नष्ट भइहाल्ने, नरहिरहने भएकाले त्यो पनि काम लागेन । फेरि जीव के हो भनी खोजी गरेको त ब्रह्म नै पो रहेछ– 'जीवो ब्रह्मैव नापर: ।' अब ब्रह्म के हो त भनेर खोजी गर्दा आफूभन्दा अभिन्न, आफैँभित्र रहेको अनि आफू नै पो रहेछ ।

यही क्रममा धेरै निबन्धहरू लेखिए । ती पनि सबका सब आत्मपरक, अध्यात्मपरक एवं ब्रह्मपरक नै भएकाले आत्म-मननकै उपलब्धि हुन् भन्न सकिन्छ । आत्माभन्दा पर त जान्न पनि जानिएन अनि गइएन पनि । कविता, काव्य, महाकाव्य पनि थुप्रै लेखिए । ती पनि सबका सब नै प्रत्यक्ष वा परोक्षरूपमा आत्मासँग नै सम्बद्ध भएकाले आत्म-मननकै उपज हुन् । यसरी आजसम्मका मेरा सिर्जना आत्माकै सेरोफेरोभित्र परेका छन् ।

यसैमा मलाई सन्तुष्टि छ, आनन्दको अनुभूति हुन्छ । हाम्रा पूर्वाचार्य, हाम्रा पुर्खाहरूले हामीलाई यही कुरा सिकाएर गएका छन् र त आत्मामा नै रमाउन जानियो पनि ।

प्रस्तुत महाकाव्य 'आत्म-मनन'मा पनि प्रकारान्तरले आत्माकै चिन्तन र मनन गरिएको छ र यसमा विविध प्रसङ्गहरू परेका छन् । यस काव्यमा नायक/नायिका भेटिँदैनन्, कथावस्तु छैन, यो नै यसको विशेषता पनि हो । योजनाबद्धरूपमा आएको पनि त होइन यो महाकाव्य ! आत्म-मनन गर्दागर्दै तयार भएको हो महाकाव्य । अब त पुराना लक्षणहरूलाई थपघट वा संशोधन गरे कसो होला ?



"गुरु हुन् ज्ञान-सर्वस्व, शिष्योद्धारक, तारक ।
परमात्मा, परब्रह्म, साक्षात्, फारक, कारक ।।"
'नमनै म'

जन्म :
वि.सं. १९४२

ब्रह्मलीन :
वि.सं. २०२८

श्रीपरमपूजनीय १००८ स्वामी
यदुकानन्द महाप्रभुप्रति श्रद्धानुगृहीत

पीताम्बरप्रसाद आचार्य
निर्मला आचार्य

कैलाश रिजाल
रिता रिजाल

आत्मा (आफू) भन्दा भिन्न केही देखिएन । चिन्तनीय, पठनीय, मननीय, भजनीय पनि आत्मा नै हो । उपनिषद्हरूले पनि आत्माकै विषयमा– सुन, पढ, लेख, बुझ, मनन गर, निदिध्यासन गर भनी निर्देश गरेको हुनाले र यसो गर्नाले आनन्द आएको अनुभव गरेको हुनाले पनि यसो गरियो । यसैको परिणति, परिणाम, प्रतिफल हो– 'आत्म-मनन' महाकाव्य ।

पाठकहरू हो ! कृपया पढेर बुझिदिनुहोस् अथवा बुझेर पढिदिनुहोस् । आत्म-मनन गर्न यसले केही सहयोग गर्‍यो भने काव्यकार सफल भयो, सन्तोष मिल्यो– एक/दुई सहधर्मी पाइएकामा ।

पुस्तक-प्रकाशनार्थ अर्थसहयोग गर्नुहुने मुमुक्षु दम्पति (पीताम्बर आचार्य एवं निर्मला आचार्य र कैलाश रिजाल एवं रिता रिजाल) र उहाँहरूका परिवारजनप्रति धेरै-धेरै आशीर्वाद ! उहाँहरूको जय होस् ! कल्याण होस् ! प्रकाशक स्वाध्याय परिवारलाई धन्यवाद!

**नेपाल सरकार**
**अर्थमन्त्रालय**
**आन्तरिक राजस्व विभागको**

आर्थिक वर्ष २०७४/०७५ को अनुमानित करको विवरण तथा आयकरको पहिलो किस्ता बापतको रकम दाखिला गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

आर्थिक वर्ष २०७४/०७५ मा आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा ९४ को उपदफा (१) बमोजिम आयकरको किस्ता रकम दाखिला गर्नुपर्ने कर दाताहरुले दफा ९५ बमोजिम आर्थिक वर्ष २०७४/०५ को कारोबारको अनुमानित करको विवरण र सो विवरण अनुसार तिर्नुपर्ने आयकारको प्रथम किस्ता बापतको चालीस प्रतिशतले हुने रकम यही २०७४ पौष मसान्तभित्रै ठूला करदाता कार्यालय वा सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा दाखिला गरी ऐनअनुसार लाग्ने शुल्क तथा ब्याजबाट बचौं ।

# ज्ञान र ज्ञानी

गुरु- ज्ञानी महामानवकै समान
यो सृष्टिभन्दा परको छ जान ।
वेदान्त-सिद्धान्त बुझेर बस्ने
संसारको भोगतिरै नफस्ने ।।

-१-

बाहिरी दृष्टिले हेर्दा, ज्ञानी, ज्ञान नभेटिने ।
अर्कै मान्छे उनी भित्र, हेर्न जाने त भेटिने ।।
-२-
चिम्लने अथवा खोल्ने, आँखा व्यापारमा पनि ।
अल्छी राजा भए ज्ञानी, ज्ञानमा मस्त छन् मुनि ।।
-३-
आँखा खोल्नु-चिम्लनुमा, अल्छी मानेर झन्झट ।
मान्ने ज्ञानी महान् नै हुन्, छोड्दै जाऊ फटाफट ।।
-४-
गरेँ गर्न निकै बाँकी, द्वन्द्व मुक्त भए मन ।
धर्म-मोक्ष सबै द्वन्द्व, निर्द्वन्द्व ज्ञानवान् बन ।।
-५-
ज्ञानीको चित्त चल्दैन, नगर्न-गर्न टुङ्गियो ।
धर्म-कर्म भए पूर्ण, दिगम्बर, उदाङ्गियो ।।
-६-
राग-द्वेष समाप्तै भो, जोड्नु-छोड्नु न शेष छ ।
ज्ञानी ज्ञानी समानै छन्, आफ्नै जस्तो त भेष छ ।।
-७-
बीज भुट्ने भए ज्ञानी, भवको बीज मोह हो ।
ज्ञानीको उपमा छैन, शब्द-शक्ति समाप्त भो ।।
-८-
विचार, मन नै छैन, वासना कसरी हुने ।
चित्शिलाझैँ भए ज्ञानी, मोह छैन कतै छुने ।।
-९-
प्रवृत्ति र निवृत्तिले, नछुने ज्ञानयुक्तमा ।
द्वन्द्वातीत, गुणातीत, सृष्टि छैन नि मुक्तमा ।।
-१०-
विषयी छोड्न चाहन्छन्, संसार दुःख हो भनी ।
निर्विषयी खिन्न हुन्नन्, भोग्य वस्तु मिले पनि ।।
-११-
मोक्षको चाहना जस्तै, देहमा ममता छ है ।
न योगी हुन्, न वा ज्ञानी, दुःखभागी त हुन् तिनै ।।
-१२-
विरिञ्चि, हरि, भोलाले, उपदेश दिए पनि ।
स्वरूपस्थितिमा हुन्नौ, सारा बिर्सनु पर्छ नि ।।
-१३-
संयमी, आत्ममा तृप्त, बस्छन् आनन्दपूर्वक ।
कर्म, ज्ञानफल-प्राप्त, एकान्त सिद्धिवर्धक ।।
-१४-
एकान्तमा बसी योगी, आत्माभ्यास निरन्तर ।
गरी आनन्दमा मस्त, तृप्त बाहिर-आन्तर ।।
-१५-
नीमको पात छोडेर, कमलो पात हस्तिले ।
रुचाउँछन् त त्यस्तै नै, आत्मानन्द त ज्ञानीले ।।
-१६-

आसक्ति भोगमा हुन्न, भोगमा लोभ हुन्न नि ।
यस्ता दुर्लभ छन् ज्ञानी, तिमी त्यस्तै त बन्नु नि ।।
-१७-
बुभुक्षुहरू पाइन्छन्, मुमुक्षु पनि पाइने ।
दुवै प्रकारको इच्छा, नभएका नपाइने ।।
-१८-
महापुरुष अत्यन्तै, दुर्लभै छन् धरामहाँ ।
भोगको, मोक्षको इच्छा, भएका त कतै यहाँ ।।
-१९-
हेयोपादेयता छैन, उदारमन ज्ञानीको ।
वास्ता पटक्क नै छैन, जन्म, मृत्यु र मोक्षको ।।
-२०-
रहोस् वा नरहोस् विश्व, ज्ञानीमा छैन आग्रह ।
प्रारब्धवस जे हुन्छ, त्यसैमा मस्त विग्रह ।।
-२१-
इन्द्रियका सबै भोग, गर्छन् ज्ञानी असङ्ग भै ।
बुद्धिवृत्ति भए क्षीण, ज्ञानले त कृतार्थ भै ।।
-२२-
शून्य दृष्टि भएकाले, ज्ञानी निःस्पृह छन् सदा ।
एषणात्रय-राहित्य, आत्मतृप्त त सर्वदा ।।
-२३-
ज्ञानले क्षीण संसार, ज्ञानी मस्त छ शून्यमा ।
स्पृहा-विरक्ति नै छैन, क्रिया नै छैन कर्ममा ।।
-२४-
ज्ञानीमा कामना हुन्न, अपेक्षा शून्य नै भए ।
आत्मामा छन् सदा मग्न, मस्तराम यिनी थिए ।।
-२५-
तत्त्वज्ञानी न जागा छन्, कदापि ननिदाउने ।
विभिन्न स्थितिमा बस्ने, न भन्ने न भनाउने ।।
-२६-
सदा प्रसन्न छन् ज्ञानी, विकारशून्य भो मन ।
समस्त वासना-मुक्त, कल्पनातीत जीवन ।।
-२७-
सबै इन्द्रियले गर्छन्, काम मुक्तात्म-भावले ।
ज्ञानीको वृत्ति भो शून्य, क्रिया हुन्छ स्वभावले ।।
-२८-
ज्ञानी आसक्तिले शून्य, निन्दा र स्तुतिको पर ।
न प्रसन्न, न ता क्रोध, दिनु-लिनु त के छ र ।।
-२९-
निन्दास्तुति विनिर्मुक्त, सन्तुष्ट जसरी पनि ।
आसक्ति घरमा छैन, मति स्थिर, उदार नि ।।
-३०-
विचलित हुदै हुन्नन्, स्त्रीमा मन परेकीमा ।
कालै आए डरै छैन, एकनास स्वरूपमा ।।
-३१-
नारीमा-नरमा उस्तै, हर्षमा-शोकमा सम ।
समदर्शी समानै छन्, सम्पत्ति र विपत्तिमा ।।
-३२-

हिंसा छैन, दया छैन, अनम्र-नम्रता न छ ।
विकार धीरमा छैन, न आश्चर्य न खेद छ ।।
-३३-
घृणा, लोभ, न वा द्वेष, प्राप्तिमा र अप्राप्तिमा ।
भोग गर्छन्, परी आए, ज्ञानी बस्छन् स्वरूपमा ।।
-३४-
विकल्प-शून्य हुन् ज्ञानी, स्थिर चञ्चलता न छ ।
चैतन्यमात्रमा अड्ने, ज्ञानी बोधस्वरूप छ ।।
-३५-
'म-मेरो' छैन है घेरो, छैन आशा न चिन्तित ।
आसक्त धर्म वा कर्म, ज्ञानी बन्ने सुनिश्चित ।।
-३६-
मुक्तसङ्ग भई गर्ने, ईश्वरार्पण-बुद्धिले ।
ज्ञानी निमित्त मात्रै हुन्, गर्ने सारा त दैवले ।।
-३७-
वासना, सपना छैन, जडता छैन चेतना ।
शब्दले भन्न मिल्दैन, ज्ञानी हुन्छन् अकामना ।।
-३८-
अन्तःकरणराहित्य, ज्ञानीको हो विशेषता ।
सच्चिदानन्दसाहित्य, ज्ञानीमा छ अपूर्वता ।।
-३९-
तेजलाई नमस्कार, आनन्द निर्विकारमा ।
स्वप्नजस्तै जगत् मिथ्या, कृपा भो जसको ममा ।।
-४०-
ज्ञानी ऐले कृपा प्राप्त, स्वप्नझैँ देखियो भव ।
सुख, शान्त र चैतन्य, नमः सम्भव-शाम्भव ।।
-४१-
पहिले ता भ्रमै रेछ, स्वप्नझैँ, आज बोध होस् ।
चैतन्य, शान्त, आनन्द, नमस्कार प्रबोध होस् ।।
-४२-
नाना भोग गरून् भोग्य, नाना सम्पत्ति आर्जन ।
हुनै सक्दैन आनन्द, त्यो त्याग नगरीकन ।।
-४३-
अमृतत्व हुने प्राप्त, त्यागबाटै न संशय ।
भोगबाट हुने दुःख, शरीर, मनको क्षय ।।
-४४-
कर्मले दुःख नै दिन्छ, कर्मत्याग हुने सुख ।
सूर्यको तापले पोल्छ, शान्ति भो चन्द्रसम्मुख ।।
-४५-
भव हो कल्पनामात्र, छैन है परमार्थमा ।
आफ्नो अभाव नै छैन, भावाभाव-विभावमा ।।
-४६-
अभाव सत्यको हुन्न, भाव हुन्न असत्यको ।
भावाभाव-विनिर्मुक्त, मेरो ब्रह्मस्वरूपको ।।
-४७-
निर्विकार, निराकर, निर्विकल्पक, निर्गुण ।
मैरै स्वरूप हो साँचो, सदा प्राप्त निरञ्जन ।।
-४८-

प्राणीका हृदयावासी, नजिकै परमेश्वर ।
मूढलाई निकै टाढा, मन-बुद्धि-अगोचर ।।
-४९-

अज्ञान जब भो नष्ट, आत्माको अनुभूति भो ।
शोक-मोह-विर्निमुक्त, ज्ञानी आनन्दपूर्ण हो ।।
-५०-

अज्ञान जब भो नाश, तीनै ताप समाप्त भो ।
कहाँ शोक ? कहाँ मोह ? एकत्व जब बोध भो ।।
-५१-

विश्व ब्रह्माण्ड जन्जाल, सपना, कल्पना त हो ।
आत्मतत्त्व बुझे मुक्त, अनादि र अनन्त भो ।।
-५२-

जब भो आत्मको बोध, कर्म, अभ्यास हो किन ?
ज्ञानी बालकझैँ हैन,   खेलमा नै रमाउन ।।
-५३-

बाँकी छैन कुनै कर्म, न धर्म, र उपासना ।
आत्म, आप्त र निष्काम, ज्ञानीमा छैन कामना ।।
-५४-

यो, त्यो, तिमी, ममा छैन, तत्त्वज्ञान भएपछि ।
न मूर्ख, न विवेकी हो, ज्ञानमात्र बचेपछि ।।
-५५-

न ता चञ्चल, एकाग्र, न ता ध्यान, समाधिमा ।
त्याग, योग त्यहाँ छैन, ज्ञानीका अनुभूतिमा ।।
-५६-

अभेद देख्छन् ज्ञानी, भेदैभेद छ विश्वमा ।
भिक्षा, राज्य समानै छ, भीडमा, वनमा समा ।।
-५७-

धर्म-कर्म, असत्- सत् वा, हुने वा नहुने त के ?
तत्त्वज्ञानी समानै छन्, गर्नैपर्ने छ शेष के ?
-५८-

कर्तव्य शेष नै छैन, ज्ञानी जीवन-मुक्तको ।
जीवितै छन्, शिलावत् छन्, अन्दाज गर्न सक्छ को ?
-५९-

वासना जब भो नष्ट, भयो अमन रे मन ।
साक्षात्कार गरी ज्ञानी, ब्रह्मैरूप भए भन ।।
-६०-

ज्ञानीका दृष्टिमा विश्व, ब्रह्मकै रूप देखिने ।
अस्तित्व भवको छैन, छ वा छैन भने हुने ।।
-६१-

मल-विक्षेप नै छैन, ज्ञानीका दृष्टिमा कतै ।
पन्छाउने कुरै छैन, आत्मा-आत्मा जतातै ।।
-६२-

उनी हुन्छन् अरू जस्तै, आफूजस्तै उनी भए ।
न समाधि न विक्षेप, न लिप्त ब्रह्म नै थिए ।।
-६३-

अर्काका दृष्टिमा ज्ञानी, कर्ता, भोक्ता भए पनि ।
कर्ता, भोक्ता, प्रमाता ता, छैनन्, हुन् ज्ञानकै धनी ।।
-६४-

प्रवृत्ति वा निवृत्ति वा, ज्ञानी छैनन् दुराग्रही ।
आत्माभिन्न जगत् छैन, ज्ञानभिन्न अनाग्रही ।।
-६५-

बन्धमुक्त भएकैले, स्वतन्त्र र निराश्रित ।
झरेको पातझैँ ज्ञानी, पालित कि त फालित ।।
-६६-

हर्ष-विस्मात नै छैन, सदा शान्त विदेहझैँ ।
ज्ञानी आनन्दको मूर्ति, देखिने तर देहझैँ ।।
-६७-

ग्रह्य वा त्याज्य नै छैन, ज्ञानी ता परिपूर्ण छन् ।
विश्वव्यापारले छुन्न, धरापुत्र त धन्य हुन् ।।
-६८-

चित्त-शून्य भएकाले, आइपर्ने त गर्दछन् ।
न सम्मान, असम्मान, यौटा दृष्टान्त कोर्दछन् ।।
-६९-

शरीरले गरोस् केही, ज्ञानी ता किन गर्दछन् ।
प्रारब्धले परी आए, पछाडि किन सर्दछन् ।।
-७०-

कुरो बुझ्दैन अज्ञानी, मुक्तको व्यवहार ता ।
ज्ञानी गरेर गर्दैन, उल्टो झैँ देखिने यता ।।
-७१-

उल्टो-सुल्टो जसो गर्ने, ज्ञानको तेजले गरी ।
फल भोग्ने उनी हैनन्, गर्ने रे नगरे सरी ।।
-७२-

समाधि, मोक्षको इच्छा, गर्दैनन् ती महाशय ।
चित्त भस्म भएकाले, ज्ञानीमा छ सदाशय ।।
-७३-

गर्नु-नगर्नु नै छैन, क्रिया-कर्म समाप्त भो ।
धर्म- अर्थादिको अन्त, ज्ञानी मुक्तस्वरूप हो ।।
-७४-

कर्तृत्वको अहङ्कार, छैन है छैन तापनि ।
नगरेर गरेझैँ छन्,  गरेझैँ नगरे पनि ।।
-७५-

सन्तुष्ट वा असन्तुष्ट, अप्रसन्न-प्रसन्न छन् ।
मिल्दैन अन्यको भाषा, जसले जे भने भनुन् ।
-७६-

कर्ता, भोक्ता, प्रमातामा, अहङ्कार प्रशस्त छन् ।
अहङ्कार विनिर्मुक्त, आफैँमा मग्न-मस्त छन् ।।
-७७-

मूर्ख सत्सङ्ग पाएमा, अझै शङ्का बढाउने ।
विवेकीले सुनेमात्रै,  सारा शङ्का हराउने ।।
-७८-

अभ्यास गर्नु नै पर्छ, तत्त्वज्ञान बढाउन ।
अभ्यास गर्नु पर्दैन, तत्त्वज्ञान बढाउन ।।
-७९-

प्रसन्न हुन सक्दैन, अज्ञानी चूपचापमा ।
ज्ञानी प्रसन्न देखिन्छन्, अकर्म-कर्म-चापमा ।।
-८०-

रतिराहित्यले गर्दा, आत्मामा तृप्त मानव ।
भोग-भण्डारले गर्दा, अतृप्त मूर्ख दानव ।।
-८१-

प्रयत्नसाध्य यो हैन, स्वत:सिद्ध, प्रकाशक ।
भेटिने खोज्न छाडेमा, कर्म हो प्रतिबन्धक ।।
-८२-

खोजेर ब्रह्म पाइन्न, मूढ कोसिस जे गरुन् ।
खोज्न छोड्ने हुने धीर, आत्मामा नै रमीरहुन् ।।
-८३-

शान्त चित्त भए ज्ञानी, अज्ञानी त अशान्त छन् ।
अबुद्ध वासनायुक्त, वासनामुक्त बुद्ध हुन् ।।
-८४-

जगत् देख्दैन बुझ्नेले, नबुझ्ने दृश्यमा फसे ।
वासनाले जगत् देख्ने, नदेख्ने ब्रह्ममा बसे ।।
-८५-

विषयहरू नै भाग्छन्, देखेर ज्ञानवान्हरू ।
स्याल, बाख्राहरू भाग्छन्, देखेर केशरीहरू ।।
-८६-

ज्ञानी हुन् बालकै जस्ता, इच्छामा अन्यको हिँडे ।
अशुभ-शुभ होस् कर्म, अनासक्त भई भिडे ।।
-८७-

स्वतन्त्रता भए शान्ति, परमात्मा प्रकाशित ।
स्वतन्त्र नै हुने मुक्त, उनी हुन्छन् सुरक्षित ।।
-८८-

ज्ञानीमा भेद नै छैन, राज्य वा गिरिकन्दरा ।
वासना छैन ज्ञानीको, लोकालोक वसुन्धरा ।।
-८९-

विकार छैन ज्ञानीको, तिरस्कृत, पुरस्कृत ।
सदा प्रसन्न देखिन्छन्, प्रबुद्ध र सुसंस्कृत ।।
-९०-

छोरा, नोकर, पत्नीले, तिरस्कार गरे पनि ।
ज्ञानी प्रसन्न देखिन्छन्, विकार कत्ति छैन नि ।।
-९१-

देखिने र हुने अर्कै, ज्ञानीको व्यवहारमा ।
ज्ञानीले मात्र बुझ्ने छन्, आत्मा नै परमात्ममा ।।
-९२-

कर्तव्य शेष नै छैन, जब ता ब्रह्म–बोध भो ।
ब्रह्मविद् ब्रह्म नै हुन्छन्, असाधारण योग यो ।।
-९३-

खाँदा, बोल्दा, उठी, बस्ता, आनन्दसङ्ग गर्दिने ।
जिज्ञासु यदि आएमा, शङ्का सम्पूर्ण हर्दिने ।।
-९४-

कर्मत्याग गरून् मूर्ख, रागी छन् भित्रदेखि ता ।
सारा कर्म गरून् ज्ञानी, त्यागी हुन् यो महानता ।।
-९५-

तृष्णारहित हुन् ज्ञानी, कर्म गर्दा समान छन् ।
कर्म गर्ने त अर्कै हो, ज्ञानीले मात्र बुझ्दछन् ।।
-९६-

ब्रह्मादेखि किरासम्म, समान देख्छन् मुनि ।
भोगमोक्ष निराकाङ्क्षी, वर्णनातीत छन् यिनी ।।
-९७-

माटोमात्र त हो सत्य, नाम-रूप त कल्पना ।
वाणीका यी विलासै हुन्, घैँटा, गाग्रादि वासना ।।
-९८-

बन्ध, मोक्ष, खुसी, चिन्ता, मायाकै रूप कल्पित ।
मायातीत, स्वयंज्योति, आफू ब्रह्म अकल्पित ।।
-९९-

ऐना जस्तो छ संसार, चिताएअनुसार छ ।
दृष्टिजस्तै हुने सृष्टि, आफू ता सृष्टिपार छ ।।
-१००-

सुनेर मात्र पुग्दैन, आफूमा नै मिलाउने ।
वेदको लक्ष्य हो मोक्ष, ब्रह्मात्मैक्य दिलाउने ।।
-१०१-

विकार, भय, सन्तुष्टि, राग, त्याग त छैन है ।
ज्ञानीका दृष्टिमा एक, द्वैत संसार हैन है ।।
-१०२-

स्वर्ग, नरक नै छैन, बन्ध-मोक्ष त कल्पना ।
अकल्पनीय आफू हो, छोडेमा सब वासना ।।
-१०३-

निन्दा-स्तुति नगर्ने ऊ, सुखमा, दुःखमा सम ।
हर्षविषादनिर्मुक्त, ज्ञानी मुक्त अहं-मम ।।
-१०४-

आफ्नामा स्नेह ता छैन, न निन्दा परचक्रीमा ।
देहभित्रै त देही छ, चिन्ता छैन विदेहमा ।।
-१०५-

कहीँ देह छुटोस् ज्ञानी, देहदेखि विविक्त छन् ।
भवले नछुने पूज्य, आदर्श ब्रह्मरूप हुन् ।।
-१०६-

ज्ञानीका दृष्टिमा ढुङ्गा, सुन खोस्टा बराबर ।
गुणदेखि उठेकाले, मस्त आनन्द-सागर ।।
-१०७-

फेरि फर्कनु पर्दैन, त्यो धाम हो परात्पर ।
अद्वैतबोधले मात्र, पुगिने ब्रह्म-मन्दिर ।।
-१०८-

ज्ञानीको तुलना छैन, अज्ञान त कतै गयो ।
राम-रावणको युद्ध, राम-रावणझैँ भयो ।।
-१०९-

जाने पनि त जान्दैन, बोले पनि नबोलने ।
हेरेर पनि देख्दैन, ज्ञानको तत्त्व खोलने ।।
-११०-

भिखारी वा महाराज, ज्ञानी शोभित आत्ममा ।
जसको चित्त नै छैन, आत्मानात्म-परात्ममा ।।
-१११-

ज्ञानीको ज्ञानको श्रेणी, कसले हो बताउने ।
स्वयंसिद्ध, स्वयंतृप्त, अरूले नबताउने ।।
-११२-

अवस्था ज्ञानको कस्तो, स्वयंबाट त जानिने ।
वाणीले भन्न मिल्दैन, अन्तःकरण बोलने ।।
-११३-

जागे पनि नजागेको, निद्रामा ननिदाउने ।
सुतेर सपना छैन, ज्ञानी, नित्य उदाउने ।।
-११४-

सुखी-दुःखी, न आसक्त, विरक्त हैन बोधवान् ।
मुमुक्षु न त हो मुक्त, हो वा होइन बुद्धिमान् ।।
-११५-

विक्षेप न त विक्षिप्त, एकाग्र न समाधिमा ।
जड वा मूर्ख हैनन् यी, ज्ञानी हुन्छन् निरूपमा ।।
-११६-

प्रशंसामा न वा मख्ख, निन्दामा नरिसाउने ।
नडर्ने मृत्यु आएमा, न बाँच्न ममता हुने ।।
-११७-

न ता भीड न एकान्त, न चित्तपछि दौडने ।
जस्तो छ त्यसमा तुष्ट, कल्पनामा नपौडने ।।
-११८-

दुःखमा छैन उद्‌विग्न, तृष्णा छ न त भोगमा ।
आनन्दमा सदा मग्न, ज्ञानी छन् मस्त योगमा ।।
-११९-


कुनै रूप ममा छैन, अवस्था, कोश छैन है ।
ब्रह्मको बोधले गर्दा, म जीव हैन, हैन है ।।
-१२०-


कुनै काल, ममा छैन, अवस्था, कोश छैन नि ।
ब्रह्मको बोधले गर्दा, म जीव हैन, हैन नि ।।
-१२१-

बनौँ मुक्त, थियौँ मुक्त, अमुक्त भावना गए ।
गुरु-शास्त्र, तपोयोग, समाहित ममा भए ।।
-१२२-

शिष्य- अखण्ड आनन्द ममा उदायो
अज्ञानको भान सबै हरायो ।
कृपा मिलेको गुरुदेवबाट
अझै कृपा माग्दछ यो ललाट ।।
-१२३-

शिवमस्तु !



# कालाग्निरुद्रोपनिषत् – २८

*ब्रह्मज्ञानोपायतया यद्विभूतिः प्रकीर्तिता ।*
*कालाग्निरुद्रं तमहं भजतां स्वात्मदं भजे ।*
*ॐ सह नाववत्विति शान्तिः ।*

*ॐ अथ कालाग्निरुद्रोपनिषदः संवर्तकोऽग्निर्ऋषिरनुष्टुप्छन्दः श्रीकालाग्निरुद्रो देवता श्रीकालाग्निरुद्रप्रीत्यर्थे भस्मत्रिपुण्ड्रधारणे विनियोगः । अथ कालाग्निरुद्रं भगवन्तं सनत्कुमारः पप्रच्छ-अधीहि भगवंस्त्रिपुण्ड्रविधिं सतत्त्वं किं द्रव्यं कियत्स्थानं कतिप्रमाणं का रेखा के मन्त्राः का शक्तिः किं दैवतं कः कर्ता किं फलमिति च । तं होवाच भगवान्कालाग्निरुद्रः-यद्द्रव्यं तदाग्नेयं भस्म सद्योजाता-दिपञ्चब्रह्ममन्त्रैः परिगृह्यग्निरिति भस्म वायुरिति भस्म जलमिति भस्म स्थलमिति भस्म व्योमेति भस्मेत्यनेनाभिमन्त्र्य मानस्तोक इति समुद्धृत्य मा नो महान्तमिति जलेन संसृज्य त्रियायुषमिति शिरोललाटवक्षःस्कन्धेषु त्रियायुषैस्त्र्यम्बकैस्त्रिशक्ति-भिस्तिर्यक्तिस्त्रो रेखाः प्रकुर्वीत व्रतमेतच्छाम्भवं सर्वेषु देवेषु वेदवादिभिरुक्तं भवति तस्मात्तत्समाचरेन्मुमुक्षुर्न पुनर्भवाय । अथ सनत्कुमारः पप्रच्छ प्रमाणमस्य त्रिपुण्ड्रधारणस्य त्रिधा रेखा भवत्याललाटादाचक्षुषोरामूर्ध्नोराभ्रुवोर्मध्यतश्च यास्य प्रथमा रेखा सा गार्हपत्यश्चाकारो रजोभूर्लोकः स्वात्मा क्रियाशक्तिरृग्वेदः प्रातःसवनं महेश्वरो देवतेति यास्य द्वितीया रेखा सा दक्षिणग्निरुकारः सत्त्वमन्तरिक्षमन्तरात्मा चेच्छाशक्तिर्यजुर्वेदो माध्यंदिनं सवनं सदाशिवो देवतेति यास्य तृतीया रेखा साहवनीयो मकारस्तमो द्यौर्लोकःपरमात्मा ज्ञानशक्तिः सामवेदस्तृतीयसवनं महादेवो देवतेति एवं त्रिपुण्ड्रविधिं भस्मना करोति यो विद्वान्ब्रंह्मचारी गृही वानप्रस्थो यतिर्वा स सर्वान्वेदानधीतो भवति स सकलभोगान्भुङ्क्ते देहं त्यक्त्वा शिवसायुज्यमेति न स पुनरावनर्तते न स पुनरावर्तत इत्याह भगवान्कालाग्निरुद्रः । यस्त्वेतद्वाधीते सोऽप्येवमेव भवतीत्यों सत्यमित्युपनिषत् ।३०।*

*

ब्रह्मज्ञानोपासनाका ऐश्वर्य मानिने प्रभु
कालाग्निरुद्रलाई म आत्मज्ञानार्थ भज्दछु !

कालाग्निरुद्रोपनिषत्का संवर्तक अग्नि ऋषि, अनुष्टुप् छन्द, श्रीकालाग्नि-रुद्र देवता हुन् । श्रीकालाग्निरुद्रलाई प्रसन्न राख्न भस्मको त्रिपुण्ड्र लगाउन प्रयोग गरिन्छ । अनि कालाग्निरुद्र भगवन् समक्ष सनत्कुकारले सोधे : भनिदिनोस् न भगवन् ! तत्त्वसहितको त्रिपुण्ड्रविधि के हो ? चीज के हो ? कुन ठाउँमा ? कति जति ? कति थरी रेखा (धर्सा) ? कुन कुन मन्त्रहरू ? शक्ति के के ? कुन देवतालाई ? कर्ता के हो ? र फल पनि के हो ? 'अनि ती सनत्कुमारलाई भगवान् कालाग्निरुद्रले बताइदिनुभो' जो चीज हो, त्यो आग्नेय अर्थात् अग्निले पूरा जलाइसकेको हुनु पर्छ, खरानी भइसकेको हुनु पर्छ । 'सद्योजातः' आदि पाँच ब्रह्ममन्त्रहरूले झिकेर (अग्नि कुण्डबाट) 'अग्निरिति भस्म वायुरिति भस्म जलमिति भस्म स्थलमिति भस्म व्योमेति भस्म' यही मन्त्रणा गरेर (मन्त्रेर)' मानस्तोकं.......मन्त्रले चिम्टीबराबर झिकेर 'मानोमहान्तम्.....' भन्ने मन्त्रले टाउको-निधार-छाती-काँधहरूमा 'त्रिशक्तिभि.....' भन्ने मन्त्रले एक-'स्त्र्यम्बकै.......' भन्ने मन्त्रले दोस्रो र 'त्रिशक्तिभि........' भन्ने मन्त्रले तेर्सा तीन रेखा लगाओस् ! यो शैवव्रतका नियमहरू त सम्पूर्ण देवताहरूलाई वेदवादी (वैदिक) हरूले सिकाइ बताइदिएकै हुन्छन् । तसर्थ नचाहने (जन्मनमर्न नचाहने) मुमुक्षुले त्रिपुण्ड्र लगाउनै पर्छ ।

अनि 'यसको प्रमाण के ? 'भनी सनत्कुमारले सोध्दा भगवान्ले बताउनुभो - यस त्रिपुण्ड्रधारणको प्रमाण (ढङ्ग) त तीन रेखा हुन्छ, ती रेखा निधारभर, आँखासम्म, तालुसम्म अर्थात् पूरै निधारभरी लगाइन्छ । जसमध्ये पहिलो रेखा गार्हपत्य अग्निको अकार, धूलो (खरानी) भूलोक, आफ्नो आत्माको क्रियाशक्तिरूप, ऋग्वेद बिहानी यज्ञस्नान, महेश्वर देवता हुन् ।

जो दोस्रो रेखा हो, त्यो चाहिं दक्षिणग्नि, उकारं हो, सत्व-अन्तरिक्ष-अन्तरात्मा-इच्छाशक्ति हो, यजुर्वेद माध्यन्दिनं सवनं (मध्यान्ह यज्ञस्नान) हो, र सदाशिव देवता हुन् । जो तेस्रो रेखा हो, त्यो आहवनीय यज्ञाग्नि, मकारतम, द्यौर्लोक परमात्मा ज्ञानशक्ति, सामवेद सन्ध्यास्नान, महादेव देवता हुन् ।

यस प्रकार भस्मले त्रिपुण्ड्र विधि जोसुकै विधि जोसुकै विद्वान्, ब्रह्मचारी, गृहस्थ, वानप्रस्थ वा यति गर्दछ, सर्ववेदज्ञाता हुन्छ, सर्वदेवज्ञाता हुन्छ सकलरुद्रमन्त्रको जापक हुन्छ, सबै सुख भोगेर मरेपछि शिवसायुज्य भेट्टाउँछ, फेरि जन्मनुमर्नुमा पर्दैन, फेरि संसारार्वतमा फस्दैन ! भगवान् कालरुद्रले यति भन्नुभो । ॐ सत्यम् ! ◆◆

शब्दार्थ प्रकाशन
चावेल,गणेशस्थान, काठमाडौं फोनः ०१-४४९७३५१, ९८४१४९६१०३
१३५ उपनिषत्सङ्ग्रह
www.nepalipublisher.com
विधाकेन्द्रित साहित्यिक पत्रिका
वैजयन्ती